नीअप्र प्रकाशन सङ्ख्या १२२

# विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू

अनुसन्धान प्रतिवेदन

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
काठमाडौं, नेपाल

# विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू

## अनुसन्धान प्रतिवेदन


प्रा.डा. लेखनाथ शर्मा
डा. दीपक कुमार खड्का
गोपाल आचार्य
लक्ष्मण प्रसाद भट्टराई
डा. मोहन कुमार शर्मा



नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
काठमाडौं, नेपाल

नीअप्र अनुसन्धान प्रतिवेदन सङ्ख्याः ०३७

ISBN: 978-9905-9949-3-5 (Print)
ISBN: 978-9905-9949-4-2 (Electronic)

यस प्रकाशनमा अभिव्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले नीति अनुसन्धान प्रतिष्ठानका विचार र दृष्टिकोणको प्रतिनिधित्व गर्छन् नै भन्ने छैन ।

सर्वाधिकार © नीति अनुसन्धान प्रतिष्ठान, २०८३
यस प्रतिवेदनको कुनै पनि अंश नीति अनुसन्धान प्रतिष्ठानको लिखित स्वीकृतिविना व्यापारिक प्रयोजनका लागि पुनरूत्पादन, पुनःप्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्तै कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन ।

उद्धरणका लागि : शर्मा, लेखनाथ; खड्का, दीपक कुमार; आचार्य, गोपाल; भट्टराई, लक्ष्मण प्रसाद र शर्मा मोहन कुमार। (२०८३)। विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू। नीति अनुसन्धान प्रतिष्ठान ।

लेआउट : सुविन उलक
प्रकाशन मिति : असार २०८३
प्रकाशन प्रति : ५००

नीति अनुसन्धान प्रतिष्ठान
नारायणहिटी, काठमाडौं, नेपाल
इमेलः info@pri.gov.np
वेबः www.pri.gov.np
फोनः +९७७-१-४५३०५१७/४५३४९७९

# प्राक्कथन

नेपाल सरकारबाट नीति अनुसन्धान प्रतिष्ठानलाई सम्वत् २०८२ फागुन २१ गतेका लागि तय गरिएको आम निर्वाचनमा विदेशमा रहेका बालिग नेपाली नागरिकहरू र स्वदेशमा सम्बन्धित निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपालीहरूका लागि मतदानको अधिकार तथा अवसर प्रदान गरी मतदानमा सहभागी गराउने सम्बन्धमा अध्ययन गरी सिफारिस उपलब्ध गराउन निर्देशन भए अनुसार छोटो समयमा द्रुत माध्यमबाट अध्ययन सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको हो । सम्वत् २०८२ माघमै नेपाल सरकारलाई उपलब्ध गराइएको असम्पादित मस्यौदा प्रतिवेदनलाई आवश्यक सम्पादनपश्चात् प्रस्तुत प्रतिवेदन मुद्रण गरिएको हो ।

नागरिकका लागि निर्वाचनमा सहभागी भई देशको शासन व्यवस्था सञ्चालनमा आफ्नो प्रतिनिधि चुन्न पाउनु संविधान प्रदत्त राजनीतिक अधिकार हो र यसलाई मानव अधिकारकै हाराहारीमा राखिएको छ । नेपालको सन्दर्भमा ठुलो सङ्ख्यामा नेपालीहरू अध्ययन र कामको सिलसिलामा विदेशमा छन् । उनीहरूले विदेशमा सिकेका ज्ञान, प्रविधि, सीपहरूको हस्तान्तरण र उपयोगमा पनि योगदान गरिरहेका छन् । नेपालको संविधानले सबै बालिग नागरिकहरूका लागि मतदानको अधिकार प्रदान गरेको भए तापनि कानुनी रिक्तताका कारण विदेशमा बस्ने नेपालीहरूलाई विदेशबाटै मतदानको अधिकार प्रदान गर्न नसकिएको सन्दर्भमा उक्त अधिकारको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट नेपाल सरकारलाई निर्देशनात्मक आदेश समेत जारी भइसकेको अवस्था छ । स्वदेशमा पनि मतदाता नामावली दर्ता भएको मतदान क्षेत्रभन्दा बाहिर भएका नेपालीलाई उनीहरूको अस्थायी बसोबास रहेकै स्थानबाट मतदानमा सहभागी गराउने अवस्था अझै बन्न सकेको छैन । उनीहरूको मतदान अधिकार र अवसर सुनिश्चित गर्नका लागि अवलम्बन गर्नुपर्ने कानुनी, प्राविधिक र व्यवस्थापकीय सुधारको सम्बन्धमा नेपाल सरकारलाई सुझाव प्रदान गर्नु यस अध्ययनको मूल उद्देश्य हो ।

नेपालको संविधान, सम्बद्ध ऐन-नियम र निर्देशिकाहरूसहित निर्वाचनसम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय अनुसन्धान र अभ्यासहरूको अध्ययन तथा समीक्षासहित विभिन्न सरोकारवालाहरूसँगको सामूहिक छलफल र अन्तरक्रियाहरूबाट आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरी तिनको विश्लेषणबाट छोटो अवधिमा यस अध्ययनलाई पूरा गरिएको भएबाट यसलाई एक सघन र विश्लेषणात्मक अनुसन्धान भन्दा पनि द्रुत अध्ययनको रूपमा ग्रहण गर्नु उपयुक्त हुन्छ । यस अध्ययन प्रतिवेदनले बाह्य मतदानसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरू र बाह्य मतदानका विभिन्न विधिहरूको तुलनात्मक विश्लेषण गर्दै नेपालको वर्तमान निर्वाचन पूर्वाधारका अवस्थाहरूको समेत विश्लेषण गरेर विदेशमा वस्ने नेपालीहरूका लागि मतदानको व्यवस्था गर्न तथा नेपालमा पनि अन्तर्निर्वाचन क्षेत्रमा बस्ने नागरिकहरूका लागि उनीहरूको वर्तमान बसोबास स्थानबाट नै मतदान व्यवस्था गर्नका लागि अपनाउन सकिने मतदान विधिहरूसहित त्यसका लागि गर्नुपर्ने व्यवस्थापनका सम्बन्धमा नीतिगत सिफारिसहरू उपलब्ध गराएको छ । यो एक द्रुत अध्ययन भएकाले यसका सीमाहरू छन् नै; यद्दपि यसले नीति निर्माता तथा अध्येताहरूका लागि नेपालको निर्वाचन प्रणालीमा सुधारका सम्बन्धमा बाह्य मतदान विधिको आवश्यक ज्ञान तथा सुधारका लागि सुझावहरू प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा बाह्य मतदान मार्फत् सबैका लागि मतदानको अधिकार प्रदान गर्न मतदाताको अवस्था र आवश्यकता अनुसार प्रत्यक्ष उपस्थितिमा गरिने मतदान, हुलाकबाट गरिने मतदान, आई-भोटिङजस्ता विभिन्न विधिहरू मिश्रित बहुमोडेलको प्रयोग गर्न सिफारिस गरिएको छ । सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ताको अधिक विकास भइरहेको हालको सन्दर्भमा डिजिटल मतदानलाई प्राथमिकतामा राखी आवश्यक संरचनाहरू तयार गर्ने तथा भएका संरचनाहरूको उपयोग गर्दै नेपालभित्र र नेपालबाहिर रहने नेपालीहरूका लागि मतदानको अधिकार र अवसर प्रदान गर्न डिजिटल प्रणाली निर्माणका आधारहरूसहितको सिफारिस गरिएको छ । यद्यपि, मतदान विधिको प्रभावकारीता निरन्तर अध्ययन र सुधारका माध्ययमबाट समृद्ध हुने विषय भएकाले यसमा सिफारिस गरिएका मोडेलहरूको अभ्यास गर्दा देखिने जोखिम र फाइदा दुवैको विश्लेषणसहित सफल अभ्यासका लागि गर्नुपर्ने समग्र व्यवस्थापकीय तयारीका बारेमा पनि प्रतिवेदनले सुझाव दिएको छ । यस अर्थमा निर्वाचन व्यवस्थापनसँग सम्बन्धित सबैका लागि यो प्रकाशन एक सन्दर्भ सामग्रीको रूपमा समेत प्रयोग हुनेमा नीति अनुसन्धान प्रतिष्ठान विश्वस्त छ ।

लक्ष्मण प्रसाद भट्टराई
कार्यालय प्रबन्धक
२०८३ असार

# कृतज्ञता

बाह्य मतदानजस्तो महत्त्वपूर्ण र सम्वेदनशील नीतिगत विषयमा अनुसन्धान गरी सिफारिससहितको प्रतिवेदन उपलब्ध गराउने अवसर नीति अनुसन्धान प्रतिष्ठानलाई प्रदान गरिदिनुभएकोमा सर्वप्रथम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै, यस अनुसन्धानका क्रममा उपलब्ध अन्तर-निकायगत समन्वय र सहजीकरण तथा अध्ययनको मस्यौदा प्रतिवेदनमा सुधारका लागि प्राप्त पृष्ठपोषणका लागि सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्की र नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्याल, सम्माननीय प्रधानमन्त्रीका सल्लाहकारहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवसहितका उच्चपदस्थ अधिकारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

अध्ययनका क्रममा नीतिगत पृष्ठपोषणसहित राय-सुझाव प्रदान गर्नुका साथै अनुसन्धानका लागि आवश्यक सूचनाको उपलब्धतामा सहजीकरण गरिदिनुभएकोमा निर्वाचन आयोग नेपाल र विशेष गरी कार्यवाहक प्रमुख निर्वाचन आयुक्त मा. रामप्रसाद भण्डारी, आयुक्तहरू मा. सगुन शमशेर जबरा र मा.डा. जानकी कुमारी तुलाधर तथा आयोगका सचिवसहित उच्च पदस्थ अधिकारीहरू धन्यवादका प्रमुख पात्रहरू हुनुहुन्छ । यसैगरी, अध्ययनका लागि आवश्यक सूचना तथा जानकारीको उपलब्धता र नीतिगत परामर्शका लागि मा. गृहमन्त्री श्री ओमप्रकाश अर्याल र गृह मन्त्रालयका सचिवसहित उच्चपदस्थ अधिकारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । परराष्ट्र मन्त्रालयका सचिवसहितका उच्च अधिकारीहरू, हुलाक सेवा विभागका महानिर्देशकसहित कर्मचारी परिवार, गोस्वारा हुलाक कार्यालय र कन्सुलर सेवा विभागबाट प्राप्त सहयोग, सहजीकरण तथा सूचनाहरूका लागि हामी उत्तिकै अनुग्रहित छौं ।

अध्ययनका सन्दर्भमा धारणामा आधारित प्राथमिक तथ्याङ्क सङ्कलनका सिलसिलामा आयोजित सार्वजनिक नीति संवाद कार्यक्रममा सहभागी भई सूचना तथा जानकारी सङ्कलनमा महत्त्वपूर्ण योगदान गरिदिनुहुने सम्बन्धित विषयक्षेत्रका विज्ञ तथा सरोकारवाला सम्पूर्ण महानुभावहरूसहित सर्वेक्षणमा सहभागी सबै राजनीतिक दलहरूमा सधन्यवाद आभार व्यक्त गर्दछौं ।

प्रतिष्ठानको प्रकाशन पुनरावलोकन तथा सिफारिस समितिमा रही मस्यौदा प्रतिवेदनको समालोचनात्मक समीक्षा गरेर थप सुधारका लागि पृष्ठपोषण प्रदान गर्नुहुने समितिका संयोजक डा. हरि शर्मा न्यौपाने र सदस्यहरू डा. मुक्तिराम रिजाल, दिपेन्द्र प्रसाद पन्त, रीजा मानन्धर र प्राञ्जल रिजालप्रति हार्दिक आभार व्यक्त गर्दछौं । उहाँहरूको योगदानले प्रतिवेदनको गुणस्तर अभिवृद्धिमा उल्लेखनीय योगदान गरेको अनुभूति भएको छ । अध्ययनको मस्यौदा प्रतिवेदनउपर टिप्पणी तथा सुझाव उपलब्ध गराउनु हुने नेपाली एकडेमिक्स ईन अमेरिकाका र वेलायतस्थित सोसाइटी अफ नेप्लिज प्रोफेशनल्स्-यूकेका व्यक्तित्वहरूलाई उहाँहरूको योगदानको प्रशंसासहित धन्यवाद व्यक्त गर्दछौं ।

यसैगरी, प्रतिवेदनको भाषा सम्पादनका लागि प्रतिष्ठानका सहअनुसन्धानकर्ता दिपेन्द्र प्रसाद पन्त र विश्लेषक सोनिया बस्यालप्रति आभारी छौं । प्रतिवेदनको लेआउटका लागि ग्राफिक डिजाइनर सुविन उलकलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# विषय सूची


**प्राक्कथन** i

**कृतज्ञता** iii

**कार्यकारी सारांश** xi

**परिच्छेद १**

**परिचय** **१**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ अध्ययनको औचित्य २

१.३ अध्ययनको उद्देश्य ८

१.४ अध्ययन विधि ९

१.५ अध्ययनका सीमाहरू ९

**परिच्छेद २**

**नीतिगत व्यवस्थाहरू** **११**

२.१ संवैधानिक व्यवस्था ११

२.२ कानुनी व्यवस्था १२

२.३ विगतका प्रयासहरू १६

२.४ अन्तर्राष्ट्रिय कानुनका मुख्य व्यवस्थाहरू १७

**परिच्छेद ३**

**बाह्यमतदानसम्बन्धी अभ्यासहरू** **१९**

३.१ मतदाताको भौतिक उपस्थितिमा गरिने प्रत्यक्ष मतदान विधि २०

३.२ हुलाक मार्फत गरिने मतदान २३

३.३ प्रतिनिधि वा वारेस मार्फत गरिने मतदान २४

३.४ इन्टरनेटबाट मतदान (आई-भोटिङ) २६

३.५ मिश्रित विधि/बहुविधि ३१

३.६ मतदाता निर्धारण र सूचीकरण ३२

**परिच्छेद ४**

**विश्वका विभिन्न देशहरूले कार्यान्वयन गरेको बाह्य मतदानसम्बन्धी अभ्यासको सिंहावलोकन ३७**

४.१ एसियाली देशहरूको अभ्यास ३८

४.२ अन्य देशहरूमा बाह्य मतदानको अभ्यास ४१

४.३ बाह्य मतदानसम्बन्धी अभ्यासमा मतदाता सहभागिताको अवस्था ४२

४.४ बाह्य निर्वाचन व्यवस्थापनको अन्तर्राष्ट्रिय अभ्यासबाट नेपालका लागि सिकाइहरू ४८

**परिच्छेद ५**

**बाह्य मतदानको विधिगत समीक्षा र नेपालको सन्दर्भ ५३**

५.१ बाह्य मतदानका मुख्य विधिहरूको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू ५३

५.२ बाह्य मतदानको नेपाली सन्दर्भ ५९

५.३ बाह्य मतदानको सन्दर्भमा नेपालको संस्थागत सक्षमता ६३

५.४ नेपालमा आई-भोटिङको परीक्षण ६६

५.५ सरोकारवाला र विज्ञहरूको धारणा तथा सुझावहरू ६६

**परिच्छेद ६**

**अध्ययनको नतिजा, निष्कर्ष र सुझावहरू ७१**

६.१ अध्ययनको नतिजा ७१

६.२ अध्ययनको निष्कर्ष ७४

६.३ अध्ययनका सिफारिसहरू ७६

६.४ थप अध्ययन र बहसका लागि मुख्य विषयहरू ८९

**सन्दर्भग्रन्थ सूची ९१**

**अनुसूचीहरू ९९**

# तालिका सूची

तालिका १: अनलाइन मतदानको सुरक्षाका लागि प्रयोग हुने प्रविधिहरू २८
तालिका २: बाह्य मतदानका लागि मिश्रित र एकल विधि अपनाउने देशहरूको विवरण ३७
तालिका ३: बाह्य मतदान गरिएका निर्वाचनको किसिम (प्रयोजन) र मतदान भएका देशहरू ३८
तालिका ४: भौतिक रूपमा मतदाता स्वयम् उपस्थित भई प्रत्यक्ष मतदान गर्ने विधि ५४
तालिका ५: सूचना प्रविधिको सहयोगमा (समर्थनमा) हुलाक मार्फत मतदान गरिने विधि ५६
तालिका ६: इन्टरनेटमा आधारित मतदान (आई-भोटिङ) ५७
तालिका ७: बाह्य मतदानका लागि संशोधन गर्नुपर्ने मौजुदा ऐन तथा नियमहरू ७७
तालिका ८: अध्ययनका सिफारिसहरूको कार्यान्वयनका लागि प्रस्तावित तात्कालिक कार्ययोजना ८५

# चित्र सूची


चित्र १: बाह्य मतदानमा विभिन्न मतदान विधिहरूको प्रयोग गर्ने देशहरूको सङ्ख्या १९

चित्र २: बाह्य मतदानमा विभिन्न विधिहरू प्रयोग गरेका देशहरूको प्रतिशत २२

चित्र ३: बाह्य मतदानमा मतदाताहरूले सामना गरेका मुख्य समस्याहरू (प्रतिशतमा) ३२

चित्र ४: मतदाताको स्थायी दर्ता, हरेक निर्वाचनका लागि पुनः दर्ता र नवीकरण गर्ने व्यवस्था (कुल ५३ देशहरू) ३४

चित्र ५: बाह्य मतदानका लागि अभ्यास गरिएको नामावली दर्ताको तरिका (सक्रिय नामदर्ता अवलम्बन गरेका ५४ मुलुकहरू) ३५

चित्र ६(क): विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ) ४३

चित्र ६(ख): विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ) ४४

चित्र ६(ग): विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ) ४४

चित्र ७: समग्र मतदानमा विदेशमा बस्नेहरूबाट भएको कुल मतदान ४५

चित्र ८: बाह्य मतदानमा विदेशबाट नाम दर्ता गर्ने र मतदानमा सहभागी हुनेहरूको प्रतिशत ४६

चित्र ९(क): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था ४७

चित्र ९(ख): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था ४७

चित्र ९(ग): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था ४८

# कार्यकारी सारांश

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विदेशमा बस्ने नेपाली नागरिकहरूसहित स्वदेशमा तर आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका मतदाताहरूको मतदान अधिकार सुरक्षित गर्ने उद्देश्यले आवश्यक अध्ययन गरी सुझाव पेस गर्न नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध भएअनुरूप यस विषयमा द्रुत अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको हो। यसै सन्दर्भमा विदेशमा बस्ने नेपाली नागरिक तथा स्वदेशमै आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नागरिकहरूको मतदानको अधिकार सुनिश्चित गर्ने उपायहरू पहिचान गर्ने उद्देश्यका साथ सञ्चालित यस अध्ययनमा नेपालको विद्यमान संवैधानिक प्रावधान, कानुनी व्यवस्था, संस्थागत क्षमता, प्राविधिक सम्भावना र अन्तर्राष्ट्रिय अभ्यासको समीक्षा तथा नेपालका सम्बद्ध सरोकारवाला पक्षहरूसँगको गरिएको छलफल, अन्तरक्रिया तथा संवादका आधारमा निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ।

नेपालको संविधानको धारा ८४ (५) ले १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुनबमोजिम प्रतिनिधि सभाको निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्रदान गरेको छ। यसबाट संविधानले जनताको मताधिकारलाई कुनै निश्चित मतदान केन्द्रमा उपस्थित भएर मात्र मतदान गर्नुपर्ने गरी सीमित नगरेको प्रस्ट देखिन्छ। सर्वोच्च अदालतले समेत नेपालको संविधानलाई व्याख्या गर्दै विदेशमा बस्ने नेपालीहरूका लागि मतदानको व्यवस्था मिलाउन वि.सं. २०७४ चैत ७ गते नेपाल सरकारलाई निर्देशनात्मक आदेश गरिसकेको सन्दर्भमा निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश वा विदेशमा) बस्ने बालिग नेपाली नागरिकहरूलाई उनीहरू बसेकै स्थानबाट आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवार (प्रत्यक्ष) तथा राजनीतिक दल (समानुपातिक) लाई मतदान गर्न संविधानले कुनै पनि बाधा पुऱ्याउने देखिँदैन। तथापि, मौजुदा निर्वाचन कानुनहरूमा निर्वाचन र मताधिकारको प्रयोग सम्बन्धमा रहेका विभिन्न व्यवस्थाहरूमध्ये केही व्यवस्थाहरू नेपालको संविधानको मर्म र भावनाको तुलनामा तथा मुलुकमा विकसित पछिल्लो राजनीतिक परिवेशको दृष्टिमा सङ्कुचित तथा सङ्कीर्ण हुन पुग्दा भने कुल मतदाताको करिब एक चौथाइ बालिग मतदाताहरू निर्वाचनमा मतदानको अधिकारबाट वञ्चित भइरहेका छन्।

सर्वोच्च अदालतबाट आदेश प्राप्त गरेको सात वर्षसम्म पनि विदेशमा बस्ने नेपालीहरूका लागि मतदानको व्यवस्था मिलाउनेतर्फ नेपाल सरकारले कानुन निर्माण तथा संशोधन, संस्थागत समन्वय र आवश्यक प्राविधिक तयारीका कुनै पनि कामहरू अघि बढाएको देखिँदैन। यसका अतिरिक्त विदेशमा रहेका नागरिकले विप्रेषण मार्फत् मुलुकलाई गरेको योगदानलाई कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा २६ प्रतिशतभन्दा बढीको योगदान गरिरहेको देखिए तापनि आफ्नो देशको शासन व्यवस्था सञ्चालनमा राजनीतिक रूपले सहभागिता जनाउन उनीहरूले पाएका छैनन्। त्यसैले, विदेशमा रहेका नेपालीहरूलाई मतदानको अधिकार र अवसर उपलब्ध गराउँदै मुलुकको राजनीतिप्रति अपनत्वबोध गराउन यस्ता नागरिकलाई मतदानको अधिकार तथा अवसर प्रदान गर्नु व्यावहारिक हुन्छ।

नेपालका लागि बाह्य मतदानको विषय केवल एक प्राविधिक र तात्कालिक माग सम्बोधनको विकल्पका रूपमा मात्र नभई यसलाई नेपालको संविधानले प्रत्याभूत गरेको संवैधानिक अधिकार र अन्तर्राष्ट्रिय

मानव अधिकार महासन्धिले सुनिश्चित गरेको मानव अधिकारको रूपमा लिएर नागरिकको राजनीतिक अधिकार कार्यान्वयनका लागि राज्यको उत्तरदायित्वको रूपमा लिनुपर्ने हुन्छ । यस सन्दर्भमा नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूलाई मतदानको अवसर दिने विषय कुनै ठुलो वहसको विषय नभई केवल कानुनी अवरोध र व्यवस्थापकीय प्रबन्धको सवाल मात्र हो । ठुलो सङ्ख्यामा विदेशमा बसेका नेपाली नागरिकहरूलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय मानवअधिकार मानकको पालना र नगारिकस्तरमा रहेको व्यापक अपेक्षालाई नेपाल सरकारले बाह्य मतदानको रूपमा कार्यान्वयन गर्न भने यसलाई तात्कालिक राष्ट्रिय कार्यक्रमको रूपमा ग्रहण गरी अगाडि बढाउनु पर्छ । उल्लिखित परिवेशमा सञ्चालित यस द्रुत अध्ययनमा विश्वका १५१ देशहरूले विदेशमा रहेका आफ्ना नागरिकहरूका लागि मतदानको अवसर प्रदान गर्न बाह्य मतदानका विभिन्न विधिहरू कार्यान्वयनमा ल्याएको देखिएको छ । यसरी विश्वमा प्रयोगमा ल्याइएका मुख्य मतदान विधि (तरिका) हरूमा मतदान केन्द्रमा मतदाता स्वयम् भौतिक रूपमा उपस्थित भई प्रत्यक्ष मतदान गर्ने विधि; हुलाक मार्फत मतपत्र प्राप्त गरेर मतदान गर्ने विधि; वारेस वा प्रतिनिधि मार्फत् मतदान गर्ने विधि; इन्टरनेटको प्रयोगबाट मतदान गर्ने (आई-भोटिङ) विधि तथा उल्लिखितमध्ये केही वा सबै विधिहरू एकापसमा मिसाएर मतदान गरिने मिश्रित (हाइब्रिड) मतदान विधि प्रमुख पर्दछन् ।

बाह्य मतदान पनि आन्तरिक र अन्तरदेशीय गरी दुई प्रकारको हुन्छ । नेपालको सन्दर्भमा कुल मतदाताको एक चौथाइभन्दा बढी मतदाता यसरी निर्वाचन क्षेत्रबाहिर रहेकाले निर्वाचनमा मतदानको अवसरबाट वञ्चित हुने गरेको हुँदा उल्लिखित दुवै किसिमको बाह्य मतदानको व्यवस्था कार्यान्वयनमा ल्याएर नेपाली नागरिकहरूको राजनीतिक अधिकारलाई अवसरको रूपमा सुनिश्चित गर्नुपर्ने देखिन्छ । नेपालमा सम्पन्न पछिल्ला तीन आम निर्वाचनमा भएको मतदाताको घट्दो सहभागिताले (२०७० मा ७८.३४ प्रतिशत, २०७४ मा ६८.६७ प्रतिशत र २०७९ मा ६१.६३ प्रतिशत) बाह्य मतदानको कार्यान्वयनलाई अझ अपरिहार्य बनाएको देखिन्छ । लोकतान्त्रिक व्यवस्थामा मताधिकार नागरिकको अहरणीय राजनीतिक अधिकार हुनुका साथै यो मानव अधिकारको विषयसमेत भएकाले नेपालको संविधानले नागरिकहरूलाई मतदानको अधिकार उपलब्ध गराउन आवश्यक व्यवस्था गरेको देखिन्छ । यद्यपि, विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि उनीहरूको अस्थायी बसोबास रहेकै स्थानबाट मतदानको अवसर उपलब्ध गराउन उपयुक्त कानुनी व्यवस्था नहुँदा एक-चौथाइभन्दा बढी बालिग नेपाली नागरिकहरू आजसम्म निर्वाचनको अवसरबाट वञ्चित भइरहेका छन् । त्यसैले, मौजुदा निर्वाचन कानुनमा संशोधन गरी सूचना प्रविधिको अधिकतम उपयोग गरेर नागरिकहरूको मतदानको अवसरलाई सुनिश्चित गर्नैपर्ने हुन्छ ।

निर्वाचनमा सहभागी भई मतदान गर्नु तथा निर्वाचित हुन पाउनु हरेक नेपालीहरूको संविधान प्रदत्त हक मात्र नभई यो अन्तर्राष्ट्रिय मानव अधिकारको विषयसमेत भएकाले हरेक नागरिकहरूलाई विनाकुनै विभेद यस अधिकारको उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । नेपालमा पेसा-व्यवसाय; सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको नोकरी; अध्ययन-अनुसन्धान; तथा अन्य व्यावसायिक प्रयोजनमा ठुलो सङ्ख्यामा बालिग नेपाली नागरिकहरू आफ्नो/सम्बद्ध निर्वाचन क्षेत्रभन्दा बाहिर रहेको (बसेको) हालको अवस्थामा यस्ता नागरिकहरूलाई उनीहरू रहेको (बसेको) निर्वाचन क्षेत्रबाटै मतदानमा

सहभागी हुन पाउने सम्बन्धमा मौजुदा निर्वाचन कानुनहरूमा कुनै पनि विधि, प्रक्रिया तथा व्यवस्था नभएकाले हालसम्म यसलाई कार्यान्वयन गर्न सकिएको छैन। नेपालको संविधानले विदेशमा रहेकासहित नेपालमै निर्वाचन क्षेत्रबाहिर बसेका नेपाली नागरिकलाई निर्वाचनमा मतदानको अधिकार दिन बन्देज नगरेको तथा त्यसको सुनिश्चितताका लागि सर्वोच्च अदालतको विभिन्न आदेशहरूले यससम्बन्धी संवैधानिक व्यवस्थालाई थप व्याख्या समेत गरिसकेको सन्दर्भमा नेपाल सरकार र निर्वाचन आयोगको प्रतिबद्धता तथा अग्रसरता, आवश्यक पूर्वाधारको विकास र राजनीतिक सहमतिका आधारमा यसलाई तत्काल कार्यान्वयनमा लैजान सकिने देखिन्छ । त्यसैले, हाल यसको कार्यान्वयनमा विभिन्न खालका नीतिगत, प्राविधिक र व्यवस्थापकीय समस्याहरू देखिए तापनि तिनको यथोचित सम्बोधन गरेर यस्ता नागरिकहरूलाई निर्वाचन प्रक्रियामा सहभागी गराउन सकिने भएकाले निर्वाचन क्षेत्रबाहिर (स्वदेश वा विदेशमा) रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नका लागि नेपाल सरकारले तत्काल कानुनी, प्राविधिक र व्यवस्थापकीय तयारी एकसाथ अघि बढाउनुपर्ने हुन्छ ।

यस सन्दर्भमा मतदान केन्द्रमा मतदाता आफै उपस्थित भएर गरिने (प्रत्यक्ष) मतदान विधि नै विश्वमा अधिक प्रयोगमा रहेको तथा दोस्रोमा हुलाक मार्फत मतपत्र प्राप्त गरी मतदान गरेर मतपत्र फिर्ता गर्ने विधि रहेको सन्दर्भमा यी दुवै विधिको प्रयोगमा सबै पक्षको विश्वसनीयता र स्वीकार्यतासमेत रहेको पाइएकाले अनलाइन मतदान (आई-भोटिङ) का लागि आवश्यक सम्पूर्ण नीति-नियम र पूर्वाधारको व्यवस्था गरेर मजवुत आई-भोटिङ प्लेटफर्म तयार गरी क्रमशः कार्यान्वयनमा जानुपर्ने हुन्छ । त्यसैले, तत्कालका लागि (२०८२ फागुनमा हुने निर्वाचनका सन्दर्भमा) बाह्य मतदानका लागि मतदाताको प्रत्यक्ष उपस्थितिमा गरिने मतदान र हुलाक मार्फत् गरिने मतदान विधिलाई प्राथमिकताका साथ प्रयोगमा ल्याएर निकट भविष्यमा (त्यसपछिका निर्वाचनमा) आवश्यक सम्पूर्ण तयारीसहित बाह्य मतदानका लागि अनलाइन प्रणालीको अवलम्बनमा जानु (आई-भोटिङको प्रयोग गर्नु) उपयुक्त हुन्छ ।

नेपालको हकमा लोकतान्त्रिक आम निर्वाचनमा बाह्य मतदानको अभ्यास पहिलो प्रयोगको रूपमा हुने भएकाले (वि.सं. २०१९ र २०२३ को राष्ट्रिय पञ्चायत निर्वाचन तथा वि.सं. २०३७ को जनमत सङ्ग्रहमा यसको अभ्यास भइसकेको हुँदा) नागरिकहरूको मतदानसम्बन्धी अधिकारको सुरक्षित र मर्यादित उपयोगका लागि आवश्यक व्यवस्थाहरूलाई औचित्यपूर्ण तबरले कार्यान्वयन गर्नुपर्ने अवस्था छ । त्यसैले, मौजुदा मिश्रित प्रणालीको निर्वाचनमा मतदानका लागि सम्भाव्य आई-भोटिङ, प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान, कूटनीतिक नियोगसहित तोकिएका मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित भएर गरिने प्रत्यक्ष मतदान वा यी तीनवटै विधिहरूको मिश्रित विधिलाई त्यसको प्रभावकारिता, सार्वजनिक स्वीकारोक्ति, गोपनियता, विश्वसनीयता, पारदर्शिता तथा मतदाताहरूको पहुँच र सहभागिताको सुनिश्चिततासहित निर्वाचनसम्बन्धी आधारभूत मूल्य-मान्यताका आधारमा कार्यान्वयन गर्दै आम मतदाताहरूमा मतदानको अवसर विस्तार गर्नका लागि विदेशमा र स्वदेशमै अन्तर्निर्वाचन क्षेत्रमा रहेका नागरिकको मतदान अधिकारलाई क्रमशः सुरक्षित गर्ने उद्देश्यले पहिलो चरणमा मतदाता धेरै भएका, कूटनीतिक नियोगहरू भएका तथा खुला राजनीतिक व्यवस्था भएका मुलुकहरूसहित नेपालको अन्तर्निर्वाचन क्षेत्रमा अभ्यास गर्दै परिष्कृत गर्न उपयुक्त हुने देखिन्छ । यसरी कार्यान्वयन गर्दा निर्वाचनसम्बन्धी ऐनबाट नै नागरिकहरूको मतदानको संवैधानिक अधिकारको कार्यान्वयनलाई योजनाबद्ध

रूपमा व्यवस्थापन तथा कार्यान्वयनको सुनिश्चितता गरी क्रमशः सबैलाई समावेश गर्दै जाने कानुनी व्यवस्था गरेर हाललाई मतदाताको घनत्व बढी भएको, नेपाली राजदूतावास र कन्सुलर कार्यालयहरू भएको, विदेशी सरकारको स्वीकृति र सहयोग सहजै प्राप्त हुन सक्ने क्षेत्रमा कार्यान्वयनमा ल्याउन सकिन्छ । यसरी कार्यान्वयन गर्दा नागरिक अधिकार हनन भएको र चुनावी प्रक्रिया त्रुटिपूर्ण भएको मानिने जस्ता विषयहरूको सम्बोधन हुने गरी अहिले नै सबै कुरा प्रस्टसँग कानुनमा व्यवस्थित गरी विवादको अवस्था नआउने/नहुने गरी कार्यान्वयनमा लैजानु पर्दछ। नेपालको सन्दर्भमा बाह्य मतदानलाई कार्यान्वयन गर्न उल्लिखितमध्ये मिश्रित विधिमा आधारित प्रणालीले मात्र त्यस्ता सबै नागरिकहरूको अधिकारलाई सुरक्षित गर्न सक्ने तथा निर्वाचनको व्यवस्थापकीय दृष्टिमा पनि सहज हुने देखिन्छ भने बाह्य मतदानको लागि हालको एक दिवसीय मतदान पद्दतिलाई वहुदिवसीय मतदानमा रूपान्तरण गरी कार्यान्वयन गर्नुपर्ने पनि हुन सक्दछ ।

अध्ययनको उल्लिखित निष्कर्षका आधारमा नेपालमा बाह्य मतदानलाई कार्यान्वयनमा ल्याउनका लागि यस अध्ययनले निम्नानुसारका नीति सिफारिसहरू प्रस्तुत गरेको छः

१) बाह्य मतदानका सन्दर्भमा अपनाउन लागिएको मतदान विधि र तरिका सम्बन्धमा नेपाल सरकार र निर्वाचन आयोगको पहलमा मुख्य राजनीतिक दलहरूबिच न्यूनतम राजनीतिक सहमति तथा विधिगत प्रस्टता कायम गरेर मात्र बाह्य मतदानका लागि कानुनको संशोधन र अन्य व्यवस्थापकीय प्रबन्धहरू गर्नुपर्दछ ।

२) नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अधिकार र अवसर उपलब्ध गराउन सर्वप्रथम निम्नानुसारका मौजुदा निर्वाचन कानुनका देहाय अनुसारको दफा तथा नियमहरूमा संशोधन गर्न आवश्यक हुन्छ ।

| संशोधन गर्नुपर्ने ऐन तथा नियमहरू | संशोधन गर्नुपर्ने ऐनका दफाहरू तथा नियमावलीका नियमहरू |
|---|---|
| मतदाता नामावली ऐन, २०७३ | दफा ४, २३ र ३० |
| निर्वाचन आयोग ऐन, २०७३ | दफा ३ र १९ |
| प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ | दफा ८, ३४, ३७, ३८, ३९, ५१ र ६० |
| मतदाता नामावलीसम्वन्धी नियमावली, २०६८ | नियम १० |
| प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ | नियम २०, २१ र २८ |

मतदाता नामावलीलाई स्थायी मतदाता नामावली र अस्थायी मतदाता नामावली गरेर दुई किसिममा वर्गीकरण गरी अस्थायी मतदातासूचीमा सूचीकृत मतदाताहरूलाई मतदानको आवश्यक विधि र प्रक्रिया पूरा गरेर स्थायी मतदातासरह प्रत्यक्ष र समानुपातिक दुवै प्रकारका निर्वाचनमा विनाकुनै विभेद र वर्गीकरण मतदान गर्ने समान अवसर प्रदान गर्नुपर्दछ। मतदातासूचीमा नामदर्ताको लागि मतदाता स्वयम् सक्रिय हुने प्रणालीलाई प्राथमिकता दिई अनलाइन र प्रत्यक्ष उपस्थित भएर दर्ता

गर्ने परम्परागत विधि दुवैलाई अपनाउनका साथै राष्ट्रिय परिचयपत्रको अभिलेखलाई सिधै मतदाता नामावलीसँग आबद्ध गर्ने व्यवस्था गर्नुपर्छ ।

३) अस्थायी मतदाता नामावली सङ्कलनका सन्दर्भमा स्वदेशको हकमा स्थायी मतदाता नामावलीमा मतदाता सूचीकृत भइसकेपछि अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्ने प्रयोजनार्थ अस्थायी मतदातासूचीमा सूचीकृत (स्थानान्तर) हुन तथा विदेशको हकमा सोझै अस्थायी मतदाता नामावलीमा सूचीकृत हुन कम्तीमा एक महिनाको समयावधि उपलब्ध गराई अवसर प्रदान गर्नुपर्दछ । साथै, यस्तो दर्ता प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाउन निर्वाचन आयोगको वेबसाइटमा आधारित अनलाइन प्रणालीलाई अवलम्बन गर्नु उपयुक्त हुन्छ । यस प्रक्रियामा सही मतदाताको पहिचान, प्रमाणीकरण र गोपनियताको संरक्षणका लागि सेलफोन वा इमेल ओटीपी; अनुहारको फेस रिडीङ; जन्ममिति, नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र नम्बर; र सोही नम्बर प्रयोग भएको प्रमाणपत्र वा परिचयपत्रको स्क्यान कपी अपलोड गर्ने गरी चार तहको पहिचान प्रमाणीकरण विधिलाई अवलम्बन गर्नु वाञ्छनीय हुन्छ । यसका अतिरिक्त नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूले हाल अस्थायी बसोबास रहेको जिल्लास्थित जिल्ला निर्वाचन कार्यालयमा भौतिक रूपमै उपस्थित भएर अस्थायी मतदाताको रूपमा नाम दर्ता गर्न सक्ने विकल्पलाई पनि खुला राख्नु पर्दछ ।

४) निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र विश्वसनीयता कायम गर्नका लागि अस्थायी मतदातासूची रूजु र प्रमाणीकरण भई आयोगबाट अन्तिम मतदातासूची सार्वजनिक भएपछि जुन निर्वाचनका लागि यस्तो मतदातासूची तयार भएको हो सो निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुँदासम्म मात्र यस्तो सूचीलाई मान्यता प्रदान गरेर सक्रिय बनाई यस अवधिभर त्यस्ता मतदाताहरूको स्थायी मतदातासूचीलाई डिजिटल माध्यमबाट निष्क्रिय गरिनु पर्दछ । निर्वाचन परिणाम घोषणा भइसकेपछि भने अस्थायी मतदातासूची खारेज गरी निष्क्रिय गरिएको निजहरूको स्थायी मतदातासूचीलाई पुनः सक्रिय अवस्थामा लैजानु पर्दछ ।

५) विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदान गर्ने प्रयोजनार्थ मतादातासूचीमा समावेश गर्दा निजहरूको पहिचान प्रमाणीकरण गर्न मान्य अवधिसहितको राहदानीका अतिरिक्त पूर्ण विवरण र सम्पर्कसुत्र सहितको ठेगाना र उक्त स्थानमा बसेको प्रमाणित गर्ने कुनै एउटा प्रमाण (जस्तैः परिचयपत्र, भिसा, समान खरिद तथा सेवा शुल्क भुक्तानीको बिल, बैंक खाता आदि) समावेश गर्ने व्यवस्था गर्नुपर्छ । यसरी सूचीकृत भएकाहरूलाई निर्वाचनमा सहभागी गराउँदा फोटोसहितको मतदाता नामावली तथा परिचयपत्र उपलब्ध गराउनका लागि राष्ट्रिय परिचयपत्र वा मान्य अवधिसहितको नेपाली राहदानीलाई नै मूल आधार बनाई प्रिरजिस्ट्रेशन गराउनु पर्दछ । यसका अतिरिक्त, विदेशमा बस्ने नेपालीहरूको मतदाता नामावली सङ्कलन गर्दा आयोगको वेबसाइट, नागरिक एप वा यस्तै अन्य कुनै डिजिटल प्लेटफर्मको माध्यमबाट निजहरूको राहदानी वा राष्ट्रिय परिचयपत्रको डेटाबेसलाई एकीकरण गरी बायोमेट्रिक प्रमाणीकरण गर्न सकिने सम्भावनाको पनि उपयोग गर्न सकिन्छ ।

६) नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर रही मतदानका लागि आफ्नो सम्बन्धित क्षेत्रमा जान नसक्ने अस्थायी मतदातासूचीमा सूचीकृत नेपाली नागरिकहरूलाई मतदानका लागि हरेक पालिकाहरूको मुकाममा कम्तीमा पनि एउटा विशिष्टीकृत मतदान केन्द्र (७५३) निर्धारण गरी मतदाताहरूको भौतिक उपस्थितिमै मतदान गराउने व्यवस्था गर्नु पर्दछ । सङ्घीय राजधानीसहित अस्थायी मतदाता सङ्ख्या धेरै हुनसक्ने मुलुकका ठुला सहरहरूमा थप केन्द्र, उपकेन्द्र तथा बुथहरूको व्यवस्था गर्न पनि सकिन्छ । यस्तो मतदान केन्द्रमा अस्थायी मतदाताहरूका लागि समानुपातिक र प्रत्यक्ष दुवै प्रणालीको निर्वाचनमा मतदानको व्यवस्था गरी फरक-फरक दुईवटा मतपेटिकामा मतपत्र सुरक्षित गरेर प्रत्यक्षतर्फ निज मतदाताको स्थायी निर्वाचन क्षेत्रको उम्मेदवारलाई तथा समानुपातिकतर्फ निजले रोजेको राजनीतिक दललाई मतदान गर्ने अवसर उपलब्ध गराउनु पर्दछ । यसरी सम्पन्न भएको मतदानको मतगणना कार्य पनि मतदान सम्पन्न भएको सम्बन्धित जिल्लामा अलग्गै गणना गरेर त्यसको मतपरिणाम मात्र आयोग मार्फत् सम्बन्धित जिल्लाको सम्बद्ध निर्वाचन क्षेत्रमा पठाउने नीतिगत व्यवस्था गर्नुपर्छ । यस प्रक्रियामा व्यवस्थापकीय समस्या बढ्ने र निर्वाचनको परिणाम घोषणामा केही बढी समय लाग्ने समस्या हुने भए तापनि मुलुकभित्रै तर अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर उपलब्ध गराउन यो सबैभन्दा व्यावहारिक र उपयुक्त विकल्प (आई-भोटिङ बाहेकको) हो ।

७) निर्वाचन प्रक्रियामा सहभागी (खटिएका) सुरक्षाकर्मीहरू (निर्वाचन प्रहरीसमेत), निजामती कर्मचारी, शिक्षकसहितका सबै कर्मचारीहरूलाई आफू खटिएकै निर्वाचन केन्द्र/बुथबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको मतदान प्रक्रियामा सहभागी गराउने गत निर्वाचनको अभ्यासलाई परिष्कृत, सरल र सहज बनाउन ऐनमै (मतदाता नियमावली ऐन, २०७३ को दफा ३०) व्यवस्थित गरी मतदानका लागि तोकिएका कागजातहरूका अतिरिक्त निजहरूको पेसागत परिचयपत्रका आधारमा समेत मतदानमा सहभागी हुन पाउने लचिलो व्यवस्था गरेर त्यसलाई स्थायित्व प्रदान गर्नुपर्दछ ।

८) निर्वाचनमा सूचना प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान (IT assisted/supported postal voting) विधिलाई प्रयोग गरेर विदेशमा बसेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्न सकिने देखिन्छ । वि.सं. २०८२ फागुनको निर्वाचनको सन्दर्भमा यस सुझावलाई अध्ययनले पहिलो नीति विकल्पको रूपमा सिफारिस गरेको छ । यद्यपि, नेपालको तत्कालीन सन्दर्भमा यसका नीतिगत, व्यवस्थापकीय, आर्थिक, प्राविधिक तथा सुरक्षा संवेदनशीलतासम्बद्ध सीमितता, समस्या र चुनौतीहरू धेरै रहेको देखिन्छ । त्यसैले, समानुपातिक निर्वाचन प्रणालीमा अस्थायी मतदानको अभ्यासबाट सुरु गरी त्यसबाट प्राप्त अनुभव तथा सिकाइसमेतका आधारमा यसमा सुधारका लागि नेपाली मौलिकतामा थप अध्ययन गरेर मात्र यस सिफारिसलाई पूर्ण स्वरूपमा (प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचनमा) लागु गर्नु वाञ्छनीय हुन्छ । किनकि, नेपालले अपनाएको निर्वाचन प्रणाली नै मिश्रित प्रणाली भएकाले एउटा विधिलाई कार्यान्वयन गरेर अर्कोलाई बन्देज गर्न नीतिगत रूपले मिल्दैन । यसका लागि अग्रिम मतदानको व्यवस्था गर्नुपर्ने भएकाले वि.सं. २०८२ फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको हकमा कम्तीमा पनि ३० दिनको समयावधि राखेर निर्वाचन हुने मिति (दिन) भन्दा कम्तीमा १५ दिनअघि हुलाकबाट सम्बन्धित मतदाताको ठेगानामा मतपत्र पठाउने व्यवस्था गर्नुपर्छ । साथै, उक्त मतपत्र निर्वाचन आयोगमा

प्राप्त हुनका लागि निर्वाचनपछि थप १५ दिनको समयावधि प्रदान गर्नु उपयुक्त हुन्छ । भविष्यमा हुने निर्वाचनका सन्दर्भमा भने निर्वाचन तालिकालाई व्यवस्थित गर्दा निर्वाचन हुने दिनभित्रै हुलाकबाट मतपत्र प्राप्त हुने गरी समय व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । यसरी हुने मतदानमा नेपालबाट मतपत्र पठाउँदा हवाईपत्र वा द्रुत डाँकको रूपमा मतपत्र र एउटा अतिरिक्त खाम पठाउने, हुलाक टिकट नचाहिने तथा मतपत्र आदानप्रदान गर्दा लाग्ने दोहोरो हुलाक खर्च नेपाल सरकारले व्यहोर्ने नीतिगत व्यवस्था गर्नु पर्दछ । यो सबैभन्दा मितव्ययी र प्रभावकारी तरिका हो । यसको विकल्पमा मतपत्र पठाँउदा लाग्ने खर्च नेपाल सरकारले व्यहोरेर मतपत्र फिर्ता गर्दा लाग्ने खर्चलाई अन्तर्राष्ट्रिय हुलाक संघसँगको कूटनीतिक पहलमा सम्बन्धित देशको हुलाकले खर्च व्यहोरी मतपत्र भएको पार्सल नेपाल पठाइदिने र त्यसबापतको खर्च नेपाल सरकारले अन्तर्राष्ट्रिय हुलाक सङ्घ मार्फत पछि शोधभर्ना गर्ने व्यवस्था गर्न पनि सकिन्छ । यसरी हुलाकबाट मतपत्र पठाउँदा लाग्ने खर्च नेपाल सरकारले व्यहोरी विदेशबाट उक्त मतपत्र नेपाल (निर्वाचन आयोग) मा पठाउँदा लाग्ने खर्च प्रेषक (मतदाता) स्वयम्ले व्यहोर्ने व्यवस्था गर्न पनि सकिन्छ तर, हुलाक खर्च मतदाताले व्यहोर्ने व्यवस्थामा खर्च र व्यवस्थापकीय प्रबन्धका कारण मतपत्र फिर्ता नआउने जोखिम बढी हुन्छ ।

९) सूचना प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदानमा अनलाइन पद्दतिबाट मतदातासूचीमा मतदाता दर्ता हुने, मतदाताको ठेगानामा मतदान सामग्रीको पूर्ण पार्सल हुलाक मार्फत् पठाउने र मतदानको प्रक्रियालाई रेकर्ड हुने गरी तयार गरिएको अनलाइन एप्लिकेसनबाट मतदाताले मतपत्रमा तोकिएबमोजिम छाप (चिन्ह) लगाई हुलाकबाटै मतपत्र फिर्ता हुने व्यवस्था गर्नुपर्दछ ।

१०) निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बस्ने लाखौं नेपाली नागरिकहरूको निर्वाचन सहभागिता सुनिश्चित गर्न दीर्घकालमा अनलाइन प्रणाली (आई-भोटिङ) नै सर्वसुलभ, मितव्ययी/किफायती, पहुँचयोग्य, चुस्त, पारदर्शी, सहभागितामूलक, सुरक्षित र प्रभावकारी हुने देखिन्छ । यद्यपि, यसका लागि तयारी गर्न आवश्यक समय, खर्च, मानव संसाधन, प्राविधिक क्षमता आदिका हिसाबले यस सिफारिसलाई २०८२ फागुन २१ गतेको निर्वाचनको सन्दर्भमा दोस्रो प्राथमिकतामा राखी सिफारिस गरिएको छ । यसका लागि प्रविधिका क्षेत्रमा विकास भइरहेका नवीनतम र सुरक्षित साधनहरू (जस्तैः ब्लकचेन टेक्नोलोजी र मल्टिपल फ्याक्टर बायोमेट्रिक प्रमाणीकरणसहितको एन्ड-टु-एन्ड भेरिफायबल (end to end verifiable) मतदान, शून्य-ज्ञान प्रमाण, होमोमोर्फिक कूटलेखन र सार्वजनिक बुलेटिन बोर्ड आदि) को प्रयोगसहित आई-भोटिङको पद्दति सञ्चालन गरेका संसारका स्थापित र अनुभवी आइटी कम्पनीहरूमध्येबाट खुला प्रतिस्पर्धाका आधारमा उपयुक्त कम्पनी छनोट गरेर अनुभवी र स्थापित विदेशी कम्पनीको प्लेटफर्मलाई नेपालको आधिकारिक सर्भरबाट सञ्चालन गरी निर्वाचन कार्य व्यवस्थित गर्नु बढी प्रभावकारी हुने देखिन्छ । ठूलो सङ्ख्याको डायस्पोरा भोटिङका लागि नेपालको डाटासेन्टरले मात्र थेग्न नसक्ने हुँदा अन्तर्राष्ट्रिय क्लाउड सर्भर र सुरक्षाका प्रबन्धहरूको सहयोग लिन आवश्यक हुन्छ । तत्कालको लागि अन्तर्राष्ट्रिय क्लाउड सर्भरवेसमा वा हाईब्रिड मोडमा सञ्चालन गर्न पनि सकिन्छ तर यसलाई प्राविधिक टोलीद्वारा वर्तमान क्षमता अध्ययन गरी आवश्यक पर्ने संरचनाको पूर्ण डिजाइनसहित कार्यान्वयनमा लैजानु पर्छ । छोटो समयमा व्यवस्थापनका यस्ता काममा समस्या/जटिलता

पनि हुन सक्ने भएकाले यसको विकल्पमा नेपालले आफ्नै आई-भोटिङ प्रणाली निर्माण गरी क्रियाशील गराउन पनि सक्ने हुँदा विस्तृत कार्ययोजना निर्माण गरेर नेपालस्थित ठुला आइटी कम्पनीहरूमध्येबाट उपयुक्त र सक्षम कम्पनीलाई नेपालमै सर्भर रहने गरी उल्लिखित सबै सुरक्षा प्रबन्धसहितको आई-भोटिङ प्रणाली निर्माणको जिम्मा दिन पनि सकिन्छ। यस कार्यका लागि नेपाली कम्पनीहरू पूर्णतः सक्षम नभएको खण्डमा नेपालका कम्पनीले विदेशका कम्पनीसँग साझेदारी गरी संयुक्त उपक्रममा यस्तो प्लेटफर्म निर्माण गर्न सक्ने कानुनी तथा व्यवस्थापकीय प्रबन्ध गरिनु वाञ्छनीय हुन्छ । साथै, सूचना प्रविधिको व्यवस्थापनमा निर्वाचन आयोगलाई सहयोग गर्न सूचना प्रविधि तथा सञ्चार मन्त्रालय, मन्त्रालय मातहतका अन्य निकायहरू र विश्वविद्यालयहरूसहितको एउटा आईटी कन्सोर्टियम नै बनाएर सहयोग गर्न पनि सकिन्छ। विदेशमा रहेका मतदाताका लागि आई-भोटिङ कार्यान्वयन गर्दा मान्य अवधिसहितको नेपाली राहदानीलाई मतदाता प्रमाणीकरणको मुख्य आधार बनाई मतदानका क्रममा आफू नेपाली नागरिक भएको स्वघोषणा गर्नुपर्ने अनिवार्य व्यवस्था गर्नुका साथै गैरमतदाताले मत हाल्न सक्ने जोखिमको सम्बोधन गर्न सकिन्छ । यद्यपि, निर्वाचन आवधिक रूपमा मात्र हुने भएकाले नियमित कामको तुलनामा यस्तो प्रणाली निर्माण खर्चिलो हुन पुग्ने तथा नेपालको डिजिटल साक्षरताको अवस्थाले यस्तो भोटिङको कार्यान्वयन अवस्था निर्धारण गर्ने हुँदा यसलाई अलग्गै नराखी नेपालको डिजिटल ईकोसिस्टममा नै यसलाई समावेश गरेर तयारीको योजना गर्नु उपयुक्त हुन्छ ।

११) निर्वाचन आयोग र परराष्ट्र मन्त्रालयको आपसी समन्वयमा विदेशस्थित केही नेपाली राजदूतावास र कूटनीतिक नियोगहरूमा मतदाता सङ्ख्याको आधारमा आवश्यकता अनुसार मतदान केन्द्र, उपकेन्द्र र बुथहरूको व्यवस्था गरी विदेशमा बस्ने नेपाली नागरिकहरू/मतदाताहरूको प्रत्यक्ष (भौतिक) उपस्थितिमा कूटनीतिक नियोगमा निर्वाचन गराएर त्यस्ता नेपालीहरूलाई मतदानको अवसर उपलब्ध गराउने व्यवस्था तत्कालै गर्न सकिने (तेस्रो विकल्प) देखिन्छ । यद्यपि, निर्वाचनको व्यवस्थापकीय प्रबन्ध, निर्वाचन सुरक्षा र नेपाली कूटनीतिक नियोगहरूको कमजोर संस्थागत तथा मानव संसाधन क्षमताका हिसाबले यो सबैभन्दा न्यून प्राथमिकताको सिफारिस हो। विदेशमा बस्ने नेपाली नागरिकहरूको सङ्ख्या, उक्त देशको राजनीतिक तथा धार्मिक व्यवस्था (स्वतन्त्रता), भौगोलिक आकार, दूतावासको क्षमता आदिका कारण यस विधिमा सबै मतदातालाई समेट्न नसकिने हुँदा यो विभेदकारी र कम प्रभावकारी विधिको रूपमा रहन्छ। मतदानमा यस विधिलाई अपनाउने हो भने सर्वप्रथम विदेशमा बस्ने नेपाली नागरिकहरूलाई मतदातासूचीमा दर्ता र सोको प्रमाणीकरण गर्न कम्तीमा एक महिनाको समयावधि उपलब्ध गराई आयोगको वेबसाइटमा आधारित अनलाइन प्रणाली मार्फत् सूचीकरण प्रक्रियालाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । साथै, त्यसपछि यसका लागि सम्भावित मुलुकहरू पहिचान गरेर कूटनीतिक समन्वय, आपसी समझदारी, सुरक्षा व्यवस्था र अन्य आर्थिक तथा व्यवस्थापकीय प्रबन्ध र मानव संसाधन व्यवस्थापन गरेर कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

१२) हालसम्मको सफल अन्तर्राष्ट्रिय अभ्यास तथा अनुभवको सिकाइबाट विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउन नेपाल सरकारको निर्णयानुसार माथि उल्लेख गरिएका कुनै निश्चित तथा आवश्यकतानुसार सबै (हाइब्रिड) विधिको प्रयोग गर्न

सकिने देखिन्छ। यद्यपि, हाल नेपालमा एकदिवसीय मतदानको अभ्यास मात्र प्रचलनमा रहेकाले यसका लागि मौजुदा कानुनी प्रावधानलाई संशोधन गरेर बाह्य मतदानलाई वहुदिवसीय बनाई सञ्चालन तथा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गर्नु पर्दछ।

१३) विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउन माथि प्रस्तावित जुनसुकै विधि/तरिकाको प्रयोग गरिए पनि नेपालको डायास्पोरा ठुलो तथा धेरै देशहरूमा विस्तारित भएको र यो कार्य नेपालको हकमा नवीन अभ्यास भएकाले कार्यान्वयनका क्रममा धेरै समस्याहरू पक्कै पनि आउँछन्। त्यसैले, यस्ता समस्याहरूसँग जुधेर यस कार्यमा सफलता हासिल गर्नका लागि निर्वाचन आयोगको हालको संस्थागत क्षमता पर्याप्त हुने देखिँदैन। यस अवस्थाको सम्बोधनका लागि उपयुक्त सङ्ख्यामा निर्वाचन र सूचना प्रविधिका विज्ञहरूसमेत रहेको समर्पित प्रकृतिको एउटा "बाह्य मतदान महाशाखा" नै स्थापना गरी क्रियाशील बनाउनु पर्दछ। साथै, माथि प्रस्ताव गरिएका कानुनको संशोधनबाट मात्र बाह्य मतदानको नीतिगत व्यवस्थापन पूर्ण नहुने भएकाले निर्वाचन आयोगले आवश्यक निर्देशिका तथा कार्यविधिहरू निर्माण गरी बाह्य मतदानलाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ। यसका लागि फरक खालको निर्वाचन आचारसंहिता पनि आवश्यक पर्दछ भने प्रस्तावित बाह्य मतदान महाशाखाबाट सम्पादित हुने कामलाई आवश्यक मार्गदर्शन गर्न विज्ञहरूसहितको उच्चस्तरीय बाह्य मतदान निर्देशक समिति र बाह्य मतदान अनुगमन तथा परीक्षण समितिको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

१४) बाह्य मतदानका लागि हुलाक मार्फत् मतदाताहरूलाई पूर्वमुद्रित कागजी मतपत्रहरू पठाउनु एउटा सहज छनोट भए तापनि नेपालको सन्दर्भमा हाल द्रुत डाँकसेवा (एक्सप्रेस मेल सर्भिस) २७ देशहरूमा र पुलिन्दा सेवा (पार्सल सर्भिस) थप १० देशहरूमा गरी कुल ३७ देशहरूमा मात्र नेपाल हुलाकको चुस्त सेवा उपलब्ध रहेकाले मुलुकबाहिरको मतपत्रलाई हुलाक सेवा मार्फत् आदान-प्रदान गर्नका लागि त्यति सहज देखिँदैन। त्यसैले, हुलाक सेवाको क्षमता विकास र सञ्जालीकरण मार्फत् यस समस्याको समाधानका लागि सर्वप्रथम विश्वका अधिकांश गन्तव्यहरूमा नेपाल हुलाकको सेवा विस्तार गर्न टर्किस एयरलाइन्स (१३१ देशका ३५२ गन्तव्य), एयर अरेबिया (५० देशका २०६ गन्तव्य), कतार एयरलाइन्स (९० देशका १७० गन्तव्य) र फ्लाई दुबई (५८ देशका १३६ गन्तव्य) जस्ता व्यापक हवाई पहुँच र सञ्जाल भएका एयरलाइन्सहरूसँग तत्काल सम्झौता गरी सेवा विस्तार गर्नुपर्ने हुन्छ। नेपाल हुलाकको सेवा नपुगेका केही देशहरूमा निजी विमान सेवासँग सिधै सम्झौता गरेर वा निजी कुरियर कम्पनी मार्फत् यसलाई कार्यान्वयन गर्न सकिन्छ। नेपाल सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणबिचको समन्वयबाट सम्पादन हुने यस कामका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विशेष पहल गर्नुपर्छ। यसका अतिरिक्त मतपत्र आदानप्रदानका लागि गोश्वारा हुलाक कार्यालय, हुलाक सेवा विभाग र निर्वाचन आयोगबिच पनि त्रिपक्षीय सम्झौता हुन आवश्यक हुन्छ। साथै, कूटनीतिक पहलबाट विश्व हुलाक सङ्घ (Universal Postal Union-UPU) सँग कुरा गर्न सक्दा सङ्घले सदस्य राष्ट्रहरूसँग अनुरोध गरिदिएको अवस्थामा मतपत्र आदान-प्रदानमा लाग्ने समयलाई छोटो बनाउन पनि सकिन्छ। यसका अतिरिक्त कामलाई छिटो-छरितो र प्रभावकारी बनाउन नेपाल सरकारले विदेशस्थित नेपाली कूटनीतिक नियोग, मतदाता बसेको सम्बन्धित मुलुकको सरकार, मतदाताले

काम गर्ने सम्बन्धित कम्पनी, गैरआवासीय नेपाली सङ्घ, सम्बन्धित देशको हुलाक सेवा, विश्व हुलाक सङ्घ, एसिया-प्यासिफिक हुलाक सङ्घ आदिसँग समन्वय, पहल र अनुरोध गर्नुपर्दछ ।

१५) सम्वत् २०८२ फागुन २१ गतेका लागि निर्धारित निर्वाचनमा अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि मतदानको व्यवस्था गर्न विविध कारणले नसकिने अवस्था सिर्जना भएमा निर्वाचन हुने दिनसहित त्यसको अघि र पछि गरी कम्तीमा पनि तीन दिन सार्वजनिक बिदा दिँदा सोको उपयोग गरी सरकारी तथा सार्वजनिक निकायमा काम गर्ने कर्मचारीहरू र गैरसरकारी तथा निजी क्षेत्रमा काम गर्ने सबैखाले कामदारहरूसहित आम नागरिकहरू आफ्नो नाम दर्ता रहेकै निर्वाचन क्षेत्रमा निर्धारित मतदान केन्द्र/बुथमा पुगी मतदान प्रक्रियामा सहभागी हुन सक्ने/पाउने अवस्था बन्ने देखिएकाले मन्त्रिपरिषद्को निर्णय मार्फत आवश्यक नीतिगत प्रबन्ध गरी निर्वाचन प्रयोजनार्थ कम्तीमा तीन दिन सार्वजनिक बिदा दिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

अध्ययनका मुख्य सुझावहरूलाई एकैपटक कार्यान्वयनमा लैजान व्यवस्थापकीय, प्राविधिक तथा आर्थिक दृष्टिले समस्या हुनसक्ने अवस्थालाई मध्यनजर गरी चरणबद्ध कार्यान्वयनका लागि देहाय अनुसार प्राथमिकीकरण गरी कार्यान्वयन गरिनु उपयुक्त हुन्छः

**पहिलो चरण**

१) मौजुदा निर्वाचन कानुनहरूमा आवश्यक संशोधन गर्ने ।

२) निर्वाचन आयोगको वेबसाइटको क्षमता वृद्धि गरी मतदाताहरूको अस्थायी सूचीकरणका लागि फिचर थप गर्ने र त्यसलाई क्रियाशील बनाउने ।

३) अस्थायी मतदाता नामावलीमा सूचीकरणका लागि सार्वजनिक आह्वान गर्ने ।

**दोस्रो चरण**

१) नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि पालिकास्तरमा विशिष्टीकृत मतदान केन्द्रको व्यवस्था गरेर मतदाताको भौतिक उपस्थितिमा मतदान गर्ने गरी प्रत्यक्ष मतदानको तयारी गर्ने ।

२) विदेशमा बस्ने नेपाली नागरिकहरूका लागि मतदानको विधि निर्धारण (पहिलो प्राथमिकतामा सूचना-प्रविधिको सहयोगमा हुलाक मार्फत् गरिने मतदान, दोस्रोमा आई-भोटिङ, तेस्रोमा परम्परागत हुलाक पद्धतिको प्रयोग गरी गरिने मतदान र चौथोमा विदेशस्थित कूटनीतिक नियोगहरूमा मतदाताहरूको प्रत्यक्ष उपस्थितिमा गरिने प्रत्यक्ष मतदान) गरी त्यसको कार्यान्वयनका लागि आवश्यक सबैखाले तयारी गर्ने ।

३) आई-भोटिङका लागि स्थापित प्लेटफर्म खरिद गरी स्थानीयकरण गर्ने वा नेपालमा आफ्नै आई-भोटिङ प्लेटफर्म तयार गरेर परीक्षण, परिष्कृत तथा अद्यावधिक गरी तयारी अवस्थामा राख्ने ।

**तेस्रो चरण**

१) मतदान, मतपत्रको सुरक्षित ढुवानी, मतगणना र मत परिणामको सार्वजनीकरण गर्ने ।

२) बाह्य मतदान प्रविधिको आन्तरिक र स्वतन्त्र समीक्षा तथा परीक्षण (अडिट) गर्ने ।

# परिच्छेद १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जनताले आफ्नो राजनीतिक अधिकार प्रयोग गरेर मुलुकको शासन सञ्चालनका लागि मतदान मार्फत आफ्ना प्रतिनिधिहरू चयन गर्ने लोकतान्त्रिक प्रक्रिया नै निर्वाचन हो। निर्वाचन लोकतन्त्रको मूल आधार भएकाले यसले नागरिकलाई सरकार निर्माण गर्ने, नीतिहरूमा प्रभाव पार्ने र शासनमा जबाफदेहिता सुनिश्चित गर्ने अवसर प्रदान गर्दछ। त्यसैले, निर्वाचनको मुख्य उद्देश्य जनताको राजनीतिक सहभागिता सुनिश्चित गर्नु, शासनलाई वैधानिकता र वैधता प्रदान गर्नु, उत्तरदायी र जबाफदेही सरकार निर्माण गर्नु तथा समाजमा शान्तिपूर्ण सत्तान्तरण सुनिश्चित गर्नु नै हो। लोकतान्त्रिक पद्धतिमा विभिन्न राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारहरूबिच निर्वाचनमा प्रतिस्पर्धा हुने तथा प्रत्येक योग्य नागरिकलाई मत दिन पाउने अधिकार हुने हुँदा नागरिकको चाहना वा रोजाइ मतदान मार्फत अभिव्यक्त हुन्छ भने बढी मत पाउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित भई जनताको प्रतिनिधि बन्ने हुँदा निर्वाचन निष्पक्ष र स्वतन्त्र हुन अत्यन्तै आवश्यक हुन्छ। यस अर्थमा मताधिकार, प्रतिस्पर्धा, स्वतन्त्रता, निष्पक्षता र प्रतिनिधित्व निर्वाचनका मुख्य विशेषताहरू हुन्।

मानिसहरूको वैश्विक स्थानान्तरण र संसारमा अहिले देखिएको डिजिटल रूपान्तरणले उनीहरूका लागि राजनीतिक सहभागिता राष्ट्रिय सीमाभित्र मात्र सीमित नगरी विस्तार गर्न सकिने धारणाहरू बढ्न थालेका छन्। यसको अर्थ नागरिक चाहे मुलुकभित्रै तर सम्बन्धित निर्वाचन क्षेत्रभन्दा बाहिर होस् वा विदेशमा किन नहोस् उसको राजनीतिक सहभागिताको अधिकार सुनिश्चित हुनुपर्छ। दूरस्थल मतदान, बाह्य मतदान, विदेशमा बसेर गरिने मतदान वा डायस्पोरा मतदानजस्ता विभिन्न नाममा विश्वका विभिन्न देशहरूले आफ्ना नागरिकहरूलाई मुलुकको निर्वाचनमा (निर्वाचन क्षेत्र वा देशबाहिर रहेर पनि) सहभागी गराउँदै आएका प्रशस्त उदाहरणहरू छन्। यसरी प्रदान गरिएको अवसरलाई कतिपय परिवेशमा राजनैतिक प्रयोजन र कतिपयमा प्रजातान्त्रिक अभ्यास अन्तर्गत जनतालाई राजनैतिक अधिकार प्रदान गरेको रूपमा बुझिन्छ। त्यसैले, विश्वका धेरै देशहरूले जनताको राजनीतिक अधिकारलाई मानव अधिकारकै रूपमा स्वीकार गरेर मुलुकबाहिर रहेका नागरिकहरूलाई समेत उनीहरूको मताधिकार मार्फत राज्य व्यवस्थामा सहभागिता सुनिश्चित गरेको देखिन्छ।

नेपालमा शासन व्यवस्थाको सञ्चालनका लागि जनप्रतिनिधि चयन गर्ने पहिलो अभ्यास सन् १९४७ मा राणाकालमा सुरु भएको देखिए तापनि पहिलो आम निर्वाचन भने सन् १९५९ मा भएको थियो (Joshi & Rose, 1966)। वास्तवमा निर्वाचनले प्राथमिकता पाएको प्रजातन्त्रको स्थापना भएपछि (२००७ सालपछि) नै हो (Ghimire et al., 2024)। नेपालको संविधान, २०४७ ले संवैधानिक रूपमै निर्वाचन

आयोगको स्थापना गरेपछि भने व्यवस्थित र समर्पित संरचना मार्फत मतदान प्रणालीको सुरुआत भएको नेपालको निर्वाचन इतिहासले देखाउँछ । हाल नेपालको संविधानको धारा २४५, २४६ र २४७ मा निर्वाचन आयोगसम्बन्धी व्यवस्था गरिएको छ, जस अनुसार आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र चार जनासम्म निर्वाचन आयुक्तहरू रहन्छन् । धारा २४६ मा राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने; निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने; राष्ट्रिय महत्त्वको विषयमा जनमत सङग्रह गराउने तथा राजनीतिक दलको दर्ता र व्यवस्थापनको जिम्मेवारी वहन गर्ने विषयमा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । निर्वाचन कार्य व्यवस्थापन र सञ्चालनका लागि निर्वाचन आयोग ऐन, २०७३ क्रियाशील छ भने यसैका आधारमा नियमावली र आवश्यकता अनुसार विभिन्न निर्देशिकाहरू जारी गरी स्वतन्त्र, निष्पक्ष र स्वच्छ रूपमा निर्वाचनहरू सञ्चालन हुँदै आएका छन् । त्यसैले, २०४७ सालपछिको यस अवधिमा निर्वाचन आयोगले समग्र निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको विशिष्ट जिम्मेवारी पाई निर्वाचन व्यवस्थापन निकायको रूपमा कार्य गरिरहेको छ ।

निर्वाचन व्यवस्थापन जटिल र संवेदनशील मानिन्छ । विश्वका धेरै देशहरूमा प्रचलित पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष मतदान) विधि अन्तर्गत मतदानका लागि नेपालमा आवश्यक मतदाता पहिचानका लागि मतदाता परिचयपत्र, मतदाता शिक्षा, निर्वाचन जनशक्ति परिचालन र क्षमता विकास, मतपत्र छपाइ लगायतका मतदान सामग्रीको व्यवस्थापन, खरिद र प्याकेजिङ गरी मतदान केन्द्रहरूमा समयमै पुऱ्याउने, मतदानमा खटिने कर्मचारीको परिचालन, मतदानसम्बन्धी तालिम, निर्वाचन सुरक्षा व्यवस्था, निर्वाचनका लागि सम्बद्ध निकायहरूसँग समन्वय र सहयोग, निर्वाचनसम्बन्धी विवादको निरूपण आदि जस्ता व्यवस्थापकीय विषयहरू महत्त्वपूर्ण हुन्छन् । यसका अतिरिक्त विदेशमा रहेका नेपालीहरू र स्वदेशमा नै निर्वाचन क्षेत्रबाहिर रहेका नेपालीहरूलाई निर्वाचनमा मतदानको अधिकार सुनिश्चित गर्न प्रचलित ऐन, नियम, निर्देशिकामा संशोधन गर्नुका साथै मतदाता सूची निर्धारण र मतदान विधिको नयाँ व्यवस्था गर्नुपर्ने हुन सक्दछ । अहिलेको संवैधानिक व्यवस्थाभित्र रहेर निर्वाचनसम्बन्धी ऐन, नियम र व्यवस्थापन तथा मतदान क्षेत्रको निर्धारण लगायतका विषयमा थप व्यवस्था नगरी बाह्य मतदानलाई सुनिश्चित गर्न नसकिने पनि हुन सक्दछ । त्यसैले, यो अध्ययन नेपालको मौजुदा निर्वाचन सम्बद्ध कानुनी प्रावधान र उपलब्ध भौतिक, मानवीय तथा प्राविधिक पूर्वाधारको अवस्थाको विश्लेषणसहित अन्तर्राष्ट्रिय अभ्यासको अनुभव र सिकाइलाई संश्लेषण गरी आसन्न निर्वाचनमा मौजुदा निर्वाचन प्रणालीको स्तरीकरणसहितको सुधार र बाह्य मतदानसमेत समावेश गरेर निर्वाचन सञ्चालन गर्नका लागि नेपाल सरकार तथा निर्वाचन आयोगलाई कार्यान्वयनमुखी सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउने प्रयोजनमा केन्द्रित छ ।

## १.२ अध्ययनको औचित्य

लोकतन्त्रको मुख्य आधार नै आवधिक निर्वाचन हो । यस अर्थमा निर्वाचनविना लोकतन्त्र जीवन्त र गतिशील रहन सक्दैन । त्यसैले लोकतन्त्रमा निर्वाचन अनिवार्य सर्त हो । सिद्धान्ततः निर्वाचन लोकतन्त्रको

अभ्यासका लागि गरिन्छ, तर व्यवहारतः निर्वाचन भौतिक विकास र राजनीतिक निकासको उपयुक्त माध्यम पनि हो (पोखरेल, २०७४) । यसैले, लोकतान्त्रिक व्यवस्थामा कुनै पनि सरकारको शासन सञ्चालनको मुख्य आधार जनताको इच्छा (जनमत) हुने भएकाले आवधिक रूपमा हुने निर्वाचनमा अभिव्यक्त गोप्य मतदानले यसको म्यान्डेट सरकारलाई उपलब्ध गराउँदछ ।

वैश्विक परिवेशमा हेर्दा मतदान मानव अधिकारको विषय हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) को धारा २१ ले प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधि मार्फत भाग लिने अधिकार प्रदान गरेको छ । यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६६) को धारा २५ ले प्रत्येक नागरिकलाई विनाकुनै भेदभाव तथा प्रतिबन्ध निर्वाचनमा गोप्य मतदानका माध्यमबाट मतदाताको इच्छा अभिव्यक्ति गर्ने सुनिश्चितता प्रदान गर्दै निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकारको व्यवस्था गरेको छ। महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (१९७९) को धारा ९ ले महिलालाई पनि पुरूषसरह निर्वाचनमा भाग लिने समान अधिकार प्रदान गरेको छ। सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६५) को धारा ५ मा पनि सबै व्यक्तिले विनाविभेद राजनीति तथा मतदानमा भाग लिन पाउने व्यवस्था छ । यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (२००६) को धारा २९ ले अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीति तथा मतदानमा भाग लिन पाउने अधिकारको सुनिश्चितता गरेको देखिन्छ। यस्ता अन्तर्राष्ट्रिय व्यवस्थाहरूले निर्वाचन देशको विकास र राजनीतिक निकासको विषय मात्र नभएर यो मानव अधिकारको विषय रहेको कुरालाई पुष्टि गर्दछन् र यस्ता व्यवस्थाहरू जहिले पनि कुनै पनि देशको राष्ट्रिय कानुनहरूभन्दा माथि हुन्छन्।

नेपालको संविधानले १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुन बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार (धारा ८४ (५)) सुनिश्चित गरेको छ। यसको अर्थ कुनै पनि नागरिकले आफूलाई तोकिएको कुनै एक निर्वाचन क्षेत्रका लागि (अन्यत्र दोहोरो नपर्ने गरी) मतदान गर्ने भन्ने हो। यस्तो मतदानमा कस्तो विधिको प्रयोग गर्ने भन्नेबारे संविधान मौन छ, जसलाई कानुनले व्यवस्थित गरेको हुन्छ। यसका अतिरिक्त प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता (धारा १७ (२)) हुने तथा राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने (धारा १८ (३)) कुरालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको देखिन्छ । यसैगरी, मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने (धारा ५१ (ख) (२)) नीति संविधान मार्फत राज्यले लिएको छ भने मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्नु राज्यको दायित्व हुने (धारा ५२) संवैधानिक व्यवस्था नै छ ।

यसैगरी, अध्ययन वा रोजगारीका सन्दर्भमा हुने जनसङ्ख्या स्थानान्तरणका दृष्टिमा नेपाल मानव आवागमनको दर उच्च रहेको मुलुक हो (International Organization for Migration [IOM], 2019) । विशेषगरी अध्ययन र रोजगारीका सिलसिलामा हुने यस्तो अस्थायी बसाइँसराइ मुलुकभित्र

गाउँबाट सहरतर्फ, दुर्गमबाट सुगमतर्फ, हिमाल र पहाडबाट तराईतर्फ तथा सुविधा वञ्चित क्षेत्रबाट सुविधासम्पन्न क्षेत्रमा उच्च गतिले बढ्दो क्रममा रहेको देखिन्छ (National Statistics Office [NSO], 2025b)। यसको अस्थिर प्रकृतिले गर्दा यससम्बन्धी अद्यावधिक तथ्याङ्क कुनै सरकारी निकायहरूसँग उपलब्ध रहेको पाइएन। यद्यपि, पछिल्ला तीनवटा राष्ट्रिय जनगणनाहरूसहित नेपाल सरकारका विभागीय निकायहरूको तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा आन्तरिक बसाइँसराइको अस्थिर प्रवृत्ति भने देख्न सकिन्छ।

नेपालमा राज्यकोषबाट पारिश्रमिक लिने निजामती कर्मचारी, शिक्षक/प्राध्यापक, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, अन्य सरकारी सेवा र सार्वजनिक संस्थानसहित सङ्गठित संस्थाहरूमा कार्यरत कर्मचारीहरूको सङ्ख्या पाँच लाखभन्दा बढी छ, जसमध्ये अधिकांश यस्ता कर्मचारीहरू कामको सिलसिलामा आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर नै हुन्छन्। अत्यावश्यक सेवाका कर्मचारीले निर्वाचनका दिन सार्वजनिक बिदा भए पनि जिम्मेवारी छोडेर आफ्नो स्थायी ठेगानामा मतदान गर्न जान पाउँदैनन्। अध्ययन-अनुसन्धान, पेसा-व्यवसाय, ज्याला-मजदुरी र रोजगारीका सिलसिलामा मुलुकभर अन्तर्निर्वाचन क्षेत्रमा ठुलो सङ्ख्यामा नागरिकहरूको अस्थायी बसोबास रहेको (यस्तो बसोबासको आधिकारिक तथ्याङ्क सरकारी निकायमा अभिलेख हुने नगरेको) सन्दर्भमा विगतका निर्वाचनहरूको अभ्यासलाई हेर्दा सहज अवस्थाका यस्ता धेरै नागरिकहरू मतदानका लागि आफ्नो निर्वाचन क्षेत्रमा जाने गरेको पाइए तापनि विभिन्न कारण र समस्या (जस्तैः कार्य व्यस्तता, कमजोर आर्थिक अवस्था, अशक्तता, अन्य व्यावहारिक समस्याहरू आदि) ले ठुलो सङ्ख्यामा यस्ता नागरिकहरू मतदानको अवसरबाट सधैँ वञ्चित नै हुने गरेका छन्। निर्वाचन सञ्चालन तथा व्यवस्थापनको काममा संलग्न हुने सुरक्षाकर्मी र कर्मचारीहरूको सङ्ख्या पनि ठुलै (करिब चार लाख) हुने गर्दछ ("फागुन २१ को निर्वाचनमा", २०८२)। यसरी हेर्दा मुलुकभित्र अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने ठुलो सङ्ख्यामा बालिग नागरिकहरू मौजुदा कानुन बमोजिम निर्धारित मतदान केन्द्रसँगको पहुँच स्थापित गर्न नसक्दा मतदानको अवसरबाट विमुख हुने गरेको अनुमान लगाउन सकिन्छ।

उच्च शिक्षा आर्जन, पेसा-व्यवसाय र रोजगारीका सन्दर्भमा नेपालबाट हुने बाह्य (अन्तर्राष्ट्रिय) बसाइँसराइको दर पछिल्ला वर्षहरूमा बढिरहेको उपलब्ध तथ्याङ्कहरूले देखाउँछन्। हाल विश्वका कुल १ सय ७८ मुलुकहरूमा नेपाली युवाहरू पुगिसकेको (अधिकारी, २०८२) देखिन्छ। राष्ट्रिय जनगणना (२०७८) को तथ्याङ्कले २१ लाख ९० हजार ५ सय ९२ नेपालीहरू मुलुकबाहिर रहेको र सो सङ्ख्या हाल करिब २४ लाख (NSO, 2025a) पुगेको तथ्याङ्क उजागर गरेको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या विभाग (United Nation Department of Economic and Social Affairs [UNDESA], Population Division, 2024) ले नेपाली आप्रवासीको सङ्ख्या विश्वभर ४७ लाख रहेको जनाएको छ। पछिल्लो पाँच वर्षमा मात्र ३५ लाख १६ हजार ९ सय ६५ नेपालीहरू वैधानिक तबरले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका (वैदेशिक रोजगार विभाग, २०८२) छन् भने पूर्णकालीनसहित मौसमी कामदारका रूपमा भारतमा जाने, भिजिट भिसामा खाडी देशसहित विभिन्न मुलुकमा जाने, दोस्रो बाटोबाट वैदेशिक

रोजगारीमा जाने, विश्वका विभिन्न मुलुकमा गई व्यापार-व्यवसाय गर्ने, उच्च तहको अध्ययनमा जाने तथा विदेशी मुलुकको अस्थायी/स्थायी बसोबासको अनुमति लिएर विदेशमा बसिरहेका नेपालीहरूको एकिन सङ्ख्या उपलब्ध छैन । आ.व. २०८१/८२ मा कुल ८ लाख ३९ हजार २६६ श्रम स्वीकृति जारी हुँदा ५ लाख ५ हजार ९५७ जना (६०.२८ प्रतिशत) पहिलो पटक श्रम स्वीकृति लिनेहरू र बाँकी (३९.७२ प्रतिशत) पुनः श्रम स्वीकृति लिने देखिनुले (वैदेशिक रोजगार विभाग, २०८२) पनि कामको सिलसिलामा विदेश गएका करिब ४० प्रतिशत पुनः जाने प्रवृत्तिलाई देखाउँदछ ।

उल्लिखित सम्पूर्ण अवस्थालाई मनन गर्दा समग्रमा करिब आधा करोडको हाराहारीमा नेपाली नागरिकहरू मुलुकबाहिर रहेको आकलन गर्न सकिन्छ ।

उल्लिखित सन्दर्भ र परिवेशमा, निर्वाचनमा नेपाली जनताको मताधिकार सुनिश्चित गर्न मौजुदा संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय प्रबन्धहरू यति धेरै सबल र अग्रगामी हुँदाहुँदै पनि नेपालको मौजुदा निर्वाचन कानुनले मुलुकमै सम्बन्धित निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका/बसेका नागरिकहरूसहित मुलुकबाहिर रहेका बालिग मतदातालाई उनीहरू रहेकै स्थानबाट मतदानमा सहभागी हुन पाउने अधिकार प्रदान गर्न नसक्दा लाखौंको सङ्ख्यामा नेपाली नागरिकहरू मताधिकार प्रयोगबाट वञ्चित भइरहेका छन् । प्रवासमा रहेका आफ्ना नागरिकहरूको राजनीतिक सहभागिताको महत्त्वलाई स्वीकार गर्दै हाल १ सय ५१ देशहरूमा कुनै न कुनै प्रकारको बाह्य मतदान विधि प्रयोग भइरहेको (International Institute for Democracy and Electoral Assistance [International IDEA], 2023) देखिन्छ । यद्यपि, कार्यान्वयनको सवालमा मतदान स्थलमा व्यक्ति स्वयम् उपस्थित भई मतदान गर्नेदेखि दूरस्थल मतदानका विधिहरू र यिनैको मिश्रित विधि समेतको अभ्यास भएको पाइन्छ । त्यसैले, यो कुनै निश्चित दर्शन र सिद्धान्तमा आधारित हुनेभन्दा पनि देशको विशिष्ट परिस्थितिले निर्धारण गर्ने विषय हो ।

निर्वाचन आयोगको अभिलेख अनुसार नेपालका निर्वाचनहरूमा जनताको सहभागिता निरन्तर घट्दो क्रममा रहेको छ । विगत नौ वर्षमा सम्पन्न तीन वटा राष्ट्रिय निर्वाचनहरूमा भएको मतदान (जनसहभागिता) को अवस्थालाई दृष्टिगत गर्दा यस अवधिमा निर्वाचनमा जनताको सहभागिता १७ प्रतिशत बिन्दुले घटेको (२०७० को दोस्रो संविधान सभाको निर्वाचनमा ७८.३४ प्रतिशत, २०७४ को प्रतिनिधि सभाको निर्वाचनमा ६८.६७ प्रतिशत र २०७९ को प्रतिनिधि सभाको निर्वाचनमा ६१.६३ प्रतिशत) देखिन्छ । नेपाली समाजमा बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइको पछिल्लो प्रवृत्तिलाई समेत दृष्टिगत गर्दा आगामी दिनमा यो दर अझ घटेर ६० प्रतिशतभन्दा तल झर्न सक्ने अनुमान लगाउन सकिन्छ । त्यसैले, निर्वाचनमा जनसहभागिता अभिवृद्धि गर्ने कार्य पछिल्लो समय चुनौतीपूर्ण बन्दै गएको छ ।

नेपालको संविधानले नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गरेको परिप्रेक्ष्यमा सर्वोच्च अदालतको वि.सं. २०७४ चैत ७ गतेको निर्णय नं. १००३९ को परमादेशले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नका लागि आवश्यक कानुनी प्रबन्ध गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा परमादेश जारी गरेको छ । सर्वोच्च अदालतको यस आदेशमा नेपाल सरकारलाई विदेशमा रहेका सबै नेपालीलाई मतदानको अधिकार दिई राजनीतिक

विभेदको अन्त्य गर्न भनिएको छ । अदालतले यसका लागि नेपाली नागरिकता नत्यागेको, विदेशी नागरिकता नलिएको, मतदानका लागि उमेर पुगेको, मतदाता परिचयपत्र भएको तथा विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको जस्ता आधारलाई अघि सार्दै त्यस्ता व्यक्तिहरूलाई दूरस्थल/बाह्य मतदानका लागि योग्य मानी सोही अनुसार व्यवस्था गर्न आदेश दिएको देखिन्छ । यसका साथै, अदालतको आदेशमा विदेशमा रहेका नेपालीहरूका लागि मतदानको विधि तयार गर्न र त्यसको नमुना परीक्षण (पाइलट टेष्ट) गर्न सम्बन्धित गन्तव्य देशहरूसँग कूटनीतिक पहल लिन, विधायिकी प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्न तथा निर्वाचन सम्पन्न गर्न आवश्यक स्रोत, सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनको आवश्यक तयारी गरी मतदान गर्न सक्नेसम्मको अवस्था सुनिश्चित गर्न आवश्यक र उपयुक्त पहल गर्नु गराउनु भन्ने पनि उल्लेख छ । यसका अतिरिक्त हालै मात्र (२०८२ मा) अदालतले त्यस्तो मतदानको अवसर प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको निर्वाचनमा सुनिश्चित गर्न थप आदेशसमेत गरिसकेको सन्दर्भमा विदेशमा बस्ने नेपाली नागरिकहरूलाई मतदानको अवसर उपलब्ध गराउनु संवैधानिक, न्यायिक र लोकतान्त्रिक दृष्टिकोणले आवश्यक र औचित्यपूर्ण हुन्छ ।

विदेशमा रहेका लाखौं नेपालीहरू मुलुकको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेका छन् र उनीहरूबाट प्राप्त विप्रेषणलाई नेपालको कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा यसले २६.६ प्रतिशत हिस्सा ओगट्दै सम्पूर्ण राष्ट्रिय अर्थतन्त्रको सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको देखिन्छ । यद्यपि, विदेशमा रहेर देशको अर्थतन्त्रमा यति ठुलो योगदान गरिरहेका बालिग नेपाली नागरिकहरूलाई मतदानको अवसर मार्फत राजनीतिक निर्णय प्रक्रियामा सहभागी गराउन नसक्नु लोकतन्त्रको मुलभूत सिद्धान्त विपरीत हुन जान्छ । त्यसैले, देशको भविष्य निर्माण र राजनीतिक प्रक्रियामा सबै नागरिकलाई सहभागी गराई राष्ट्रप्रति अपनत्वबोध बढाएर राष्ट्रिय एकता मजबुत बनाउन मताधिकारको सुनिश्चितताले उल्लेखनीय सहयोग पुग्दछ ।

यति हुँदाहुँदै पनि संविधान सभा मार्फत नेपालको संविधान जारी भएको एक दशक बितिसक्दा समेत नेपालभित्रै तर आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका लाखौं नागरिकहरूले मतदान गर्न पाउने कानुनी व्यवस्था गरिएको छैन । अदालती आदेश आएको आठ वर्ष पूरा भएको यस अवधिमा नेपाल सरकारले विदेशमा रहेका नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर दिने सन्दर्भमा पनि न कुनै कानुनी व्यवस्था गरेको देखिन्छ, न त यसको प्रक्रिया, पद्धति, समस्या, चुनौती, जोखिम र तिनको सम्बोधनका तरिका आदि सम्बन्धमा सरकारी तबरबाट कुनै अध्ययन, अनुसन्धान नै गरेको पाइन्छ । नेपाल सरकारको यस कार्यबाट नागरिकहरूको मताधिकारको सम्मान तथा मतदान अधिकारको उपयोगमा गम्भीर नीति अन्तराल खडा हुनुका साथै संवेदनशील र महत्त्वपूर्ण विषयमा ठुलो अनुसन्धान अन्तराल पनि सिर्जना भएको छ ।

माथि प्रस्तुत तथ्याङ्कीय अनुमानले कुल मतदाताको करिब एक चौथाइ सङ्ख्यामा मुलुकबाहिर रहेका सचेत र कर्मशील युवाहरू मतदानजस्तो मानव अधिकार, राजनीतिक अधिकार र संवैधानिक अधिकारको

सदुपयोग गर्न वञ्चित गरिएको अवस्थामा रहेको देखिन्छ (विस्तृत विवरण परिच्छेद पाँचमा संलग्न छ) । यससँगै मुलुकमा आवश्यक मात्रामा रोजगारीको अवसर सिर्जना नहुँदा तथा औद्योगिकीकरण र व्यावसायिक लगानीको उपयुक्त वातावरण नहुँदा जीविकोपार्जनको सिलसिलामा विदेशिनु परेको अर्को अवस्था पनि रहँदा उनीहरू दोहोरो मारमा परेको देखिन्छ । यस अवस्थामा निर्वाचन (मतदान) मा उनीहरूको सहभागिताले उच्चतम् प्रजातान्त्रिक अभ्यासबाट देशको राजनीतिक व्यवस्थामा उन्नत अभ्यास गराउन महत्त्वपूर्ण भूमिका मात्र नखेली देश र समाजप्रति त्यस्ता नागरिकहरूको अपनत्व कायम गराई विकासका थप अवसरहरू पनि प्रदान गर्दछ ।

बाह्य मतदानको परिप्रेक्ष्यमा विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरूलाई नेपालले हालसम्म मतदानको अवसर प्रदान गर्न नसकिरहेको अवस्थामा विश्वका कतिपय मुलुकहरू (जस्तैः इटाली, फ्रान्स, पोर्चुगल, ट्युनिसिया आदि) ले आफ्ना देशका यस्ता नागरिकहरूलाई संवैधानिक प्रतिनिधित्व र राजनीतिक निर्णय प्रक्रियामा नै सहभागी गराइसकेका छन् । इटालीले सन् २००१ मा विदेशमा रहेका नागरिकका लागि संसद्मा वैदेशिक निर्वाचन क्षेत्रसहितको प्रतिनिधित्वको व्यवस्था गरेको थियो । सुरुमा तल्लो सदनमा १२ र माथिल्लो सदनमा ६ गरी जम्मा १८ यस्ता सिटहरू छुट्याइएको सन्दर्भमा सन् २०२० को संविधान संशोधनपछि (इटालीको संविधानको धारा ४८, ५६ र ५७) यो सङ्ख्या घटेर तल्लो सदनमा ८ र माथिल्लो सदनमा ४ गरी कुल १२ सिटमा सीमित भएको छ । इटालियन नागरिक विश्वभर जहाँ भए पनि युरोप, दक्षिण अमेरिका, उत्तर अमेरिका र अफ्रिका-एसिया-ओसियानिया गरी चार भागमा बाँडिएर निर्वाचनमा मतदाता बन्दछन् र आफ्नो निर्वाचन क्षेत्रका लागि प्रतिनिधि चुनेर पठाउने गर्दछन् । सन् २०१० पछि फ्रान्सले पनि विदेशमा बस्ने फ्रान्सेली नागरिकका लागि ११ वटा निर्वाचन क्षेत्र तोकेको छ । ती निर्वाचन क्षेत्रहरूले उत्तर अमेरिका, एसिया-प्रशान्त, अफ्रिका, मध्यपूर्वको क्षेत्रलाई प्रतिनिधित्व गर्छन् र त्यस क्षेत्रका नागरिकहरूले उनीहरूको हित र समस्या संसद्मा प्रस्तुत गर्न मतदान मार्फत आफ्नो प्रतिनिधि संसद्मा नै पठाउँछन् । पोर्चुगलले सन् १९७६ मा संविधान संशोधन गरेर विदेशमा रहेका आफ्ना नागरिकलाई युरोपका लागि दुई र बाँकी विश्वका लागि दुई गरी जम्मा चार सिट छुट्याएको छ । ट्युनिसियाले विदेशमा बस्ने नागरिकका लागि आफ्नो संसद्मा १८ सिट आरक्षित गरेको छ; जसअनुसार विदेशवासी ट्युनिसियाका सांसदहरू युरोप, अमेरिका, अफ्रिका र खाडी क्षेत्रमा बस्ने नागरिकका लागि प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् (खनिया, २०८२) । यस सन्दर्भमा नागरिकहरूको प्रजातान्त्रिक अधिकारको संरक्षणसहित अन्य जे-जस्ता उद्देश्यले विदेशमा रहेका नागरिकलाई यस्ता मुलुकहरूले राजनीतिक अधिकार दिई मुलुकको निर्वाचनमा सहभागिताको अवसर दिएको भए तापनि यसका पछाडि प्रशासनिक जटिलता, सुरक्षा संवेदनशीलता, समावेशीता र व्यवस्थापकीय पक्ष सम्बद्ध विषयहरू भने महत्त्वपूर्ण मानिन्छन् (International IDEA, 2021) । यसलाई सम्बोधन गर्दै अघि बढ्नु नै आजको मुख्य आवश्यकता हो ।

निर्वाचनजस्तो लोकतन्त्रको मुख्य मञ्चमा नागरिकहरूको राजनीतिक उपस्थिति नहुनु अत्यन्तै ठूलो समस्या हो; यद्यपि, मतदानको अधिकार हुनु भनेको प्रतिनिधित्वको अवसर होइन । मुख्य कुरा यस्ता

जनताको आवाज संसद्मा कसले उठाउँछ र निर्णय प्रक्रियामा उनीहरूको हितको पक्षमा कसले बोल्छ भन्ने हो, जसबारे नेपालमा बहस सुरु नै भएको छैन। नेपालको संविधानले बाटो खुला गर्दा र अदालतले त्यसको कार्यान्वयनका लागि परमादेश गरिसक्दा पनि नेपाल भने विदेशमा बस्ने नेपालीलाई मतदानको अवसर दिने कि नदिने र दिने भए कसरी दिने भन्ने बहसमै अझै अल्झिरहेको छ। माथिका चार प्रतिनिधि मुलुकहरूमा जस्तै उनीहरूको प्रतिनिधित्व र राजनीतिक निर्णय प्रक्रियामा सहभागिताका लागि नेपालको संविधानमा नै संशोधन गर्नुपर्ने कुरा त धेरै ठुलो र परको विषय हो।

देशमा २०८२ भदौमा भएको जेन-जी समूहका युवाहरूको आन्दोलनको परिणामस्वरूप मुलुकको निर्वाचित सरकार प्रतिस्थापन भएर नयाँ निर्वाचनको प्रयोजनार्थ नागरिक स्तरको अन्तरिम सरकार गठन भएको थियो। यस सन्दर्भमा, सुशासनका लागि आन्दोलन गरेका जेन-जी युवाहरूको विभिन्न मागहरूमध्ये एउटा चासोको विषय विदेशमा रहेकासहित सबै नेपालीहरूलाई २०८२ फागुनको निर्वाचनमा विनाविभेद मतदानमा सहभागी गराई उनीहरूको राजनीतिक अधिकार सुनिश्चित गर्नु पनि रहेको थियो। यस अवस्थाले पनि नेपालले विदेशमा बस्ने नेपालीहरूलाई र स्वदेशमा पनि आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदान गर्न पाउने अधिकार सुनिश्चित गराउनु अनिवार्य भएको छ। उल्लिखित परिप्रेक्ष्यमै अन्तर्राष्ट्रिय मानवअधिकार मानक, नेपालको संवैधानिक व्यवस्था, अदालती आदेशबाट सिर्जित विशिष्ट कानुनी आधार, मौजुदा कानुनी रिक्तता, ठुलो (कुल मतदाताको करिब एक चौथाइ) सङ्ख्याको प्रवासी जीवन र उनीहरूको लोकतान्त्रिक सहभागिता तथा सामाजिक समावेशिता, विप्रेषण मार्फत मुलुकको अर्थतन्त्रमा उनीहरूले गरेको योगदान (राज्य र नागरिकबिचको प्रतिफल सम्बन्ध) सहित जेन-जी युवाहरूको आन्दोलनको मर्म र भावनालाई सम्मान गर्दै नेपाल सरकारबाट नीति अनुसन्धान प्रतिष्ठानलाई यस विषयमा अनुसन्धान गरी उपयुक्त नीति सिफारिस गर्न अनुरोध भएअनुरूप यो अनुसन्धान कार्य द्रुत तरिकाले सम्पन्न गरिएको हो। यस अध्ययनले नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूसहित विदेशमा रहेका बालिग नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अधिकार र अवसर प्रदान गर्ने विधि तथा त्यसका लागि गर्नुपर्ने कानुनी व्यवस्था सम्बन्धमा नेपाल सरकारलाई नीति सिफारिस गरेकाले नेपालको लोकतान्त्रिक प्रक्रिया, आपसी एकता र सहिष्णुता, सामाजिक समावेशीकरण, विविधताको सम्मान र सार्वभौमिक मतदानको सिद्धान्तलाई यसले बलियो बनाउने अपेक्षा गरिएको छ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूका लागि मतदानको अधिकार र अवसर सुनिश्चित गर्ने सम्बन्धमा सुझाव प्रदान गर्नु रहेको थियो। उल्लिखित उद्देश्य हासिल गर्नका लागि देहाय अनुसारका विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका थिएः

क) विदेशमा बस्नेसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि बसोबास रहेकै स्थानबाट मतदानको अधिकार सुनिश्चित गर्न मौजुदा नीतिगत व्यवस्थाहरूको समीक्षा गर्नु,

ख) बाह्य मतदानको सन्दर्भमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुने निकायहरूको संस्थागत सक्षमताको विश्लेषण गर्नु,

ग) विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउने सम्बन्धमा उपयुक्त बाह्य मतदान विधिको सिफारिससहित त्यसको कार्यान्वयनका लागि मार्गचित्र प्रस्तुत गर्नु ।

## १.४ अध्ययन विधि

प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा सञ्चालन गरिएको थियो र मुख्यतया प्रकाशित अनुसन्धान पत्रहरू, विभिन्न निर्वाचनसम्बन्धी हातेपुस्तिका र विश्वका विभिन्न देशले अभ्यास गरेका मोडेलहरू तथा त्यस्ता मोडेलहरूउपर भएका अध्ययन समीक्षाहरूको प्रयोगबाट आवश्यक तथ्याङ्क र जानकारीहरू लिइएको थियो । अध्ययनमा प्राथमिक र द्वितीयक दुवैखाले तथ्याङ्कको प्रयोग गरिएको भए तापनि यो अध्ययन मुख्य गरी द्वितीयक तथ्याङ्कमा बढी आधारित थियो । प्राथमिक तथ्याङ्क खासगरी गुणात्मक तथ्याङ्क सङ्कलनका लागि सरोकारवाला तथा विज्ञहरूबिच सार्वजनिक नीति संवाद र केन्द्रित समूह छलफल गर्नुका साथै केही मुख्य सूचनादाताहरूसँग सघन अन्तर्वार्ता पनि गरिएको थियो (अनुसूची-३) । अध्ययनका लागि नीति अनुसन्धान प्रतिष्ठानससँग सहकार्यमा रहेका अन्य थिङ्कट्याङ्कहरूसँग पनि यस बारेमा जानकारीहरू माग गरिएको थियो । यसका अतिरिक्त विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेका/बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अधिकार कसरी उपलब्ध गराउन सकिन्छ ? यस प्रक्रियाका समस्या र चुनौतीहरू के-के हुन सक्दछन् ? तथा त्यस्ता समस्याहरूको समाधान र चुनौतीहरूको सामना कसरी गर्न सकिन्छ ? भन्ने विषयमा नेपालका मुख्य राजनीतिक पार्टीहरूसँग (अनुसूची-४) लिखित सुझाव/पृष्ठपोषण पनि माग गरिएको थियो । अध्ययनका लागि आवश्यक द्वितीयक तथ्याङ्क सङ्कलनार्थ नीतिगत दस्तावेजहरूको समीक्षासहित निर्वाचनमा मतदानको वैकल्पिक विधि र बाह्य मतदान सम्बन्धमा प्रकाशित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अनुसन्धानमूलक साहित्यको समीक्षा गरिएको थियो । यसरी सङ्कलित सबै तथ्याङ्कको विश्लेषण व्याख्यात्मक/वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा गरिएको थियो ।

## १.५ अध्ययनका सीमाहरू

यस अध्ययनका सीमाहरू यस प्रकार रहेका छन्:

क) प्रस्तुत अध्ययन वि.सं. २०८२ फागुन २१ गतेका लागि निर्धारित निर्वाचनअघिको परिवेशमा केन्द्रित छ ।

ख) अध्ययनको विषयवस्तुले विदेशमा बस्ने नेपालीहरू र नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूको मतदान अधिकारलाई मात्र समेटेको छ ।

ग) बढी मात्रामा सहायक तथ्याङ्कमा आधारित भएर छोटो समय र द्रुत विधिबाट सञ्चालन गरिएको अनुसन्धान भएकाले समय सीमितताका कारण यस अध्ययनमा सीमित विधिको अवलम्बन तथा सीमित तथ्याङ्कको मात्र प्रयोग र विश्लेषण भएको छ । त्यसैले, यसले बाह्य मतदानका सबै आयाम तथा पक्षहरूलाई नसमेटेको हुन सक्दछ ।

(घ) अध्ययनमा अन्तर्राष्ट्रिय अभ्यासहरूको छलफल गर्दा विदेशमा बस्ने नागरिकलाई मतदान गर्ने व्यवस्था अपनाएका देशहरूको अभ्यासलाई बढी केन्द्रित गरिएको हुँदा बाह्य मतदान अपनाएर छाडेका वा नअपनाएका देशहरूको बारेमा यसमा थप अध्ययन तथा विश्लेषण गरिएको छैन ।

(ङ) विदेशमा बसोबास गर्ने नेपाली नागरिकलाई मतदानको अवसर प्रदान गर्नमा केन्द्रित यस अध्ययनमा त्यस्ता नागरिकहरूलाई अलग्गै निर्वाचन क्षेत्रको रूपमा निर्वाचित भई राजनीतिक निर्णय प्रक्रियामा नै सहभागी गराउने विषयलाई भने यसले समेटेको छैन ।

(च) बाह्य मतदानको राजनीतिक, आर्थिक र प्रणालीगत पक्षको सघन समीक्षा तथा नेपालको सूचना-प्रविधि पूर्वाधार क्षमताको विस्तृत मूल्याङ्कनलाई यस अध्ययनमा समावेश गरिएको छैन ।

(छ) यो अध्ययन कुनै सैद्धान्तिक अवधारणा र निर्वाचनसम्बन्धी नयाँ मोडलको परिकल्पनाका आधारमा भन्दा पनि वर्तमान सन्दर्भमा नेपालको संविधानले प्रदान गरेको मताधिकार र मतदान अवसरको दायराभित्र मात्र सीमित रहेको छ ।

# परिच्छेद २

# नीतिगत व्यवस्थाहरू

## २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ८३ मा मुलुकमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको दुई सदनात्मक सङ्घीय व्यवस्थापिका हुने उल्लेख छ भने धारा ८४ मा प्रतिनिधि सभाको र धारा ८६ मा राष्ट्रिय सभाको गठनसम्बन्धी व्यवस्था छ। यसका अतिरिक्त सङ्घीय संसद्को व्यवस्थापकीय अधिकार नेपालको संविधानको अनुसूची ५, ७ र ९ मा उल्लेख भए बमोजिम (धारा १०९) हुन्छ। संविधानका विभिन्न ३२ धाराहरूमा (धारा ८३-११४) व्यवस्थित व्यवस्थापकीय प्रावधानहरूमध्ये प्रतिनिधि सभाको निर्वाचनमा मतदाताले गर्ने मतदानसम्बन्धी व्यवस्था धारा ८४ (५) ले गरेको छ; जस अनुसार १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुन बमोजिम प्रतिनिधि सभाको निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुन्छ। धारा ८४ (९) ले प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी अन्य विषय सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेको छ। मतदानसम्बन्धी प्रस्तुत संवैधानिक व्यवस्थाबाट जनताको मताधिकारलाई कुनै निश्चित मतदान केन्द्रमा मात्र सीमित नगरिएको प्रस्ट देखिन्छ। त्यसैले, नेपालमै निर्वाचन क्षेत्रभन्दा बाहिर बस्नेसहित विदेशमा बस्ने बालिग नेपाली नागरिकहरूलाई उनीहरू बसेकै स्थानबाट आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवार (प्रत्यक्ष) तथा राजनीतिक दल (समानुपातिक) लाई मतदान गर्न संवैधानिक बन्देज रहेको देखिँदैन। यससम्बन्धी विस्तृत व्यवस्था सङ्घीय कानुनअनुरूप हुने गर्दछ।

यसैगरी, नेपालको संविधानको धारा १७२ (क) मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रता हुने तथा धारा १८१ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। त्यसैगरी धारा ५१ (झ) ५ ले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकार प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने व्यवस्था पनि गरेको छ। धारा २२२(५) मा १८ वर्ष उमेर पूरा भई गाउँपालिकाको मतदाता सूचीमा नाम दर्ता भएका सबै नेपाली नागरिकले तथा धारा २२३(५) मा नगरपालिकाको मतदाता सूचीमा नाम दर्ता भएका सबै नेपालीले मतदान गर्न पाउने व्यवस्था छ। यसरी हेर्दा नेपाली नागरिकले सबै किसिमको निर्वाचनमा मतदान गर्न पाउने अधिकार संविधानले नै व्यवस्था गरेको प्रस्ट देखिन्छ।

सारांशमा, मतदानको अधिकार नै लोकतन्त्रको सुन्दरता भएकाले नेपालजस्तो लोकतान्त्रिक अभ्यास रहेको मुलुकमा मतदानको अधिकारमा कुनै प्रश्न र सङ्कुचन हुन सक्दैन। नेपालको संविधानको प्रस्तावनामा आवधिक निर्वाचन र बालिग मताधिकारप्रति स्पष्ट प्रतिबद्धता जनाइएको र सो प्रयोजनका लागि भाग-२४

का धाराहरूमा निर्वाचन आयोगको व्यवस्था गरिएको सन्दर्भमा धारा ८४-८५, १७६-१७८ र २२२-२२३ मा क्रमशः प्रतिनिधि सभा, प्रदेश सभा र गाउँ सभा सदस्यका लागि बालिग नागरिकले मतदान गर्ने व्यवस्था गरिएको छ । यी संवैधानिक प्रावधानहरूको व्याख्या गर्दै सर्वोच्च अदालतले मिति २०७४ चैत ७ गतेको निर्णय नम्बर १००२९ द्वारा "मतदानको अधिकारमा मतदान गर्न पाउने अवसर पनि अन्तरनिहित रहेको हुन्छ" भन्ने सिद्धान्त प्रतिपादन गरी विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न पाउने व्यवस्था गर्न नेपाल सरकारको नाममा गरेको विस्तृत निर्देशनात्मक आदेशले बाह्य मतदानका लागि संवैधानिक अवरोध नरहेको विषयलाई स्पष्ट गरिसकेको छ ।

## २.२ कानुनी व्यवस्था

नेपालको संविधानमा उल्लिखित संवैधानिक व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा मतदाता नामावली ऐन, २०७३ मा सम्बन्धित निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको व्यक्ति प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि मतदाता हुने (दफा ३ (ख)) व्यवस्था छ । ऐनको यस व्यवस्थाले पनि मुलुकमै निर्वाचन क्षेत्रबाहिर रहेका तथा विदेशमा बस्ने नेपालीहरूको मतदाता हुने योग्यतामा प्रश्न गरेको छैन । यद्यपि, दफा ४ मा भने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा गाउँपालिका वा नगरपालिकाको कुनै एक वडाको नामावली एकैपटक सङ्कलन गर्ने प्रावधान राखिएको छ । साथै, निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनार्थ मतदाता नामावलीमा नाम दर्ता नगरिने पनि व्यवस्था छ । ऐनको यस व्यवस्थाले निर्वाचन क्षेत्रबाहिर (देश वा विदेशमा) रहेका नेपाली नागरिकहरूको नामावली सङ्कलन (मतदाताको रूपमा) गर्न समस्या सिर्जना गर्दछ । तर, मतदातासूचीमा सूचीकृत भइसकेका नागरिकहरूलाई मतदानका लागि भने यस ऐनले प्रतिबन्ध लगाएको छैन ।

ऐनको दफा २३ ले मतदाता परिचयपत्र प्राप्त गरेको मतदाताले मात्र निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरेको देखिन्छ । ऐनको यस व्यवस्थालाई कार्यान्वयन गर्न मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम १० (१) ले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश गर्न मतदाताको नाम तथा अन्य विवरण सङ्कलन गर्नुपर्ने तथा उपनियम (४) ले व्यक्तिको औँठा छाप र फोटो खिची, नाम र अन्य विवरण, औँठाछाप र फोटो कम्प्युटरमा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । मतदाता नामावली त्रुटिरहित हुँदा मतदाताले ढुक्कसँग मतदान गर्न पाउने मात्र नभई निर्वाचन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय पनि हुन्छ । मतदाता नामावलीमा एउटै मतदाताको नाम एकभन्दा बढी स्थानमा रहेको, योग्यता नपुगेको, मृत्यु भइसकेका र बसाइँ सरेका व्यक्तिहरूको नाम पनि समावेश भएको जस्ता त्रुटिहरू देखिएकाले निर्वाचन आयोगले यसमा सुधार गर्न फोटोसहितको नयाँ मतदाता नामावली प्रचलनमा ल्याइसकेको छ । फोटोसहितको विवरणले प्रत्येक मतदाताको वास्तविक पहिचान गर्न सजिलो बनाउने तथा औँलाको छापले मतदाताको पहिचानलाई प्रमाणीकरण गर्ने भएकाले नामावलीमा यसलाई प्रयोग गरिएको हो ।

त्यसैले, यस प्रक्रियामा मतदाताको व्यक्तिगत विवरणका अतिरिक्त विद्युतीय प्रविधिबाट फोटो र औँलाको छाप पनि लिनुपर्ने हुँदा नाम दर्ता गर्न मतदाता स्वयम् भौतिक रूपमा उपस्थित हुनु पर्दछ । हाल उल्लिखित प्रक्रियासहित मतदाता नामावलीमा नाम समावेश नभएका विदेशमा बस्ने नेपालीहरूलाई अस्थायी नाम दर्ताको अवसर प्रदान गर्ने हो भने विदेशस्थित नेपाली कूटनीतिक नियोग मार्फत यसलाई कार्यान्वयन गर्दा पनि त्यो सेवा सबैको पहुँचमा हुन नसक्दा मतदानबाट वञ्चित हुनुपर्ने अवस्था बन्ने बढी सम्भावना रहन्छ । अनलाइन पद्धतिबाट आयोगले नै यस्तो नामावली सङ्कलन गर्ने हो भने पनि त्यसमा फोटो र औँलाको छाप लिने कार्य सम्भव हुने देखिँदैन ।

ऐनको दफा ३० मा अस्थायी मतदाता नामावली तयार गर्ने प्रावधान छ; जसअनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन प्रयोजनका लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गराउन सक्ने देखिन्छ । यद्यपि, यस्तो मतदाता नामावलीमा ऐनको दफा २० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका (क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी; (ख) ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी; (ग) कारागारमा रहेका थुनुवा र कैदी; (घ) निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी; तथा (ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा यस्ता सरकारको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेको व्यक्तिसहित आयोगले तोकेका अन्य व्यक्तिहरूको नाम मात्र समावेश हुन्छ । यदि विदेशमा बस्ने तथा नेपालमै निर्वाचन क्षेत्रबाहिर बस्ने नेपाली नागरिकहरूलाई पनि उनीहरू बसेको स्थानबाटै मतदानमा सहभागी बनाउने हो भने त्यस प्रयोजनका लागि पनि अस्थायी मतदातासूची तयार गर्नुपर्दछ । यस सन्दर्भमा ऐनको यो व्यवस्था बाधक बन्ने देखिन्छ ।

निर्वाचन आयोग ऐन, २०७३ ले मतदाता नामावली तयार वा अद्यावधिक गर्न आयोगले नामदर्ता अधिकारी तोक्न सक्ने (दफा १९) व्यवस्था गरेको छ । यस सन्दर्भमा विदेशमा बस्ने नेपालीहरूको नामावली दर्ता प्रक्रियालाई सहजीकरण गर्न आवश्यकतानुसार विदेशमा रहेका नेपाली दूतावास वा कन्सुलर कार्यालयका अधिकृतलाई पनि नामदर्ता अधिकारी तोक्नुपर्ने हुन सक्ने भए तापनि मौजुदा कानुनले कूटनीतिक नियोगका कर्मचारीलाई यस प्रयोजनमा खटाउने व्यवस्था गरेको छैन ।

यसैगरी, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ मा निर्वाचनको मिति तोक्ने प्रावधान छ; जसअनुसार, नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति तोक्दछ । यसरी मिति तय गर्दा संविधानको धारा ७६ (७) बमोजिम प्रतिनिधिसभा विघटन भएको सन्दर्भमा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन भएको ६ महिनाभित्र निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नुपर्ने व्यवस्था छ । यसैगरी, ऐनको दफा ८ मा निर्वाचन अधिकृतको नियुक्तिसम्बन्धी व्यवस्था छ । यस अनुसार संविधान, ऐन तथा अन्य सङ्घीय कानुनबमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र प्रत्येक निर्वाचन क्षेत्रमा एक जना निर्वाचन अधिकृत नियुक्त गर्दछ । यसरी नियुक्ति गर्दा न्याय परिषद्को परामर्शमा

जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्नु पर्दछ । यस सन्दर्भमा यदि विदेशस्थित नेपाली राजदूतावास वा कन्सुलर कार्यालयमा भौतिक रूपमा उपस्थित भई मतदान गर्नुपर्ने गरी विदेशमा बसेका नेपालीहरूलाई मतदानको अवसर दिइयो भने नेपालबाट उल्लिखित योग्यता पुगेका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई त्यहाँ खटाउन सम्भवप्रायः देखिँदैन । त्यसैले, उल्लिखित प्रावधानले यस पक्षमा कानुनी जटिलता सिर्जना गर्ने अवस्था बन्छ ।

निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्रहरू तोक्दछ (दफा ३४) । यद्यपि, यो व्यवस्था हाल नेपालभित्रका लागि मात्र आकर्षित हुने भएकाले विदेशमा राखिने मतदान केन्द्र तथा उपकेन्द्रहरूबारे नीतिगत अन्तराल कायमै छ । यसैगरी दफा ३८ (१) ले अस्थायी मतदाताको हकमा बाहेक निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सोही गाउँपालिका वा नगरपालिकाको सोही वडाका लागि निजलाई तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउने प्रतिबन्धात्मक व्यवस्था गरेको छ । यससँगै अस्थायी मतदाताले तोकिए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र मतदान गर्न सक्ने (दफा ३८ (३)) व्यवस्था पनि ऐनमा छ । यो व्यवस्था एकातिर ऐनको दफा ३८ (१) को व्यवस्था नेपालको संविधानको व्यवस्था प्रतिकूल देखिन्छ भने अर्कोतिर अस्थायी मतदाताको रूपमा दर्ता हुँदा समानुपातिक निर्वाचनमा मात्र मतदान गर्न पाउने अर्को प्रतिबन्ध कायमै छ । विगतदेखि नै अभ्यासमा आइसकेको यस्तो कानुनी व्यवस्थाले एकातिर निर्वाचन क्षेत्रबाहिर (देश वा विदेशमा) रहेका सीमित नेपालीहरूलाई मात्र समानुपातिक निर्वाचनमा मतदानको अवसर दिएको पाइन्छ भने कुल मतदाताको करिब एक चौथाइ जनसङ्ख्यालाई (प्रत्यक्ष) निर्वाचनमा सहभागी हुनबाट वञ्चित गराएको पनि देखिन्छ । त्यसैले, यो सबैभन्दा ठुलो नीतिगत गतिरोध हो । यसैगरी दफा ३९ ले भौतिक रूपमा सम्बन्धित मतदान केन्द्रमा उपस्थित भई गरिने मतदान प्रक्रियालाई मात्र मान्यता दिएको हुँदा वैकल्पिक विधिहरू अवलम्बनको सम्भावनालाई यसले अवरोध गरिदिएको देखिन्छ । यसका साथै दफा ३९ (३) मा मतपत्रमा तोकिए बमोजिमको छाप वा चिन्ह लगाउनुपर्ने प्रावधानले पनि हुलाक मार्फत गरिने वा इन्टरनेट भोटिङको सम्भावनालाई अप्ठ्यारो बनाएको अवस्था छ । त्यसैले यस्तो अवस्थामा अन्य उपयुक्त चिन्ह वा तरिका सिफारिस गर्न सकिने कानुनी व्यवस्थाको आवश्यकता पर्दछ । यस्तो व्यवस्थाले मात्र अहिलेको कानुन अनुसार मत बदर हुने (दफा ५६ (क), (ख), र ञ को) व्यवस्थालाई निष्क्रिय गरी वैकल्पिक तरिका/चिन्हलाई स्वीकार गर्ने अवस्था बन्छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ कै दफा ६० मा समानुपातिक निर्वाचनको परिणाम घोषणासम्बन्धी व्यवस्था छ । यस अनुसार निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि खसेको मतपत्रको गणना गरी प्रत्येक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको विवरण आयोगले तोके बमोजिमको तालिकामा खुलाई तुरून्त आयोगमा पठाउनु पर्दछ (उपदफा १) । यसले पनि नेपालभित्र र भौतिक उपस्थितिमा गरिने मतदानलाई मात्र सम्बोधन गरेको हुँदा वैकल्पिक

माध्यमका लागि बाटो खुला नगरी निर्वाचन क्षेत्रबाहिरका नागरिकहरूलाई मतदानमा सहभागी गराउन समस्या हुने देखिन्छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २० मा मतदान केन्द्र तोक्ने व्यवस्था छ । नियम अनुसार यसरी मतदान केन्द्र तोक्दा एउटा गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मतदान केन्द्र पर्ने गरी तोक्नुपर्ने (उपनियम २) हुन्छ । साथै, निर्वाचन अधिकृतले तोकिएको मतदान केन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्नुपर्ने (उपनियम ३) तथा यसरी मतदान केन्द्रको सूची प्रकाशन गर्दा कुन कुन गाउँ वा टोलका मतदाताहरूले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो सो कुरा समेत स्पष्ट उल्लेख गर्नुपर्ने (उपनियम ४) प्रावधान नियमावलीमा उल्लेख गरिएको छ । नियमका यी सबै प्रावधानहरू नेपालमा भौतिक रूपमा मतदान केन्द्रमा उपस्थित भएर गरिने मतदानका लागि बनाइएको हुँदा यिनले अन्य वैकल्पिक विधिहरू तथा नेपालबाहिरका मतदाताहरूलाई समेट्दैनन् । यसैगरी, नियम २१ (अस्थायी मतदाताका लागि मतदान केन्द्रसम्बन्धी व्यवस्था) मा आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा मत दिने प्रयोजनका लागि ऐनको दफा ३८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम आवश्यकता अनुसार छुट्टै मतदान केन्द्रको व्यवस्था गर्न सक्ने उल्लेख छ, जुन व्यवस्थाको सीमितता ठुलो छ । ऐनमा गरिने संशोधनअनुरूप यस्ता नियममा पनि आवश्यक संशोधन गरेर मात्र निर्वाचनमा वैकल्पिक विधि, प्रक्रिया तथा प्रणालीको प्रयोग गर्न सकिने भएकाले यस्ता पक्षहरूमा ध्यान केन्द्रित गरिनु पर्दछ ।

निर्वाचन क्षेत्रबाहिर (स्वदेश वा विदेशमा) बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउन प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम २८ (मतपत्र दिने) पनि बाधक रहेको देखिन्छ । मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले आयोगले उपलब्ध गराएको फोटोसहितको मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा भए/नभएको र मतदाता नामावलीमा भएको ब्यहोरासँग मिल्ने/नमिल्ने जाँच गर्नुपर्ने (उपदफा १) व्यवस्थामा अनलाइनबाट नाम दर्ता गर्दा फोटोसहितको मतदाता परिचयपत्र उपलब्ध गराउन नसकिने अवस्थामा दूरस्थलबाट गरिने अनलाइन भोटिङ वा अन्य वैकल्पिक विधिलाई सम्बोधन गर्न वैकल्पिक परिचयपत्रको व्यवस्था गर्नुपर्ने हुन्छ । यसैगरी, मतदान केन्द्रमा उपस्थित नै नभई गरिने मतदानमा मतदान अधिकृतले मतदाता नामावलीमा सङ्केत जनाइसकेपछि मतपत्रको अर्धकट्टीमा मतदाताको सहीछाप गराई मतदातालाई सर्वप्रथम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि प्रयोग हुने मतपत्र दिनुपर्ने (उपनियम ५) व्यवस्था पनि मेल खाँदैन । त्यस्तै, मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि प्रयोग हुने मतपत्र मतपेटिकामा खसालिसकेपछि त्यस्तो मतदातालाई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि प्रयोग हुने मतपत्र दिनुपर्ने (उपनियम ६) व्यवस्था पनि यसमा आकर्षित हुँदैन ।

निर्वाचन मुलुकको शासकीय पद्धति र विकाससँग प्रत्यक्ष जोडिएको विषय भएकाले तथा जनमतमा आधारित हुने भएकाले अत्यन्तै संवेदनशील हुन्छ । नेपालमा तीन तहको सरकारका लागि निर्वाचन हुने र

तीनै जनप्रतिनिधि मार्फत राष्ट्रपति तथा उपराष्ट्रपतिको समेत निर्वाचन हुने भएकाले निर्वाचन प्रणाली विस्तृत र जटिल पनि छ। त्यसैले, समग्र निर्वाचन प्रक्रियाको सञ्चालन तथा व्यवस्थापनका लागि धेरै नीतिगत व्यवस्थाहरू गरिएका छन्। मौजुदा निर्वाचन कानुनका रूपमा १० वटा ऐनहरू, ८ वटा नियमावलीहरू, १६ वटा निर्देशिकाहरू, ७ वटा कार्यविधिहरू, ७ नीति संहिताहरू, ३ आचार संहिताहरूसहित (अनुसूची ५) करिब पाँच दर्जन नीतिगत उपकरणहरू क्रियाशील हुनु यसैको एउटा उदाहरण हो। यद्यपि, कानुनी संहिताहरू धेरै हुँदा कार्यान्वयनका क्रममा व्यावहारिक समस्याहरू पनि धेरै हुने भएकाले एकीकृत कानुन निर्माणतर्फ अग्रसर हुनुपर्ने समय आएको छ।

## २.३ विगतका प्रयासहरू

लामो प्रजातान्त्रिक अभ्यास गरेका विश्वका विभिन्न मुलुकहरूसँग तुलना गर्दा नेपालको संसदीय निर्वाचनको इतिहास धेरै लामो देखिँदैन। वि.सं. २०१५ सालमा भएको संसद्को पहिलो आम निर्वाचनदेखि वि.सं. २०७९ सम्मको ६५ वर्षमा मुलुकमा आठवटा निर्वाचनहरू सम्पन्न भएका छन् (निर्वाचन आयोग नेपाल, २०७३)। यसबिचका ३० वर्ष पञ्चायती व्यवस्था दलविहीन थियो भने २०५६ सालमा भएको संसदीय निर्वाचनपछि देशमा भएको माओवादी आन्दोलन र व्यवस्था परिवर्तनले गर्दा अर्को निर्वाचन २०६४ मा मात्र सम्भव भएको थियो ("संसदीय निर्वाचनको", २०७९)। यसमा पनि वि.सं. २०६४ र २०७० का दुई निर्वाचनहरू संविधान सभाको निर्वाचन भएकाले ती निर्वाचनबाट बनेको संसद्को मुख्य अभिभारा संविधान बनाउनु रहेको भए तापनि यसले व्यवस्थापिका संसद्को भूमिकामा पनि काम गरेको थियो। संविधानसभाबाट वि.सं. २०७२ असोजमा नेपालको संविधान जारी भएपछि सङ्घीय व्यवस्थाअनुरूप २०७४ मा पहिलो र २०७९ मा दोस्रो निर्वाचन सम्पन्न भएका छन्। निर्वाचनको साढे ६ दशक लामो यस अवधिमा विभिन्न आरोह-अवरोहहरू ब्यहोरेको नेपालको निर्वाचन अनुभवको एउटा सानो तर विशिष्ट पाटो बाह्य मतदान पनि हो।

आम निर्वाचनमा खुला स्वरूपको बाह्य मतदानको अभ्यास हालसम्म नभए तापनि निर्वाचनमा बाह्य मतदानसम्बन्धी बहस उठिरहेको वर्तमान सन्दर्भमा नेपालले दशकौंअघि नै दुई प्रकारका विशिष्टीकृत निर्वाचनहरूमा विदेशस्थित मतदाताबाट मतदान स्वीकार गरेको ऐतिहासिक तथ्यले देखाउँदछ। पञ्चायत शासनकालमा राष्ट्रिय पञ्चायतको निर्वाचनमा स्नातक उत्तीर्ण विद्यार्थीहरूका लागि अलग्गै निर्वाचन क्षेत्र तोकी मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक गरेका नेपाली नागरिकहरू मात्र मतदाता हुने गरी मतदान भएको थियो, जुन समूहमा विदेशमा अध्ययन वा बसोबास गरिरहेका नेपाली नागरिकहरू पनि समावेश थिए (निर्वाचन आयोग नेपाल, २०७३)। नेपालले वि.सं. २०१९ (सन् १९६२) देखि नेपालले "स्नातक निर्वाचन क्षेत्र" बाट चार जना सदस्यहरू राष्ट्रिय पञ्चायतका लागि निर्वाचित गर्ने व्यवस्था सुरु गरी मतदाता नामावलीमा नाम समावेश भएका स्नातकहरूलाई मात्र मतदान गर्न अनुमति दिने व्यवस्था गरेको थियो। यसैको निरन्तरतामा वि.सं. २०२३ (सन् १९६७) मा सम्पन्न राष्ट्रिय पञ्चायतको निर्वाचनमा स्नातक निर्वाचन क्षेत्र अन्तर्गत विदेशमा बसोबास गर्ने स्नातक उतीर्ण नेपाली नागरिकहरूलाई नेपाली कूटनीतिक नियोगहरू मार्फत निर्वाचनमा मतदान गर्न अनुमति दिइएको थियो। यसरी मत जाहेर भएको

मतपत्र नेपालमा ल्याई एकमुष्ट रूपमा गणना गरेर निर्वाचन परिणाम घोषणा गरिएको थियो ("विदेशमा समेत", २०८१) ।

बाह्य मतदानको अर्को महत्त्वपूर्ण उदाहरण वि.सं. २०३७ (सन् १९८०) को राष्ट्रिय जनमत सङ्ग्रह हो। वि.सं. २०३७ वैशाख २० गते भएको जनमत सङ्ग्रहमा विदेशस्थित मतदाताहरूका लागि सम्बन्धित देशस्थित नेपाली राजदूतावास र वाणिज्य दूतावासहरूमा मतदान केन्द्र राखिएको थियो । जनमत सङ्ग्रहमा विदेशमा रहेका सरकारी कर्मचारी, सरकारी वा सङ्गठित संस्थाका कर्मचारी र यस्ता व्यक्तिका परिवारका सदस्यहरुले मत दिन पाउने व्यवस्था गरिएको थियो । विदेशमा रहेका यस्ता नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन भने नेपाली कूटनीतिक नियोगमा राहदानी देखाई नाम दर्ता गराउने र सो नहुनेले नेपाली कूटनीतिक नियोगहरूबाट परिचयपत्र बनाउनुपर्ने व्यवस्था थियो (निर्वाचन आयोग, २०६९)। यस निर्वाचनमा विदेशस्थित नेपाली राजदूतावासका कर्मचारी, विदेशमा रहेका सरकारी कर्मचारी तथा नेपाली विद्यार्थीहरूलाई विदेशबाटै मतदान गर्न दिइएको थियो भने यसरी मत खसेका सबै मतपत्र कूटनीतिक हुलाक मार्फत नेपालमा ल्याएर गणना गरिएको थियो। भारतको नयाँ दिल्ली र कोलकातासहित लन्डन, न्यूयोर्क, वासिङ्टन डी.सी., पेरिस लगायत त्यस समयमा नेपालका कूटनीतिक नियोगहरू रहेका अन्य विभिन्न सहरहरूमा भौतिक उपस्थितिमा मतदान गर्ने गरी मतदान केन्द्रहरू स्थापना गरिएको थियो (Adhikari, 2025) । जनमतसङ्ग्रहमा विदेशस्थित मतदाताका लागि राहदानी अनिवार्य गरिएको भए तापनि राहदानी नभएकाहरूले सम्बन्धित कूटनीतिक नियोगबाट परिचयपत्र प्राप्त गरी मतदान गर्न सक्ने व्यवस्था पनि गरिएको थियो ("Nepal moves toward", 2025) । यद्यपि, उल्लिखित दुवै निर्वाचन (स्नातक क्षेत्र र जनमतसङ्ग्रह) र मतदान सानो तथा विशिष्ट प्रकृतिको भएकाले हाल आम निर्वाचनको सन्दर्भमा सामान्यीकरण गर्न भने मिल्दैन। त्यसैले, यहाँ नेपालले गरेको विगतको प्रयासको रूपमा मात्र लिइएको छ।

## २.४ अन्तर्राष्ट्रिय कानुनका मुख्य व्यवस्थाहरू

नेपालको संविधान र मौजुदा कानुनहरूका अतिरिक्त अन्तर्राष्ट्रिय विल अफ राईट्समा पनि नागरिकको राजनैतिक अधिकार सबैका लागि सुरक्षित रहेको र कसैलाई पनि विभेद गरेर छुटाउन नपाइने उल्लेख गरिएको छ । यसले राजनीतिक अधिकारहरू सबै व्यक्तिहरूले उपभोग गर्ने अविच्छिन्न (अप्रतिकार्य) अधिकारहरूको हिस्सा भएको स्थापित गरेको छ। विशेषगरी, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २५ ले अनुचित प्रतिबन्धविना आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकार (UNO, 1966) लाई विशेष रूपमा जोड दिएको देखिन्छ। नेपाल यसको पक्ष राष्ट्र भएकाले यसको परिपालना गर्नु नेपालको कर्तव्य हो। यसैगरी प्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले समेत सबै प्रवासी कामदार र उनका परिवारलाई मातृदेशको सार्वजनिक मामलामा सहभागी हुन, निर्वाचनमा भोट हाल्न र निर्वाचित हुन सम्बन्धित देशको कानुन अनुसार सुनिश्चित गरिनेछ भन्ने व्यवस्था गरेको छ। महासन्धिको धारा ४१

(ICMW; संयुक्त राष्ट्रसंघ, १९९०) ले यस सम्बन्धमा उल्लेख गरेका दुई मुख्य व्यवस्था यस प्रकार रहेका छन्; यद्यपि नेपाल यसको पक्ष राष्ट्र भने होइन ।

(१) प्रवासी कामदारहरू र तिनका परिवारका सदस्यहरूलाई आफ्नै मुलुकका सार्वजनिक मामिलामा सहभागी हुने अधिकार, र त्यही देशको कानुनअनुसार त्यस देशका निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकार हुनेछ ।

(२) सम्बन्धित देशहरूले आवश्यकता अनुसार र आफ्ना कानुनहरू अनुसार यी अधिकारहरूको प्रयोगलाई सहज बनाउने व्यवस्था गर्नुपर्नेछ ।

माथि उल्लिखित नेपालका कानुनी व्यवस्थाहरूले नेपालको संवैधानिक प्रावधान र अन्तर्राष्ट्रिय महासन्धिहरूले गरेको व्यवस्थालाई सम्बोधन गरी मताधिकार र मतदानको अवसर सुनिश्चित गर्न सकेको पाइँदैन । सङ्घीय नेपालको संविधान कार्यान्वयनमा आएको एक दशक पूरा भई दुई वटा संसदीय निर्वाचनसमेत भइसक्दा पनि यो अधिकार सुनिश्चित गर्न सकिएको छैन । त्यसैले, नेपाली जनताको राजनैतिक अधिकारलाई मानव अधिकारकै अंशको रूपमा स्वीकार गरी मताधिकारलाई सम्मानपूर्वक कार्यान्वयनमा लैजान तत्काल सघन कानुनी सुधारका उपायहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद ३

## बाह्यमतदानसम्बन्धी अभ्यासहरू

निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बसोबास गर्ने नागरिकहरूलाई उनीहरूको बसोबास रहेकै स्थानबाट मतदानमा सहभागी गराई जनताको राजनीतिक अधिकारको सुनिश्चित गर्ने पद्धतिलाई साधारणतया बाह्य मतदान भन्ने गरिन्छ । आम निर्वाचनमा गरिने व्यापक पहुँच र सहभागितासहितको बाह्य मतदान नेपालको सन्दर्भमा नवीन अभ्यास भए तापनि (यसअघि भएको सामान्य अभ्यासबारे अघिल्लो खण्डमा चर्चा गरिएको छ) विश्व सन्दर्भमा यो स्थापित भइसकेको अभ्यास हो । हाल विश्वका २ सय १६ देशहरूमध्ये १ सय ५१ (७० प्रतिशत) देशहरूले निर्वाचनमा बाह्य मतदानलाई अभ्यास गरिसकेको देखिन्छ भने यस्तो विधिको प्रयोग नगर्ने देशहरू  ६५ (३० प्रतिशत) मात्र बाँकी छन् (International IDEA, n.d. - c) । निर्वाचनमा यसरी नागरिकहरूलाई सहभागी गराउने विभिन्न विधिहरू छन्, त्यसमध्ये मतदान केन्द्रमा मतदाता भौतिक रूपमा उपस्थित भई गरिने मतदान, हुलाकबाट गरिने मतदान, वारेस/प्रतिनिधि मार्फत गरिने मतदान र इन्टरनेटको प्रयोग गरेर गरिने अनलाइन मतदान प्रमुख विधिहरू हुन् । कतिपय अवस्थामा फ्याक्स र घुम्ती मतपेटिकाको प्रयोगबाट पनि मतदान गर्ने अभ्यास छ, तर यस्तो अभ्यास त्यति लोकप्रिय र सर्वप्रचलित छैन । विश्वमा मतदानका मुख्य विधिहरूलाई प्रयोग गरेका विभिन्न देशहरूको तथ्याङ्कलाई दृष्टिगत गर्दा (चित्र १) दुई वा दुईभन्दा बढी विधिहरूको मिश्रित विधि बढी अभ्यासमा रहेको देखिन्छ, जुन मतदातामैत्री तरिका पनि हो ।

**चित्र १: बाह्य मतदानमा विभिन्न मतदान विधिहरूको प्रयोग गर्ने देशहरूको सङ्ख्या**




*स्रोतः International IDEA (n.d. – c; 2022)*

उल्लिखित तथ्याङ्कलाई दृष्टिगत गर्दा बाह्य मतदानमा अन्य विधिहरूको तुलनामा प्रत्यक्ष मतदान विधि (एकल र मिश्रित दुवैमा) नै बढी प्रयोग भएको देखिन्छ भने अन्य तीनवटै विधिको प्रयोगमा चाहिँ एकल विधिको रूपमा भन्दा पनि मिश्रित विधिको रूपमा यिनको प्रयोग बढी भएको देखिन्छ ।

निर्वाचन क्षेत्रभन्दा बाहिर स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार तथा मतदानको अवसरको सन्दर्भमा छलफल गर्दा सङ्घीय, प्रादेशिक र स्थानीय तीनै तहका निर्वाचनमा यस्ता सम्पूर्ण नेपाली नागरिकको सहभागिता सुनिश्चित गर्न आवश्यक हुन्छ । यसका लागि, निर्वाचनसम्बन्धी ऐनहरू परिमार्जन गरी वा नयाँ निर्माण गरी सम्पूर्ण नागरिकलाई मतदानको अवसर प्रदान गर्नुपर्ने र सबै प्रणाली र तहका निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुन पाउनेसम्बन्धी व्यवस्थाहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । यद्यपि, निश्चित तहका निर्वाचनका लागि निश्चित मतदान विधि (जस्तैः प्रत्यक्ष निर्वाचनका लागि हुलाक मार्फत मतदान वा आई-भोटिङ वा दुवै) निर्धारण गरी त्यसै अनुसार मतदानमा सहभागी हुन दिने व्यवस्था गर्न सकिन्छ । विश्वभर प्रचलित मतदानका विधिहरूमा मतदाता भौतिक रूपमा उपस्थित भई गरिने प्रत्यक्ष मतदान, प्रतिनिधि मार्फत गरिने मतदान, हुलाक मार्फत गरिने मतदान, र आई-भोटिङ नै मुख्य हुन् । त्यसैले, अहिलेको विश्व परिवेश, विज्ञान र प्रविधिको आधुनिक युग सापेक्षताको आधारमा देशभित्र र बाहिर बसोबास गर्ने सम्पूर्ण नेपाली नागरिकको सहभागिता सुनिश्चितताका लागि नेपालमा उल्लिखितमध्ये कुन विधि बढी उपयुक्त र तुलनात्मक रूपमा कम खर्चिलो देखिन्छ भन्ने कुराको छलफल र विश्लेषण हुनु आवश्यक छ ।

## ३.१ मतदाताको भौतिक उपस्थितिमा गरिने प्रत्यक्ष मतदान विधि

विभिन्न देशहरूमा गरिएका मतदानका अभ्यासहरू अनुसार व्यक्तिले तोकिएको मतदान केन्द्रमा गएर गरिने मतदानलाई विश्वसनीय, पारदर्शी र गोप्य मानिन्छ । यस्तो मतदान मतपत्रमा छाप लगाएर वा विद्युतीय मतदान मेसिन (e-voting machine) को प्रयोगबाट गर्न सकिन्छ । विद्युतीय मतदान मेसिनको प्रयोग गर्दा मतदानपछि छिट्टै नतिजा थाहा पाउन सकिन्छ । तर, यसको विश्वसनीयता सुनिश्चित गर्न र मेसिनको खरिद, सञ्चालन र कर्मचारी प्रशिक्षणमा थप मेहनत गर्नुपर्ने हुन्छ । यद्यपि, यस्तो विधिमा सबै मतदातालाई समान पहुँच दिन नसक्ने र व्यवस्थापन खर्चिलो हुने आफ्नै प्रकारका समस्याहरू छन् । विदेशमा मतदान केन्द्रहरू (जस्तैः राजदूतावास वा कन्सुलेटहरूमा) राख्दा सीमित सङ्ख्यामा मात्र हुने तथा मतदान केन्द्र सञ्चालन गर्न शान्ति-सुरक्षा र स्थानको व्यवस्था गर्नुपर्ने हुन्छ । स्थानीय कर्मचारीहरू अपुग भएमा थप कर्मचारी पठाउँदा पारिश्रमिक लगायत अन्य व्यवस्थापकीय खर्चको व्यवस्था गर्नुपर्दछ । यसले राज्यलाई थप आर्थिक भार सिर्जना गर्दछ । साथै, सम्बन्धित देशसँग कूटनीतिक तहमा मतदान सञ्चालनका लागि सम्झौता गर्नुपर्छ र त्यसको पालना गर्नुपर्छ । यसका लागि परराष्ट्र मन्त्रालयको समन्वय जरूरी हुन्छ । यसरी सम्पूर्ण प्रक्रियाको समन्वय र उच्च आर्थिक व्ययभारको सामना गरेर प्रत्यक्ष मतदान विधि अपनाउनु कठिन देखिन्छ ।

मतदाता स्वयम् मतदान केन्द्रमा गई आफूलाई मतदाता प्रमाणित गराई छापिएको मतपत्र वा विद्युतीय मतदान मेसिनको प्रयोगबाट मतदान गर्ने विधि प्रत्यक्ष मतदान हो । यस विधिलाई परम्परागत विधिको रूपमा पनि चिनिन्छ । यस विधिमा मतदाताले मतदानमा खटिएका कर्मचारी र राजनीतिक दलका प्रतिनिधि तथा अनुगमन निरीक्षण समूह र नागरिकहरूको प्रत्यक्ष सुपेरिवेक्षणमा मतदान गर्छन् । यसरी परम्परागत रूपमा गरिने निर्वाचनमा सबैको विश्वास रहेको भएबाट यसलाई सहज र सरल विधिको रूपमा चिनिन्छ । विदेशको सन्दर्भमा पनि विभिन्न निर्वाचन केन्द्रहरूको व्यवस्था गरी उक्त निर्वाचन केन्द्रहरूमा विदेशस्थित नेपाली मतदाताले निर्धारित केन्द्रमा गई मत दिन सक्छन् । अहिलेसम्मको प्रयासलाई हेर्दा सामान्यतया मतदान स्थल विदेशस्थित राजदूतावास र अन्य कन्सुलेट कार्यालयलाई मात्र कायम गरिएको पाइन्छ । तर, आवश्यकता अनुसार अन्य मतदान केन्द्र स्थापना गरेर मतदातालाई मतदानको अवसर बढाउने अभ्यास पनि भएको पाइन्छ । राजदूतावास, कन्सुलर कार्यालय वा अन्य तोकिएका मतदान केन्द्रमा उपस्थित भई मतदान गर्ने यस विधिलाई टर्की, फ्रान्स, अस्ट्रेलिया, युरोपियन युनियनका देशहरूले अभ्यास गरेको देखिन्छ । टर्कीले २०२३ को निर्वाचनमा विश्वका ७३ देशका १५० स्थानहरूमा मतदानकेन्द्र स्थापना गरी मतदान गर्ने व्यवस्था गरेको थियो (Hasan, 2023) ।

विद्युतीय मतदान (electronic-voting), प्रत्यक्ष मतदान विधि अन्तर्गतको एउटा मतदान विधि हो, जसमा मतदाताले विद्युतीय मतदान मेसिनको प्रयोग गरी मतदान गर्दछन् । यसमा व्यक्ति स्वयम् उपस्थित भएर विद्युतीय मतदान मेसिन मार्फत डिजिटल मतपत्रको प्रयोग गरी मेसिनका वटन छोएर वा सङ्केत गरेर आफ्नो मत अभिव्यक्त गर्दछन् । यो मत विद्युतीय मेसिनमा नै संरक्षित हुन्छ, गणना हुन्छ र परिणाम पनि यसले नै दिने गर्दछ । यसरी प्राप्त परिणामलाई विश्वसनीय माध्यमबाट केन्द्रीय निर्वाचन प्रणालीमा जोडिन्छ । यसको इतिहासलाई हेर्दा सर्वप्रथम सन् १८९२ मा अमेरिकामा मेकानिकल लिभर भोटिङ मेसिनको प्रयोग भएको देखिन्छ । विभिन्न साहित्यहरू अनुसार सन् १९६५ तिर मतपत्रमा मत सङ्केत गर्ने र यसलाई अप्टिकल स्क्यान मेसिनबाट स्क्यान गरी गणना गर्ने प्रणाली प्रचलनमा आयो । क्यानडाको म्युनिसिपल निर्वाचनमा अहिले पनि यो प्रणाली प्रयोगमा रहेको छ । अप्टिकल स्क्यान प्रणालीपश्चात् सन् १९७४ मा मतदान, मतको अभिलेख एवम् नतिजा प्रशोधन र सार्वजनिकीकरण एउटै मेसिनबाट गर्न सकिने प्रणालीको विकास भयो । बेल्जियम, ब्राजिल, भारत, भेनेजुयला, नामिबियाले आफ्नो मुलुकका सबै निर्वाचनमा यही विद्युतीय मतदान प्रणाली अपनाइरहेका छन्, जुन अहिले पनि सर्वाधिक लोकप्रिय मानिन्छ । भुटान र नामिबियाले भारतमा निर्मित मेसिन प्रयोग गर्दछन् । भेनेजुयलाले स्मार्टमेटिक कम्पनीबाट उत्पादित मेसिन प्रयोग गरिरहेको छ । संयुक्त राज्य अमेरिका र अन्य मुलुकमा पनि यस प्रणालीको प्रयोग बढिरहेको छ ।

अन्तर्राष्ट्रिय लोकतन्त्र तथा निर्वाचन सहयोग संस्था (International IDEA, 2022) अनुसार, विभिन्न देशहरूमा प्रयोग हुने मतदान विधिहरूमा ७४ प्रतिशतमा व्यक्तिगत उपस्थिति मार्फत मतदान, ५८ प्रतिशमा हुलाक मार्फत मतदान र केवल १० प्रतिशत देशहरूमा मात्र इन्टरनेट मतदानको प्रयोग भएको उल्लेख छ । यसले स्पष्ट सङ्केत गर्दछ कि, प्रत्यक्ष मतदान र हुलाकबाट मतदान विधि सन्

२०२२ सम्ममा अत्यधिक प्रचलनमा रहेका बाह्य मतदान विधि थिए भने इन्टरनेट मतदान, प्रतिनिधि/वारेस मार्फत मतदान र अन्य मतदान विधिहरू कम प्रचलित विधिहरू थिए। तर, सूचना प्रविधिमा भएको नयाँ-नयाँ अन्वेषण - कृत्रिम बुद्धिमत्ता र ब्लकचेनजस्ता अत्याधुनिक प्रविधिको विकासका कारण जुनसुकै स्थानबाट जुनसुकै समयमा सुरक्षित, गोप्य र भरपर्दो रूपमा मतदान गर्न सकिने अवस्था सिर्जना भएको र केही देशहरूले अत्यधिक सफल प्रयोगको नमुना स्थापित गरिसकेको सन्दर्भमा अबको समयमा इन्टरनेट भोटिङ विधि बढी प्रयोगमा आउने अनुमान गर्न सकिन्छ (चित्र २)।

**चित्र २: बाह्य मतदानमा विभिन्न विधिहरू प्रयोग गरेका देशहरूको प्रतिशत (कुल १५१ देश)**




स्रोतः *International IDEA (2023)*

सारांशमा, विदेशस्थित राजदूतावास, कूटनीतिक नियोग र तोकिएका अन्य मतदान केन्द्रमा मतदाता स्वयम् उपस्थित भई परम्परागत कागजी मतपत्र वा विद्युतीय मतदान यन्त्र (Electronic Voting Machine - EVM) बाट मतदान गर्ने विधि प्रत्यक्ष मतदान बाह्य मतदानमा बढी प्रचलनको विधि हो। यस विधिमा स्वदेशमा अभ्यास गरिएको परम्परागत मतदान विधि नै देशबाहिरको मतदान केन्द्रमा सञ्चालन गरिने हुनाले यसलाई बुझ्न सजिलो छ। देशबाहिरका स्थानमा मतदान केन्द्र स्थापना गरी मतदान, मतपत्र सङ्कलन र मतगणना वा पारवहनका लागि आवश्यक विशेष व्यवस्था गर्नु नै यसको तयारी र कार्यान्वयनको मुख्य पक्ष हो। इन्टरनेशनल आइडिया ले राखेको भोटिङ फ्रम अब्रोड डेटाबेस (voting from abroad database) अनुसार संसारका ७४ देशहरूले एकल विधिको रूपमा र ३१ देशहरूले अन्य विधिहरूका साथ मिश्रित विधि (विकल्पहरूसहित) को रूपमा गरी कुल १ सय ५ देशहरूले यस

विधिलाई मतदानमा अपनाएको देखिन्छ । हुलाकबाट गरिने मतदान दोस्रो बढी प्रयोगमा आएको विधि हो भने पछिल्ला वर्षहरूमा आई-भोटिङ (i-voting) को प्रयोग क्रमशः अभ्यासमा आइरहेको देखिन्छ (International IDEA, n.d.-c) । यस सन्दर्भमा संयुक्त अधिराज्य (हुलाक र वारेस), आयरल्यान्ड (हुलाक), न्युजिल्याण्ड (हुलाक र अनलाइन), आइसल्यान्ड (हुलाक) आदिका अभ्यासहरूका आधारमा चित्र ३ मा उल्लिखित तथ्याङ्कलाई समीक्षा गर्दा सबै देशहरूले कुनै न कुनै स्वरूपको मिश्रित विधिको प्रयोग गर्ने गरेको प्रस्ट हुन्छ ।

## ३.२ हुलाक मार्फत गरिने मतदान

मतदानमा यस विधिको प्रयोग गर्दा मतदातालाई हुलाकबाट मतपत्र पठाइन्छ र मतदाताहरूले मत जाहेर गरिसकेपछि पुनः हुलाकबाट नै मतपत्र फिर्ता आई मतगणना हुन्छ । यस विधिलाई केन्द्रमा राखेर नेपालको सन्दर्भलाई हेर्दा, विदेशमा रहेका नेपालीहरूले हुलाक मार्फत आवश्यक प्रक्रिया पूरा गरी मतपत्र प्राप्त गर्छन् र निर्वाचन आयोगले तोके बमोजिमको निश्चित प्रक्रियापश्चात् मतदान गरी उक्त मतपत्र हुलाक मार्फत निर्वाचन आयोगमा आइपुग्दछ । मतगणना कार्य सम्बन्धित देश (स्वदेश) मै हुन्छ र प्राप्त मतलाई समेटेर निर्वाचन परिणाम घोषणा गरिन्छ । यस किसिमको मतदान विधिका लागि हुलाक सेवाको विश्वसनीयता र द्रुतसेवा पहिलो सर्त हो । यस विधिको मतदानमा मतपत्र र मतदानका अन्य विधि, प्रक्रिया, कानुनी जानकारीसहितको एक पार्सल हुलाक मार्फत सम्बन्धित मतदाताको ठेगानामा पठाइन्छ र सम्बन्धित मतदाताले मत सङ्केत गरेपछि मतपत्रलाई यतैबाट पठाइएको खाममा बन्द गरी हुलाकबाट नै सम्बन्धित मतदान क्षेत्रको निर्वाचन कार्यालय वा आयोगमा पठाइन्छ । मत प्राप्त हुनुपर्ने समय निर्वाचनसम्बन्धी कानुन वा निर्देशनमा प्रस्ट उल्लेख गरिएको हुन्छ र समयमा प्राप्त नभएको मतलाई गणनामा समावेश नगरिने विषय पनि कानुनमा नै उल्लेख गरिएको हुन्छ । साथै, मतपत्र विदेश पठाउने, विदेशबाट प्रत्येक हुलाक केन्द्रमा पठाउने र मतदाताको घर-घरमा पठाउने, सङ्कलन गर्ने, र फर्काउनेसम्मको खर्च साधारणतया सरकारले नै ब्यहोर्नु उचित हुने भएकाले यसबारे पनि नीतिगत निर्णय आवश्यक पर्ने देखिन्छ ।

हाल सूचना प्रविधिको प्रयोग गरी हुलाकबाट प्रविधि समर्थित मतदान गर्ने विधि पनि कार्यान्वयनमा छ । यसमा मतदाताको दर्ता र प्रमाणीकरण, मतदानको बेलामा पुनः प्रमाणीकरण र मतदानको जीवन्त प्रक्रिया समेतको रेकर्ड मतदान कार्यालयमा प्राप्त गर्न सकिने र प्रणालीमा प्रयोग हुने साधनलाई केन्द्रीय निर्वाचन कार्यालयले नियन्त्रण, निरीक्षण गर्न सक्ने गरी व्यवस्था गरिएको हुन्छ । अहिलेको प्रविधिजडित हुलाक मतदान परम्परागत हुलाक सेवाको तुलनामा बढी विश्वसनीय छ । मत सङ्केत भएको मतपत्रलाई हुलाक मार्फत सम्बन्धित निर्वाचन क्षेत्रको कार्यालय वा केन्द्रीय निर्वाचन कार्यालयमा पठाइन्छ । यसरी प्राप्त मतलाई प्रविधिको प्रयोग मार्फत प्रमाणीकरण गरी मतगणना गरिन्छ । यस्तो प्रणालीमा मतदाता र सही मतको प्रमाणीकरणका लागि एउटा एप्लिकेसन र एक डिभाइस (साधन) को प्रयोग गरिन्छ, जसमा सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतको मतदान केन्द्रमा मतदान गर्ने मतदाताहरूको मात्र डेटाबेस राखिन्छ र ती मतदाताको प्रमाणीकरणका सबै कामहरू यसै मार्फत गरिन्छ । यसलाई केन्द्रीय निर्वाचन

कार्यालय (निर्वाचन आयोग) ले नियन्त्रण र रेखदेख गर्न सक्छ। बङ्गलादेशले यस विधिलाई प्रयोगमा ल्याई सन् २०२६ को मतदान सञ्चालन गर्दैछ (अनुसूची-५) र त्यसका लागि मतदाता नामावली सङ्कलनको काम भइरहेको छ। बङ्गलादेशले विदेशमा रहेका आफ्ना नागरिकहरूका लागि निर्वाचन प्रयोजनार्थ मतदाताको रूपमा नामदर्ता गर्नका लागि डिजिटल एप प्रयोग गरी स्मार्टफोनबाट गर्न सकिने व्यवस्था गरेको छ र यसलाई सूचना प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान (IT-assisted postal voting) को नाम दिएको छ। मतदाताले मोबाइलमा एप डाउनलोड गरी डिजिटल किसिमले नाम दर्ता र प्रमाणीकरण गर्ने तर हुलाकबाट मतदाताको ठेगानामा क्यूआर कोडसहितको कागजी मतपत्र पठाएर मतदान गरिने भएकाले यसलाई हाइब्रिड (हुलाक-डिजिटल) विधि भन्न सकिन्छ। यो विधि प्रविधिको प्रयोगसहितको आधुनिक विधि र हुलाकको प्रयोगको सहजता भएको विधि हो।

यसरी हुलाक मार्फत गरिने मतदान विशुद्ध रूपमा हुलाकबाट मतपत्र आदान-प्रदान हुने र सूचना प्रविधिको प्रयोगसहित हुलाकबाट मतपत्र आदान-प्रदान हुने गरी दुई प्रकारको हुने गर्दछ। अघिल्लो परम्परागत विधि हो भने पछिल्लो आधुनिक विधि हो। मतदाताको नाम दर्ता हुँदै सम्बन्धित व्यक्तिको पूर्ण ठेगाना र सम्पर्क-सुत्र जानकारी भइसकेको हुने हुँदा यस विधिलाई अपनाउँदा निजको ठेगानामा हुलाकबाट मतपत्र जान्छ र मतदाताले मतदान गरिसकेपछि पुनः हुलाकबाट नै मतपत्र फिर्ता आउँछ। मतपत्र पठाउन, मतदान गर्न र मतपत्र फिर्ता लिन समय लाग्ने भएकाले यस्तो मतदान अग्रिम र बहुदिवसीय हुने गर्दछ। हुलाक मार्फत गरिने मतदानलाई सजिलो भए तापनि अलिक खर्चिलो चाहिँ हुन सक्छ। साथै, मतदातासम्म मतपत्र समयमा पुग्ने, समयमै मतदान सकिने र गणना केन्द्रमा समयमा पुग्ने कुरामा हुलाक सेवामाथि पूर्ण रूपमा भर पर्नुपर्ने हुन्छ। मतपत्र समयमा पुग्न नसक्ने, मतदानमा अरूको प्रभाव पर्न सक्ने र विदेशमा रहेका मतदाताहरूको ठेगाना र नामावली फरक पर्दा सम्बन्धित मतदातासम्म नपुगी फिर्ता हुने यसका सीमाहरूमा पर्दछ। प्रविधिको प्रयोग गरी हुलाक मार्फत गरिने मतदानको विधि अवलम्बन गर्न सकेमा प्रभावकारी, विश्वसनीय र सहज बनाउन सकिन्छ।

International IDEA को तथ्याङ्क अनुसार संसारका २७ देशहरूले एकल विधिको रूपमा र ३१ देशहरूले अन्य विधिहरूका साथ मिश्रित विधि (विकल्पहरूसहित) को रूपमा गरी कुल ५८ देशहरूले मतदानका लागि यस विधिलाई अपनाएको देखिन्छ। हालैका वर्षहरूका निर्वाचनमा यस विधिलाई वैकल्पिक विधिको रूपमा प्रयोग गर्ने देशहरूमा न्यूजिल्याण्ड (२०२२), स्वीट्जरल्याण्ड (२०२३), बेलायत (२०२२) आदि रहेका छन् भने एकल विधिको रूपमा अपनाउने देशहरूमा अल्बानिया (२०२५), फिजी (२०२२), जिब्राल्टर (२०२३), कोसोभो (२०२५), मलेसिया (२०२२) आदि रहेका छन्।

## ३.३ प्रतिनिधि वा वारेस मार्फत गरिने मतदान

प्रतिनिधि वा वारेस मार्फत गरिने मतदानमा मतदाताले आफ्नो निर्वाचन क्षेत्रमा रहेका आफन्त वा विश्वसनीय व्यक्तिलाई प्रतिनिधि बनाएर आफूले रोजेको उम्मेदवार वा पार्टीलाई मतदान गराउँछन्।

यस अवस्थामा, मतदाताको प्रतिनिधि (प्रोक्सी) ले उक्त मतदाताका लागि मतदान गर्छ । यसका लागि सर्वप्रथम, मतदाताले आधिकारिक रूपमा प्रतिनिधि मार्फत मतदान गर्नका लागि प्रतिनिधि फाराम (proxy form) भर्नुपर्ने हुन्छ, जसका लागि मतदाता र प्रतिनिधि दुवैको व्यक्तिगत विवरण निर्वाचन आयोग वा सम्बन्धित निकायमा भर्नुपर्दछ । यसरी उक्त फाराम भर्दा प्रतिनिधि मार्फत मतदान गर्नुपर्नाका कारण (जस्तैः रोग, विदेशमा रहेको वा शारीरिक अस्वस्थता आदि) स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । यस विधिलाई बेलायत, अस्ट्रेलियाजस्ता राष्ट्रहरूले प्रयोगमा ल्याइसकेका छन् जसका लागि कडा नियमन, प्रतिनिधि मतदातामा उच्च नैतिकता र निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ । तथ्याङ्क हेर्दा विश्वका १७ देशहरूले प्रतिनिधि मार्फत मतदान गरेको पाइन्छ, जसमा ६ देशले एकल विधि अपनाएका छन् भने ११ देशले मिश्रित मतदान विधि अपनाएका छन् (International IDEA, 2022; Global Citizenship Observatory [GCO], 2023) ।

मतदाता स्वयम् उपस्थित भएर मतदान गर्न नसक्ने अवस्थामा निजले मनोनयन गरेको उपयुक्त प्रतिनिधि मार्फत मतदान हुने हुँदा यस्तो मतदान राजनीतिक प्रतिनिधित्वका लागि हुने निर्वाचनमा भन्दा पनि संघ-संस्थाहरूको निर्वाचनमा बढी प्रचलनमा रहेको देखिन्छ । वारेसबाट गरिने मतदानमा वारेसले मतदाताले रोजेको व्यक्ति वा दललाई मत दिने कुरामा सुनिश्चित हुन कठिन हुने नै यसको मुख्य कमजोरी हो (Benham et al., n.d.) । तर, खर्च र अन्य व्यवस्थापनको दृष्टिकोणबाट यो सहज विधि हो ।

यो विधि मतदाताले तोकिएको विधिपूर्वक तोकेको प्रतिनिधि अर्थात् वारेसले मतदाताको तर्फबाट मतदान गरिदिने विधि हो । पछिल्लो समय निर्वाचनमा यस विधिलाई वैकल्पिक विधिको रूपमा प्रयोग गर्ने देशहरूमा अल्जेरिया (२०१२), बेनिन (२००७), टोगो (२०२०), बेलायत (२०२२) आदि रहेका छन् भने एकल विधिको रूपमा चाहिँ धेरै वर्षअघिका निर्वाचनमा प्रयोग भएको देखिन्छ जसमा मोरक्को (२०११), पितकाइम द्विप (२००८), मोनाको (२००६), नाउरु (२००४), बेलिज (१९९८) र मोरेसस (१९७६) रहेका छन् । यस विधिबाट मतदान गर्दा प्रतिनिधिले गरेको मतदान मतदाताले इच्छाएको उम्मेदवारलाई भए-नभएको एकिन गर्न नसकिने हुनाले यो विश्वासमा आधारित मतदान हो । त्यसैले, साना आयामका (जस्तै, संघसङ्गठनका निर्वाचन) मा यो प्रचलित भए तापनि मुलुकको आम निर्वाचनमा बाह्य मतदानका लागि सापेक्षिक रूपमा थोरै मुलुकहरूले मात्र यसलाई अभ्यास गरेको देखिन्छ ।

नेपालमा यस विधिको उपयुक्तताको बारेमा विज्ञहरूसँग राय लिँदा (अनुसूची ३) नेपालमा वारेस मार्फत विभिन्न कानुनी कार्यहरू गर्ने प्रचलन भए तापनि वारेसबाट दूरस्थल-मतदान गर्ने कार्य भने वारेसले गरेको कार्यको परिणाम जाँच गर्न सकिने वा नसकिने हिसाबले आधारभूत रूपमा फरक भएको र गोप्य मतदानमा वारेसले मतदाताले इच्छाएको उम्मेदवारलाई नै मतदान गरे-नगरेको जाँच गर्न असम्भव हुने भएकाले नेपालको सामाजिक-राजनीतिक तथा मनोसांस्कृतिक अवस्थामा यस्तो मतदान उपयुक्त नहुने सुझाव पाइएको छ । त्यसैले, राजनीतिक सहमति समेत जुटाउनुपर्ने बाध्यता हुने भएकाले अध्ययनका क्रममा यस विधिलाई सैद्धान्तिक बहसका लागि मात्र खुला राखी अन्य वैकल्पिक विधिहरूको मात्र विवेचना गरिएको छ ।

## ३.४ इन्टरनेटबाट मतदान (आई-भोटिङ)

सूचना प्रविधिको प्रयोग, खासगरी इन्टरनेटको प्रयोगबाट गरिने मतदान इन्टरनेट मतदान अर्थात् आई-भोटिङ हो । यस विधिमा मतदाताले आफू रहेकै स्थानबाट मतदानका लागि तोकिएको समयावधिभित्रको जुनसुकै समयमा प्रविधिको प्रयोग गरी कम्प्युटर वा मोबाइलद्वारा मतदान गर्दछन् । यस विधिलाई कार्यान्वयनमा ल्याउँदा इन्टरनेटको पहुँच भएका व्यक्तिका अतिरिक्त अन्य विविध व्यस्तताका कारणले भौतिक रूपमा मतदान प्रक्रियामा सहभागी हुन नपाउने व्यक्ति पनि सहभागी हुन पाउँछन् । यद्यपि, यसको प्रयोगमा उच्च प्रविधिको प्रयोग गरी उच्च जनशक्तिद्वारा सुनिश्चितता, विश्वसनीयता, गोपनीयता, स्वतन्त्रता, र पारदर्शिता सुनिश्चित गरिनु पर्दछ ।

अनलाइन मतदानमा विशेष सुरक्षाका साथ तयार गरिएको एउटा विशिष्ट र स्वतन्त्र प्रणालीको प्रयोग गरी आफूले चाहेको उम्मेदवार वा पार्टी वा मतदानको विषयलाई मतदान गर्न सक्ने व्यवस्था गरिएको हुन्छ । त्यसैले, यसको मुख्य आधार नै विशिष्ट डिजिटल मतदान प्रणाली हो । International IDEA को डेटाबेसमा संसारका जम्मा दुई देशहरूले मात्र एकल विधिको रूपमा र १४ देशहरूले अन्य विधिहरूका साथ मिश्रित विधि (विकल्पसहित) को रूपमा गरी कुल १६ देशहरूले आई-भोटिङ विधि अपनाएको देखिन्छ ।

यस विधिको प्रयोगबाट मतदान गर्न सर्वप्रथम मतदाताले आफूलाई मतदाता नामावलीमा सूचीकृत गर्न आवश्यक हुन्छ । जसका लागि मतदाताले आफ्नो परिचय बायोमेट्रिक वा अन्य स्थापित विधिद्वारा प्रमाणित गर्नुपर्दछ र पूर्ण डिजिटल डेटाबेस तयार गर्नुपर्दछ । मतदानको समयमा सुरक्षित पोर्टलमा लगइन गरिसकेपछि डिजिटल मतपत्र प्राप्त हुन्छ र मतदाताले इच्छाएको उम्मेदवार वा पार्टीलाई मत प्रदान गरेको सङ्केत जानकारी पेस गर्छन् । मतदानपश्चात् सफलतापूर्वक मतदान गरेको कुराको तुरून्तै जानकारी प्राप्त गर्न सक्ने व्यवस्था पनि गरिएको हुन्छ, अर्थात् सुनिश्चित भएको सूचना प्राप्त हुन्छ । यस प्रक्रियामा मतदाताले आफ्नो मतपत्र कुन अवस्थामा र कुन ठाउँमा छ भन्ने कुरा प्रविधि मार्फत निरन्तर ट्र्याक गर्न पनि सक्छन् । यस विधिको प्रयोगसम्बन्धी विगतका अभ्यासलाई हेर्दा समग्रमा यो विधि १० प्रतिशत मात्र प्रयोगमा छ (International IDEA, 2022) । पछिल्लो पटक विकसित प्रविधि भएकाले थोरै देशहरूले प्रयोग गरेको देखिए तापनि प्रविधिको सफल प्रयोग भएका मोडेल देशहरू पनि छन् । तिनीहरूको अभ्यासलाई अध्ययन गर्दा यस प्रविधिलाई विश्वसनीयता, समावेशिता र खर्चका दृष्टिले उपयुक्त देखिएको छ । यसबाट आगामी दिनमा धेरै देशहरूले निर्वाचनमा यस विधिको प्रयोग गर्न सक्ने देखिन्छ ।

आई-भोटिङका लागि भोटिङ् प्लेटफर्म आफैं निर्माण गर्ने वा त्यस्ता प्लेटफर्म निर्माण गरेका विश्वसनीय कम्पनीहरू मार्फत खरिद गरी लिने र आवश्यक मात्रामा सर्भरहरूको व्यवस्था गरी साइबर सुरक्षालाई मजबुत बनाएर सञ्चालनमा ल्याउनुपर्छ । विभिन्न देशमा रहेका कम्पनीहरूबाट यस्ता प्रणाली निर्माण गरी मतदाताको नाम दर्ता, प्रमाणीकरण, मतदान, मतको संरक्षण र वितरण, गणनाका लागि सार्वजनिक

प्रमाणीकरणसहित अडिटको (मतदानको प्रक्रियामा प्राविधिकसहितको नागरिक समाजका प्रतिनिधिले निरन्तर निगरानी र अडिट गरी प्रतिवेदन दिनेसम्मको) व्यवस्था समेत डिजिटल प्रणालीमा नै हुन्छ । यसको मुख्य सबलता भन्नु नै निर्वाचनमा संलग्न हुने मतदाताको डिजिटल परिचयसहित सबै प्रक्रियालाई डिजिटलाइज्ड गर्ने हो ।

अनलाइन मतदानको मुख्य चिन्ता चाहिँ साइबर सुरक्षासम्बद्ध जोखिम हो । इस्टोनियाको अनलाइन मतदान प्रणालीमा सुरुका वर्षहरूदेखि नै प्रणालीगत कमजोरी र सुरक्षा जोखिमहरूको विज्ञ समीक्षा हुँदै र इस्टोनिया सरकारको तर्फबाट कमजोरीहरूको सुधार र सुझावहरूको सम्बोधन हुँदै आएको देखिन्छ । त्यसैले, इस्टोनियाको अनलाइन मतदान प्रणाली क्रमशः सुधारिँदै र अधिक सुरक्षित हुँदै गएको हुँदा Estonian Academy of Sciences' Cybersecurity Commission review ले प्रणालीमा धेरै ठुलो जोखिम नरहेको प्रमाणित प्रतिवेदन दिएको देखिन्छ (e-Estonia, 2023) । उक्त आयोगको प्रतिवेदनले प्रणाली कार्यान्वयनको क्रममा ३१ वटा जोखिमहरू भेटिएकोमा ६ वटा मध्यम स्तरका र बाँकी २५ वटा न्यून स्तरका जोखिम मात्र रहेको र त्यस्ता सबै जोखिमहरूको सम्बोधन भइसकेको प्रतिवेदन दिएको पाइन्छ । त्यसअघि सन् २०१४ मा भएको एउटा स्वतन्त्र समीक्षाले प्रणालीमा निकै गम्भीर जोखिम रहेको रिपोर्ट दिएकाले यसबाट अनलाइन मतदान प्रणाली पूर्ण रूपमा जोखिममुक्त नहुने हुँदा हरबखत समीक्षा र मूल्याङ्कन गर्दै त्यसबाट प्राप्त नतिजा र सुझावको सम्बोधन गरेर जोखिम तथा कमजोरी न्यूनीकरण गर्दै जानुपर्ने देखाउँछ ।

### ३.४.१ अनलाइन मतदान (आई-भोटिङ) को सुरक्षा व्यवस्थापन

जर्मनीको सङ्घीय संवैधानिक अदालतले सन् २००५ मा गरेको फैसला (Germany Federal Constitutional Court, 2005) ले अनलाइन मतदान सुरक्षाका लागि विश्वव्यापी मानक (benchmark) तय गरेको मान्न सकिन्छ । जर्मनीको आधारभूत कानुनको दफा २० र ३८ का सिद्धान्तहरूमा टेकेर अदालतले प्रत्येक नागरिकले विशेषज्ञ ज्ञानविना नै मतदान प्रक्रिया बुझ्ने गराउन, गोपनीयता कायम राख्न, मतहरू हालिएकै रूपमा प्रमाणित गर्न एवम् गणना गरिएको सुनिश्चित गर्न आदेश दिएको थियो । यस फैसलाले विद्युतीय मतदान यन्त्रहरूलाई पारदर्शिता र सार्वजनिक प्रमाणीकरण (public verifiability) को सुविधाको अभावका कारण असंवैधानिक घोषित गरेको थियो । यस निर्णयले साइबर खतराहरू र विश्वासन्यूनता (trust deficit) को बहस माझ इन्टरनेट मतदानमा विश्वव्यापी सावधानीलाई बढाएको देखिन्छ । साथै, यस फैसलाले कागजी ट्रेल (paper trail) वा मतदाता जाँचको सुविधा नभएमा व्यापारिक प्रणालीहरूमा पत्ता लगाउन नसकिने हेरफेरको सम्भावनाजस्ता जोखिमहरू रहने कुरालाई प्रमुख रूपमा प्रकाश पारेको छ ।

इन्टरनेटको सहायतामा अनलाइन प्रविधिबाट गरिने मतदान (आई-भोटिङ) को सुरक्षा प्रबन्धका सम्बन्धमा Germany Federal Office for Information Security - BSI ले गराएको एक अध्ययनले निर्वाचन सुरक्षाका विभिन्न आठ प्रकारका प्रविधिहरूको पहिचान गरेको छ (Moser et al., 2024) । यी

प्रविधिहरूमध्ये ६ वटा प्रविधिहरू इन्टरनेट भोटिङका लागि सान्दर्भिक भएकाले यिनीहरूबारे सङ्क्षिप्तमा जानकारी दिइएको छ (तालिका १)।

### तालिका १: अनलाइन मतदानको सुरक्षाका लागि प्रयोग हुने प्रविधिहरू

| क्र.सं. | प्रविधिको नाम | प्रविधिको किसिम | दिने सुरक्षा |
|---|---|---|---|
| १. | एन्ड-टु-एन्ड भेरिफायबल मतदान [End-to-End Verifiable (E2E-V) Voting] | मतदाताले आफूले भोट हालेको, रेकर्ड भएको र रुजु भएको पक्का गर्ने प्रमाण र रसिद (निस्सा) सहितको क्रिप्टोग्राफिक प्रणाली | यसले कोड विकल्प नदेखिने गरी भोटको सुरक्षा गर्ने र सार्वजनिक सम्परीक्षण गर्न सक्ने अवस्था सिर्जना गर्दछ। शून्य-ज्ञान प्रमाणसहितको प्रयोगले डेटा हेरफेर गर्न नसक्ने व्यवस्था गर्दछ। |
| २. | शून्य-ज्ञान प्रमाण (Zero-Knowledge Proofs) | तथ्याङ्क नदेखी स्टेटमेन्ट सत्य हो भनेर प्रमाणित गर्ने गणितीय विधि | यसले स्वतन्त्र प्रमाणीकरण गर्न सम्भव बनाउँदै मतको गोपनीयता कायम राख्छ। प्रणालीगत रूपमा पत्ता लगाउन नसकिने फेरबदल हुन दिँदैन। |
| ३. | ब्लकचेन/वितरित बहिखाता (Blockchain/ Distributed Ledger) | विशेष किसिमको विकेन्द्रीकृत, वितरित र अपरिवर्तनीय डिजिटल खाता हो जुन कम्प्युटरहरूको नेटवर्कमा लेनदेन (transactions) रेकर्ड गर्न प्रयोग गरिन्छ | यसले केन्द्रीय ह्याकहरूको प्रतिरोधि (central hacks resistant) अडिटेबल ट्रेलहरू (auditable trails) उपलब्ध गराउँछ। वितरित विश्वास (distributed trust) र क्वान्टम-प्रतिरोधि (quantum resistant) विकल्पहरूलाई उपयोग गर्ने सुविधा पनि दिन्छ। |
| ४. | होमोमोर्फिक कूटलेखन (Homomorphic Encryption) | इन्क्रिप्टेड डेटालाई डिक्रिप्सन नगरी गणना र ट्याली गर्ने किसिमको इन्क्रिप्सन (Nemovote, n.d.) | यसले मत प्रोसेसिङ गर्दा मतको सुरक्षा गर्दछ। एकल मतपत्र नदेखाई मतहरूको सुरक्षित योगफल निकाल्न सकिन्छ। |

| क्र. सं. | प्रविधिको नाम | प्रविधिको किसिम | दिने सुरक्षा |
|---|---|---|---|
| ५. | बहुतत्त्व बायोमेट्रिक प्रमाणीकरण (Multi-Factor Biometric Authentication) | विभिन्न किसिमका बायोमेट्रिक्स (जस्तैः अनुहारको स्क्यान, औंलाको छाप, आदि) लाई टोकन/पिनद्वारा मतदाता आइडीका लागि एकीकृत गर्दछ | यसले नक्कली व्यक्ति खडा गर्ने र किर्ते गर्ने कामलाई रोक्दछ । एक व्यक्तिले एक भोट मात्र हाल्ने अवस्थालाई सुनिश्चित गर्दछ । |
| ६. | सार्वजनिक बुलेटिन बोर्ड (Public Bulletin Board) | सबै इन्क्रिप्टेड मतहरू र प्रमाणहरूलाई परीक्षण गर्नका लागि खुला डिजिटल बहिखाता | यसले गैरविशेषज्ञ प्रमाणीकरण र पुनःपरीक्षण (reproducibility) को सुविधा सिर्जना गर्दछ । निर्वाचन प्रक्रियामा पारदर्शिता कायम गर्दछ । |

*स्रोतः Moser et al. (2024) का आधारमा लेखकहरूबाट सङ्क्षेपीकृत*

यसबाट आधुनिक अनलाइन मतदानमा सुरक्षा सुनिश्चितताका लागि मतदाता प्रमाणहरूका लागि क्रिप्टोग्राफी संयोजन गरिएको एन्ड-टु-एन्ड (end-to-end) भेरिफायबल प्रणालीहरूको प्रयोग गरिन्छ । यस्ता प्रविधिमध्ये शून्य-ज्ञान प्रमाणहरू जस्ता क्रिप्टोग्राफी प्रोटोकलहरूले गणितीय रूपमा मतको अखण्डता (सत्यता) पुष्टि गर्दछ भने सार्वजनिक बुलेटिन बोर्डहरूले सरल प्रमाणीकरण कोडहरू मार्फत गैरविशेषज्ञहरूद्वारा स्वतन्त्र लेखा परीक्षण (सम्परीक्षण) गर्ने कार्यलाई सम्भव बनाउँछ । त्यस्तै, ब्लकचेनले वितरित विश्वासको मोडेलबाट बन्ने फेरबदलमुक्त बहिखाता सिर्जना गरी अपरिवर्तनीयता (immutability) थप्दछ, यसले एकल-बिन्दु विफलताहरू (single-point failures) कम गर्न उल्लेखनीय भूमिका निर्वाह गर्दछ । त्यस्तै, कहिले पुरानो नहुने (future-proof) क्वान्टम-प्रतिरोधी एल्गोरिदमहरू (जस्तैः ल्याटिस-आधारित क्रिप्टोग्राफी) ले उन्नत आक्रमणहरूका विरुद्ध सुरक्षा प्रदान गर्दछन् ।

उच्च सुरक्षासहितको आई-भोटिङको सन्दर्भमा हालैका सफल अभ्यासहरूलाई हेर्दा International IDEA (n.d.- c) को प्रतिवेदनले विश्वका २० भन्दा बढी देशहरूमा इन्टरनेट मतदान (आई-भोटिङ) को अभ्यास र प्रयोग भएको उल्लेख गर्दै यस्ता प्रविधिहरूको मिश्रित र हाइब्रिड मोडेलहरूको उपयोगले निर्वाचनलाई सुरक्षित बनाएकोमा प्रशंसा गरेको पाइन्छ । यसैगरी, इस्टोनियाको IVXV I-voting प्रणालीमा E2E-V सम्बन्धी प्रमाणिकरण संयन्त्र समावेश गरिएको छ, जसले मतदातालाई आफ्नो मत सही रूपमा दर्ता भएको छ कि छैन भनेर जाँच गर्न अनुमति दिन्छ । हाल यसको प्रयोग गरेर ५० भन्दा बढी राष्ट्र्व्यापी निर्वाचनहरू सञ्चालन भइसकेका छन् (Piirmets, 2023) । यस्तो मतदानमा मतदाताहरूले रसिद (निस्सा) मार्फत मत प्रमाणित गर्ने हुँदा विवाद एकदमै न्यून हुन्छ । यद्यपि, २०२३ को संसदीय

निर्वाचनपछि आई-भोटिङ प्रणालीबारे केही राजनीतिक तथा प्राविधिक उजुरी र समीक्षाका प्रक्रियाहरू भने अवलम्वन गरिएको (Kraavi & Willemson, 2025) देखिन्छ । स्विट्जरल्याण्डमा गरिएका परीक्षण प्रयोगहरू (जस्तैः २०२३ जनमत सङ्ग्रह) मा प्रमाणीकरणयोग्य क्रेडेन्सियलको परीक्षण गर्न यस्तो मतदान प्रविधि प्रयोग गरिएको (Tanner, 2025) छ । पश्चिम भर्जिनिया जस्ता अमेरिकी राज्यहरूले सन् २०२० देखि विदेशमा रहेका सैनिकहरूलाई मतदानको अवसर दिन एण्ड-टु-एण्ड अडिटसहित ब्लकचेन परीक्षणहरूको प्रयोग गरेका छन् (Friedman, 2018) । जर्मनीको २०२३ का सामाजिक निर्वाचनहरूमा BSI दिशानिर्देशहरू (TR-03169) पालना गर्दै एन्ड-टु-एन्ड भेरिफायबल (end-to end verifiable) प्रविधिको परीक्षण गरिएको छ (Schürmann, 2024) ।

उल्लिखित सबैखाले विकास र अभ्यासहरूको बाबजुद पनि, आई-भोटिङका सन्दर्भमा ठुलो स्तरमा स्तरोन्नति गर्ने (स्केलेबिलिटीको) चुनौती, गैरविशेषज्ञहरूका लागि न्यून उपयोगिता र विभिन्न नियामकीय अवरोधहरू जस्ता विषयहरू समस्याको रूपमा अझै कायमै छन् । त्यसैले, यस्ता कुनै पनि प्रणालीले प्रयोग गरिने उपकरणहरू वा नेटवर्कहरूको शतप्रतिशत विश्वास सुनिश्चित चाहिँ गर्दैन । सायद त्यसैले हुन सक्छ American Association for the Advancement of Science – AAAS (2021) ले इमेल, फ्याक्स, वेब-आधारित मतदान र मोबाइल एपहरूसहितको अनलाइन वा इन्टरनेट मतदानको प्रयोग मौलिक रूपमा असुरक्षित छ र यिनमा अर्थपूर्ण किसिमको मतदाता-प्रमाणित कागजी रेकर्डको अभाव हुने हुनाले मतपरिणामहरूको वैध लेखापरीक्षण गर्ने वा त्रुटिहरू र हेरफेरहरू विश्वसनीय ढङ्गले पत्ता लगाउने कुनै तरिका छैन भनेर टिप्पणी गरेको देखिन्छ । तथापि, यस्ता नयाँ प्रविधिहरूले जर्मन मापदण्डहरू क्रमिक रूपमा पूरा गर्दै गएका छन् र सम्भावित परीक्षण अभ्यास र सार्वजनिक प्रमाणीकरण सम्भव हुने देखाएको हुँदा परीक्षण, सबलीकरण र अडिटसहितको निरन्तर सुधार गर्दै प्रयोग गर्न भने सकिने देखिन्छ ।

आई-भोटिङले घरबाट बाहिर निस्कन नसक्ने व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला र विदेशमा रहेका नागरिकहरूहरूलाई सजिलोसँग मतदान गर्ने मौका दिन्छ । तर, यसका लागि इन्टरनेट पहुँच, डिजिटल साक्षरता, मजबुत साइबर सुरक्षा, र प्राविधिक जनशक्ति चाहिन्छ । सुरूमा यो खर्चिलो हुन्छ तर प्रणाली बनेपछि भने खर्च घट्छ र दीर्घकालमा मितव्ययी र किफायती विधिको रूपमा स्थापित हुन्छ । अन्य मतदान विधिको तुलनामा कम खर्चिलो, छिटो नतिजा दिने र पारदर्शी विधिको रूपमा अपनाउन सकिने भए तापनि मजबुत साइबर सुरक्षा यसको पूर्वसर्त हो । साथै, नवीन विधि भएकाले यसको कार्यान्वयनमा बृहत् राजनीतिक समझदारी आवश्यक पर्न सक्छ । आगामी निर्वाचनमा नेपाल पनि आई-भोटिङमा जाने हो भने यसका लागि मजबुत आई-भोटिङ प्लेटफर्मको आवश्यकता पर्दछ । ब्लकचेन प्रविधिसहित मल्टिपल फ्याक्टर सुरक्षा प्रणाली भएको यस्तो प्लेटफर्मको तयारीमा खरिद प्रक्रिया तथा तयारीको समयले गर्दा केही लामो समय लाग्ने हुन सक्छ । त्यसमा पनि नयाँ प्रणाली बनाउँदा परीक्षण गर्दै जानुपर्ने भएकाले पनि २०८२ फागुनको निर्वाचनमा यो सम्भव नहुन पनि सक्छ । यस्तो अवस्थामा पटक-पटकको परीक्षण र सुधारसहित विश्वमा स्थापित भइसकेका कम्पनीहरूको एप्लिकेसन तथा

सफ्टवेयर खरिद गरी कार्य गर्नु तत्काललाई बढी उपयुक्त हुने देखिन्छ भने दीर्घकालमा भने नेपालले आफ्नै यस्तो प्लेटफर्म बनाएर प्रयोगमा ल्याउन पनि सक्छ । यससम्बन्धी अतिरिक्त जानकारी अनुसूची १० मा रहेको छ ।

समग्रमा, निर्वाचन खर्च र व्यवस्थापनको दृष्टिकोणले हेर्दा आई-भोटिङ एक उत्तम विधि हो । यसको सफलताका लागि सबै वर्गले सहजता अनुभव गर्ने गरी एक समावेशी र सबैलाई उपयुक्त हुने प्रणालीको निर्माण र जनचेतना अभियान चलाउनु अपरिहार्य हुन्छ । तथापि, प्रविधिमा अनभिज्ञ वा कम शिक्षित नागरिकहरूले यसलाई प्रयोग गर्न कठिन हुन सक्छ । उदाहरणका लागि, अस्ट्रेलियामा रहेका शिक्षित नेपालीहरूका लागि आई-भोटिङ सहज हुन सक्छ भने खाडी मुलुकहरूमा काम गर्ने श्रमिक वर्गका लागि यो चुनौतीपूर्ण हुन सक्छ । यसबाट एउटा वर्गलाई सहुलियत दिएजस्तो भएर अर्को वर्गलाई पछि पारेजस्तो स्थिति निम्त्याउन सक्छ । त्यसैले, विदेशमा रहेका सबै नेपालीहरूलाई न्यायपूर्ण र सहज रूपमा मतदानमा सहभागी बनाउने विषयलाई "समावेशिता र न्यायिक सहभागिता" ले समेट्नु पर्दछ । यसका लागि सबैभन्दा महत्त्वपूर्ण विषय भनेको सबैका लागि उपयुक्त मतदान विधिको व्यवस्था गर्नु हो । विदेशमा रहेका सबै नेपालीहरूको शैक्षिक, आर्थिक र पेसागत अवस्था तथा स्थान समान नभएकाले एउटै मात्र विधिको प्रयोग पनि उपयुक्त नहुन सक्छ । त्यसैले, समावेशिता र न्यायिक सहभागिता सुनिश्चित गर्न सबै वर्गले सहज तरिकाले मतदान गर्न विभिन्न विकल्प भएको (बहुविधि/हाइब्रिड विधि) को व्यवस्था गर्नु वाञ्छनीय हुन्छ ।

## ३.५ मिश्रित विधि/बहुविधि

मिश्रित मतदान विधि एक लचिलो ढाँचा भएकाले यसले विभिन्न पृष्ठभूमि र सुविधा भएका मतदाताहरूलाई आफ्नो मताधिकार प्रयोग गर्न समान अवसर प्रदान गर्दछ । यस प्रणालीले प्रत्यक्ष रूपमा मतदान केन्द्रमा उपस्थित हुने, हुलाक मार्फत मतदान गर्ने र इन्टरनेटको प्रयोग गरी मतदान गर्ने तथा वारेस गर्ने विभिन्न विधिहरूको संयोजन गरेर मतदानमा सबै मतदातालाई निजहरूको छनोटका आधारमा सहभागी गराउँदछ । सामान्यतया नागरिकहरूमा मतदानको अवसर बढाउन र मतदानमा समावेशितालाई बढवा दिन मिश्रित विधिलाई अभ्यासमा ल्याइन्छ । मेक्सिकोको उदाहरणले यसको सफलतालाई प्रमाणित गर्दछ, जहाँ सन् २०२४ मा यस प्रणालीको प्रयोगले लगभग पाँच लाख थप मतदाताहरूलाई मतदान प्रक्रियामा समावेश गराउन सफल भएको थियो । त्यसैगरी, फ्रान्सले कन्सुलर कार्यालयमा मतदान गर्ने, अनलाइन र प्रतिनिधि मार्फत भोट दिने संयुक्त अभ्यासको प्रयोग गरेको थियो ("French expatriates turn", 2024) । अस्ट्रेलियाले व्यक्ति उपस्थित भई गरिने मतदान र मतदान केन्द्रमा उपस्थित हुन नसक्नेका लागि हुलाक मार्फत गरिने मतदान विधि अपनाएको थियो (Australian Electoral Commission [AEC], 2025)। हाल विश्वका १ सय ५१ (७० प्रतिशत) देशहरूले बाह्य मतदानलाई अभ्यासमा ल्याइरहेको सन्दर्भमा मतदाता प्रत्यक्ष उपस्थित भएर मतदान गर्ने विधिमा ३४ प्रतिशत, हुलाकबाट गरिने मतदानमा ३१ प्रतिशत, वारेसबाट गरिने मतदानमा ११ प्रतिशत र अनलाइन (आई-भोटिङ) मा ८ प्रतिशतले मिश्रित विधिको प्रयोग गरेका छन् (International IDEA, n.d.-c; 2023) ।

बाह्य मतदानले नागरिकलाई निर्वाचनमा सहभागी हुने राजनीतिक अधिकार प्रदान गरे तापनि समग्रमा यो सहज र समस्यारहित चाहिँ हुदैन । नाम दर्तामा समस्या हुने, व्यवस्थापकीय समस्या आउने, न्यून सहभागिता हुने, समय र लागत दुवैका दृष्टिमा प्रभावकारी नहुने जस्ता समस्याहरू यस्तो मतदानलाई अभ्यास गरेका सबै मुलुकहरूले भोग्दै आएको पनि देखिन्छ । International IDEA (2022) को अध्ययनमा १५ प्रतिशत मतदाताका लागि मतदाता नामावली दर्ता प्रक्रिया जटिल भएको, ३२ प्रतिशत मतदाताहरूका लागि मतदान केन्द्रहरू टाढा भएको, २४ प्रतिशतले हुलाकबाट मतपत्र ढिलो प्राप्त गरेको, नौ प्रतिशत मतदाता अनलाइन मतदानप्रतिको विश्वस्त हुन नसकेको र अर्को नौ प्रतिशतले मतदान केन्द्रमा लामो लाइन लाग्नुपरेको जस्ता समस्याहरू भोगेको देखाएबाट पनि यस कुराको पुष्टि हुन्छ (चित्र ३) ।

**चित्र ३: बाह्य मतदानमा मतदाताहरूले सामना गरेका मुख्य समस्याहरू (प्रतिशतमा)**




*स्रोत: International IDEA (2022)*

## ३.६ मतदाता निर्धारण र सूचीकरण

मतदाताको पहिचान, मतदाता नामावली दर्ता र मतदानको समयमा मतदाताको परिचय प्रमाणित गर्ने प्रक्रिया कुनै पनि मतदान प्रणालीका आधारभूत र जटिल पक्ष हुन् । प्रत्येक देशले आफ्नो निर्वाचनसम्बन्धी कानुनबाट नै मतदाता हुनका लागि पूरा गर्नुपर्ने योग्यताहरू परिभाषित गरेको हुन्छ । विश्वभरका अभ्यासहरू हेर्दा, मतदाताहरूको दर्ता मुख्यतया दुई प्रकारका हुन्छन् । पहिलो हो स्थायी मतदाता दर्ता — यस प्रणालीमा एकपटक मतदाता सूचीमा नाम दर्ता गरेपछि उक्त दर्ता स्थायी रूपमा मान्य हुन्छ । मतदाताको ठेगाना परिवर्तन भएमा केही अद्यावधिक गर्ने कार्यबाहेक उनीहरूले पुनः दर्ता गर्नुपर्दैन । दोस्रो चाहिँ अस्थायी वा आवधिक मतदाता दर्ता हो र यस प्रणालीमा दर्ता गरिएको मतदाता सूचीको मान्यता एक निश्चित अवधि वा एउटा विशेष निर्वाचनसम्म मात्र हुन्छ । यस अन्तर्गत अर्को निर्वाचनका लागि

मतदाताहरूले पुनः नयाँ दर्ता गर्नुपर्ने हुन्छ। विश्वका विभिन्न देशहरूले आ-आफ्नो परिवेश अनुसार यी प्रणालीहरू अपनाएका छन्। केही उदाहरणहरू प्रस्तुत गरिएका छन्:

- **स्थायी दर्ता प्रणाली**: फ्रान्स र इष्टोनियाले स्थायी मतदाता दर्ता प्रणाली लागु गरेका छन्। फ्रान्समा "Single Electoral Register (Répertoire électoral unique – REU)" लागु गरिएको छ, जुन निरन्तर रूपमा अद्यावधिक हुने केन्द्रीय दर्ता प्रणाली हो। यो सन् २०१६ को कानुनबाट स्थापित भई २०१९ देखि लागु भएको हो र यसमा विभिन्न सरकारी निकायका डेटाबाट मतदाता सूची निरन्तर र स्वतः दर्ता तथा अद्यावधिक हुन्छ (Insee, 2026)। इष्टोनियामा मतदाता छुट्टै दर्ता गर्नुपर्दैन; जनसङ्ख्या दर्ता प्रणाली (population register) बाट स्वतः मतदाता सूची तयार हुन्छ (Riigikogu Election Act, 2016)। संयुक्त अधिराज्यले Elections Act (2022) परिमार्जन गरी विदेशमा बसेका नागरिकका लागि रहेको १५ वर्षे सीमा हटाएको छ, जुन सन् २०२४ बाट लागु भइसकेको छ। यद्यपि, एकपटक दर्ता भएकाले पुनः दर्ता भने गराउनु पर्दैन। मेक्सिकोमा पनि Instituto Nacional Electoral (INE) द्वारा सञ्चालन गरिएको स्थायी तथा निरन्तर अद्यावधिक हुने मतदाता दर्ता प्रणाली रहेको छ, जसमा नागरिकले सक्रिय रूपमा दर्ता गर्नुपर्ने भए पनि एकपटक दर्ता भएपछि प्रत्येक निर्वाचनमा पुनः दर्ता आवश्यक पर्दैन।
- **अस्थायी दर्ता प्रणाली**: जर्मनीले अस्थायी वा आवधिक प्रणाली अपनाएको छ। यहाँ मतदाता सूची प्रत्येक निर्वाचनका लागि अद्यावधिक रूपमा तयार गरिन्छ र जनसङ्ख्या दर्ता प्रणालीका आधारमा नागरिकहरू स्वतः समावेश हुन्छन् (The Federal Returning Officer, 2026)।
- **मिश्रित प्रणाली**: अष्ट्रेलियाले एउटा मिश्रित प्रणाली (हाइब्रिड सिस्टम) अपनाएको छ। त्यहाँ स्थायी मतदाता दर्ता प्रणाली लागु गरिएको छ, एकपटक दर्ता गरेपछि मतदाता सूची निरन्तर अद्यावधिक गरिन्छ र पुनः दर्ता आवश्यक पर्दैन तर विवरण अद्यावधिक गर्ने दायित्व भने रहन्छ। यद्यपि, विदेशमा रहेका मतदातामध्ये 'overseas elector' का रूपमा दर्ता भएका व्यक्तिहरूको हकमा भने दर्ता सीमित अवधिका लागि (सामान्यतः ६ वर्ष) मान्य रहने व्यवस्था छ, उक्त अवधिपछि भने नवीकरण आवश्यक हुन्छ (Australian Electoral Commission, n.d.)।

मतदाता कसरी परिभाषित गर्ने, दर्ता गर्ने र तिनको मान्यता कति समयसम्म राख्ने भन्ने कुरा पूर्ण रूपमा त्यो देशको आन्तरिक परिस्थिति, आवश्यकता र कानुनमा निर्भर गर्दछ। मतदाता दर्ताको सम्बन्धमा कुनै पनि एक अन्तर्राष्ट्रिय नियम वा प्रोटोकल बनेको छैन जसलाई सबै देशले पालना गर्नुपर्छ। यसका साथै, नागरिकहरूले मतदाताको रूपमा दर्ता गर्न विश्वमा दुई वटा अभ्यासहरू रहेको देखिन्छ। पहिलो, सक्रिय दर्ता प्रक्रिया र दोस्रो, निष्क्रिय दर्ता प्रक्रिया। सक्रिय दर्ता प्रक्रियामा निर्वाचन आयोगले तोकिदिएको प्रक्रिया र समयभित्र मतदाता स्वयम् उपस्थित भई आवश्यक जैविक सूचकहरू प्रदान गरी नाम दर्ता प्रक्रिया पूरा गरेर मतदाता नामावलीमा नाम समावेश गरी प्रमाणपत्र प्राप्त गर्नुपर्छ। निष्क्रिय प्रक्रियामा मतदाताको प्रत्यक्ष उपस्थितिविना वा अनलाइन मार्फत पनि मतदाताले दर्ता गर्न पाउँछन् र सबै प्रक्रियालाई अनलाइन मार्फत सहजीकरण गरिएको हुन्छ। यस अतिरिक्त देशको नागरिक

भइसकेपछि अर्थात् नागरिकता प्राप्त गरेपछि सम्बन्धित व्यक्ति स्वतः (स्वचालित रूपमा) मतदाता नामावलीमा दर्ता हुने व्यवस्था पनि छ। यी सबै निष्क्रिय तरिकाहरू हुन्।

विश्वका विभिन्न देशहरू (जस्तैः स्विडेन, जर्मनी, डेनमार्क, फिनल्यान्ड, आइसल्याण्ड, नेदरल्यान्ड्स, इटाली, इजरायल) मा बाह्य मतदानका लागि मतदाता दर्ता र प्रमाणीकरण गर्न मातृ देशमा नागरिकता वा राष्ट्रिय परिचयपत्रका लागि जुन स्थानमा दर्ता भएको छ, त्यसै स्थान वा मतदान क्षेत्रमा स्वतः मतदाता सूचीमा नाम समावेश गरी सार्वजनिक गरिएको हुन्छ। जर्मनीमा national population register मा आधारित भएर स्वतः मतदाता सूची तयार गरिन्छ। प्रत्येक नागरिकले परिचयपत्र लिँदा वा बसाइँ सर्दा स्थानीय निकायमा दर्ता गर्नुपर्छ र त्यही डेटा प्रयोग गरेर निर्वाचन सूची बनाइन्छ। डेनमार्क, फिनल्यान्ड र आइसल्याण्डमा पनि जनसङ्ख्या दर्ता प्रणाली (civil registry) बाट स्वतः मतदाता सूची बनाइन्छ। नेदरल्यान्ड्स, इटाली र इजरायलमा पनि सरकारी अभिलेखबाट स्वतः मतदाता सूची तयार हुन्छ ("Do any countries", 2019)।

कतिपय देशले (जस्तैः क्यानडा र नर्वे ) अन्तर्राष्ट्रिय मतदाता दर्ताका लागि उपलब्ध गराएको दर्ता प्रणालीमा अनलाइनबाट आवश्यक सबै प्रमाणहरू उपलब्ध गराई दर्ता गर्न सक्छन् र सफल दर्तालाई सोही प्रणालीबाट सार्वजनिक गरिन्छ। यस्ता सक्रिय र निष्क्रिय प्रणालीमा मतदाता नामावली दर्ता गराउने देशहरूको सङ्ख्या सक्रियमा ८७ प्रतिशत र निष्क्रिय प्रणाली कार्यान्वयनमा १३ प्रतिशत रहेको छ (International IDEA, n.d. -b)। यस्तो अवस्थालाई चित्र ४ र ५ ले थप स्पष्टता प्रदान गर्दछन:

**चित्र ४: मतदाताको स्थायी दर्ता, हरेक निर्वाचनका लागि पुनः दर्ता र नवीकरण गर्ने व्यवस्था (कुल ५३ देशहरू)**




*स्रोतः International IDEA (2022)*

**चित्र ५: बाह्य मतदानका लागि अभ्यास गरिएको नामावली दर्ताको तरिका (सक्रिय नामदर्ता अवलम्बन गरेका ५४ मुलुकहरू)**




*स्रोतः International IDEA (2022)*

माथिको तथ्याङ्कबाट विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता दर्ता र प्रमाणीकरण गर्न मुख्यगरी सात प्रकारका तरिकाहरू अवलम्बन गर्ने गरिएको र त्यसमा पनि मतदाता स्वयम् सक्रिय भएर भौतिक उपस्थितिमा, अनलाइनबाट र हुलाकबाट दर्ता तथा प्रमाणीकरण गर्ने अभ्यास सबैभन्दा बढी रहेको देखिन्छ । अन्य मुलुकहरूमा भएको यससम्बन्धी थप अभ्यासहरूलाई उदाहरणको रूपमा बक्स १ मा उल्लेख गरिएको छः

**बाक्स १: विदेशमा बस्ने मतदाताको दर्ताका लागि विभिन्न देशहरूले अवलम्बन गरेका तरिकाहरू**

स्वीडेनमा योग्य मतदाताहरूले यदि आफ्नो निवासस्थानको रूपमा स्वीडेनबाहिरको ठेगानालाई राष्ट्रिय नागरिकतामा दर्ता गराएका छन् भने, स्वचालित रूपमा उनीहरूलाई विदेशमा बस्ने मतदाताको रूपमा दर्ता गरिन्छ । उनीहरूलाई विदेश गएको १० वर्षसम्म स्वतः मतदान अधिकार दिइन्छ, तर त्यो अवधिपछि थप १० वर्षको लागि फाराम पेस गर्नुपर्ने हुन्छ । यो आवेदन स्वीडेन कर एजेन्सीको वेबसाइटबाट लिनुपर्छ र मतदानको कम्तीमा ३० दिनअघि पेस गर्नुपर्ने हुन्छ ।

घनामा मतदाताले अन्तर्राष्ट्रिय मतदाता सूचीमा नाम दर्ताको आवेदन दिनुपर्ने हुन्छ । आवेदन फाराम इन्टरनेटबाट डाउनलोड गर्न सकिन्छ, वा कूटनीतिक मिसन मार्फत वा EMB लाई अनुरोध गरेर प्राप्त गर्न सकिन्छ । आवेदन स्वीकृत भएपछि, मतदातालाई सूचीमा सफलतापूर्वक समावेश गरिएको जानकारी दिइन्छ । घानाको निर्वाचन आयोगले मतदानभन्दा पहिले विदेशमा रहेका मतदाताहरूका लागि मतदान किट पठाउँछ ।

संयुक्त अधिराज्यमा योग्य मतदाताहरूले विदेशबाट मतदान गर्न अनलाइन दर्ता गर्नुपर्छ । विदेशी मतदाताको रूपमा दर्ता भएपछि १२ महिनापछि स्वतः समाप्त हुन्छ र भविष्यमा विदेशबाट निर्वाचनमा भाग लिन मतदाता फेरि दर्ता गर्नुपर्छ । उत्तर आयरल्याण्डमा मतदान गर्न चाहनेहरूका लागि अतिरिक्त प्रतिबन्धहरू लागु हुन्छन्, किनभने उनीहरूले इन्टरनेटबाट फाराम डाउनलोड गरेर प्रमाणित दर्ता गर्नुपर्छ र विदेशबाट मतदान गर्न आफ्नो इच्छा दर्ता गर्नका लागि उपयुक्त कारणसहित निवेदन दिनुपर्छ ।

*स्रोतः International IDEA (2022)*

सारांशमा, संसारभरको निर्वाचनमा बाह्य मतदानको सूचना सङ्ग्रह गर्ने अन्तर्राष्ट्रिय संस्था International IDEA को अद्यावधिक डेटाबेसमा संसारका २ सय १६ देशहरूको निर्वाचन तथा मतदान विधिको तथ्याङ्क उपलब्ध छ । यसअनुसार कुल २ सय १६ देशहरूमध्ये बहुसङ्ख्यकमा रहेका देशहरू (१ सय ५१ देश (७० प्रतिशत) ले बाह्य मतदान विधि अपनाएको र बाँकी ६५ देशहरू (३० प्रतिशत) ले मात्र हालसम्म नअपनाएको अवस्था देखिन्छ । बाह्य मतदान विधि अपनाएको हकमा १ सय ५ देशले मतदाताको प्रत्यक्ष उपस्थितिमा मतदान गरेको, ५८ देशले हुलाकबाट मतदान गरेको, १७ देशले प्रतिनिधि वा वारेस मार्फत मतदान (proxy voting) गरेको र आठ देशहरूले दूरस्थलबाट अनलाइन मतदान (आई-भोटिङ) विधि अपनाएको सन् २०२२ सम्मको तथ्याङ्कमा देखिन्छ । यसरी मतदान गर्दा कुनै देशहरूले एकल विधि र कुनै देशहरूले बहुविधि अपनाएका छन् ।

# परिच्छेद ४

# विश्वका विभिन्न देशहरूले कार्यान्वयन गरेको बाह्य मतदानसम्बन्धी अभ्यासको सिंहावलोकन

निर्वाचनमा प्रविधिको प्रयोगका लागि आम जनताको विश्वास र समर्थन आधारभूत पूर्वसर्त हो। प्रविधिप्रति आम जनता आश्वस्त हुन सकेनन् भने प्रयोग गरेको प्रविधि जतिसुकै उत्कृष्ट भए तापनि र उक्त प्रविधिले जतिसुकै स्वच्छ र निष्पक्ष ढङ्गले निर्वाचन सहजीकरण गरेको भए तापनि त्यसले विश्वसनीयता र वैधता हासिल गर्न सक्दैन। त्यसैले, पारदर्शिता, व्यावसायिकता र जबाफदेहिता वहन गर्ने संयन्त्रको उपस्थिति जनविश्वास मापन गर्ने प्रमुख तत्त्व हुन् भन्न सकिन्छ।

विकासोन्मुख र विकसित दुवै देशहरूबाट नागरिकहरू रोजगारी, अध्ययन, व्यापार-व्यवसाय, सरकारी, कूटनैतिक नियोग, शान्ति सुरक्षाका लागि सेना, प्रहरी लगायतका जनशक्तिको रूपमा विदेशमा रहेका हुन्छन्। देशको आर्थिक सामाजिक विकासको आधारमा भएको विकसित, विकासोन्मुख र अल्पविकसित राज्यको वर्गीकरण अनुसार विदेशिनेहरूको वर्ग पनि फरक-फरक हुन्छन्। यी सबै किसिमका विदेशमा रहेका नागरिकका लागि मतदानको अधिकार प्रदान गरी उन्नत लोकतन्त्रको अभ्यास गर्न सबै देशहरू चाहन्छन्, यद्यपि विभिन्न सीमाहरूका कारण सबै देशहरूले सबैलाई बाह्य मतदानको अधिकार प्रदान गर्न सकेका भने छैनन्। यस्ता देशहरू मताधिकार प्रदानका लागि निरन्तर प्रयासमा छन् र सहज र पारदर्शी विधिको खोजीमा रहेका छन्। International IDEA (n.d. - c) को तथ्याङ्कलाई आधार मान्दा प्रतिवेदनको अघिल्ला परिच्छेदहरूमा उल्लिखित बाह्य मतदान विधिहरूमध्ये मिश्रित विधिको प्रयोग बढी हुने गरेको देखिन्छ। तल बाह्य मतदानका लागि मिश्रित र एकल विधि अपनाउने देशहरूको विवरण (तालिका २) तथा निर्वाचनको किसिम (तालिका ३) उल्लेख गरिएको छ; जसको पूर्ण विवरण क्रमशः अनुसूची ६ र ७ मा संलग्न गरिएको छ।

### तालिका २ः बाह्य मतदानका लागि मिश्रित र एकल विधि अपनाउने देशहरूको विवरण

| क्र.सं. | बाह्य मतदानमा प्रयोग भएका विधिहरूको सङ्ख्या (प्रकार) | प्रयोग गर्ने देशहरूको सङ्ख्या |
|---|---|---|
| १ | ५ | २ |
| २ | ४ | १८ |
| ३ | ३ | ४१ |
| ४ | २ | ४६ |
| ५ | १ | ४३ |

*स्रोतः International IDEA, n.d. - c*

**तालिका ३ः बाह्य मतदान गरिएका निर्वाचनको किसिम (प्रयोजन) र मतदान भएका देशहरू**

| निर्वाचनको किसिम | देशको सङ्ख्या | | |
|---|---|---|---|
| | मिश्रित निर्वाचन अपनाउने | एकल निर्वाचन अपनाउने | जम्मा |
| संसदीय निर्वाचन | १०० | ३२ | १३२ |
| राष्ट्रपतिको निर्वाचन | ७६ | १० | ८६ |
| जनमत सङ्ग्रह | ७५ | १ | ७६ |
| प्रान्तीय निर्वाचन | २३ | - | २३ |
| क्षेत्रीय सङ्गठनको निर्वाचन (जस्तैः युरोपियन/सेन्ट्रल अमेरिकन युनियन) | २४ | - | २३ |

*स्रोतः International IDEA (n.d. - c)*

यस सन्दर्भमा संसारका विभिन्न देशहरूले बाह्य मतदान र मतदान विधिमा गरेका नयाँ प्रयोगहरूको अध्ययनबाट नेपालले बाह्य मतदानको विधि विकास गरेर अभ्यासका लागि शिक्षा लिन आवश्यक देखिन्छ। त्यसैले यहाँ प्रतिनिधिमूलक रूपमा केही देशहरूको अभ्यासलाई सङ्क्षिप्तमा समीक्षा गरिएको छ ।

## ४.१ एसियाली देशहरूको अभ्यास

एसिया महादेशका केही देशहरूले बाह्य मतदानका सन्दर्भमा अवलम्बन गरेका अभ्यासको अवस्था र त्यसबाट नेपालका लागि उपयुक्त सिकाइहरू यस प्रकार रहेका छन्ः

### ४.१.१ बङ्गलादेश

बङ्गलादेशले सन् २०२६ को निर्वाचनमा विदेशमा रहेका आफ्ना नागरिकहरूलाई हुलाक मार्फत मतदान गर्ने ऐतिहासिक अवसर प्रदान गरिरहेको छ । यस प्रक्रियामा प्रविधिको सहयोगमा हुलाकबाट मतदान गर्ने विधिलाई प्रयोगमा ल्याइएको देखिन्छ । यस अन्तर्गत मोबाइल एपको माध्यमले मतदाता नामावली दर्ता प्रक्रिया सुरू गरिएको छ। यहाँ बाह्य मतदान सन् २०१८ देखि नै कानुनी रूपमा मान्यता प्राप्त भए तापनि विदेशमा रहेर मतदान गर्ने प्रक्रिया हालसम्म जटिल रहेको थियो। यस अवस्थालाई अहिले सम्बोधन गरी विदेशमा रहेका नागरिकहरूका लागि हुलाक मार्फत मतदानको अवसर प्रदान गरिएको छ । यसका लागि हाल मतपत्रका लागि आवेदन दिने, प्रमाणीकरण गर्ने र फिर्ता गर्ने चरणहरू समावेश गरी विदेशमा बस्ने सबै बङ्गलादेशी नागरिकमा जानकारी गराइएको छ ।

विश्वका विभिन्न देशहरूमा रहेका बङ्गलादेशका प्रवासीहरूको सङ्ख्याबारे ठोस र एकिन तथ्याङ्क पाउन नसकिए तापनि केही स्रोतहरू (Camila Duque, 2024; Ovee, 2023) बाट विश्वका १ सय ७६ देशहरूमा एक करोड ५० लाखको हाराहारीमा बङ्गलादेशी नागरिकहरू रहेको देखिन्छ, उनीहरूले

देशको अर्थतन्त्रमा कुल ग्राहस्थ उत्पादनको तुलनामा ६.५७ प्रतिशत ("Remittance share in", 2025) सम्मको योगदान मुलुकबाहिरबाट नै गरिरहेका छन् । यस्ता नागरिकले विदेशबाट मतदान प्रक्रियामा सहभागी हुनका लागि राष्ट्रिय परिचयपत्र प्राप्त गरेको र आफ्नो गृह निर्वाचन क्षेत्रमा पहिले नै मतदाता नामावलीमा आफ्नो नाम दर्ता गरेको हुनुपर्ने नियम बनाइएको छ । मतदानका लागि मतदाताले आफ्नो निर्वाचन क्षेत्रका निर्वाचन अधिकारीलाई लिखित रूपमा हुलाक मतपत्रका लागि आवेदन दिनुपर्छ र त्यस्तो आवेदनमा राष्ट्रिय परिचयपत्र नम्बर, घरको ठेगाना र विदेशको (वर्तमानको) ठेगाना प्रस्टसँग उल्लेख गर्नुपर्ने हुन्छ । निर्वाचन अधिकारी वा सम्बन्धित पक्षले मतदाताले हुलाक मतपत्रका लागि गरेको आवेदन प्रमाणीकरण गरेपछि मतदातालाई हुलाक मार्फत मतपत्र र मत फिर्ता पठाउने विशेष खाम पठाउँछन्, जुन खाममा मतदाताको पूर्णविवरणका साथै निर्वाचनसम्बन्धी अन्य महत्त्वपूर्ण जानकारीहरू समावेश गरिएका हुनेछन् । मतदाताले मतपत्र प्राप्त गरिसकेपछि मतपत्रमा मत जाहेर गरेको/दिएको सङ्केत गर्दछन् र उक्त मतपत्रलाई विशेष खाममा राखेर बन्द गर्दछन् । यसपछि हुलाक कार्यालयबाट प्रमाणित गराएर बङ्गलादेशको सम्बन्धित निर्वाचन केन्द्र वा मतगणना केन्द्रमा नै मतपत्र फिर्ता गर्दछन् । यी सबै काम अग्रिम हुने भएकाले विदेशमा मत जाहेर गरेका मतपत्रहरू गणनामा समावेश हुनका लागि बङ्गलादेशमा निर्वाचन सम्पन्न भएको मितिभित्र नै निर्वाचन कार्यालयमा पुगेको हुनुपर्दछ । यसरी हुने हुलाक मतपत्रको आदान-प्रदानमा लाग्ने सबै हुलाक खर्च बङ्गलादेश सरकारले ब्यहोर्छ, मतदाताले खर्च गर्नु पर्दैन । आधिकारिक सरकारी सूचना[१] अनुसार सन् २०२६ को जनवरी १५ सम्ममा विश्वका १ सय २३ राष्ट्रहरूमा बस्ने १५ लाख ३३ हजार ६ सय ८३ बङ्गलादेशी नागरिकहरूले बाह्य मतदानमा सहभागिताका लागि नाम दर्ता गराइसकेका छन् र त्यसमध्ये १४ लाख ८४ हजार ३ सय ६८ आवेदनहरू स्वीकृत भई मतदाता नामावलीमा सूचीकृत पनि भइसकेका छन् । यो क्रम निर्धारित मितिसम्म जारी रहँदा उल्लेख्य सङ्ख्यामा यस्ता नागरिकहरू मतदानमा सहभागी हुने देखिन्छ ।

### ४.१.२ फिलिपिन्स

विदेशमा रहेका फिलिपिनो नागरिकहरूले आफ्नो मतदान अधिकार प्रयोग गर्न तोकिएको प्रक्रियाहरू पूरा गर्नुपर्छ - जस्तो कि उनीहरूले आफ्नो बसोबास गरिरहेको देशमा रहेको फिलिपिन्स दूतावास, वाणिज्य दूतावास वा तोकिएको दर्ता केन्द्रमा मतदाताको रूपमा दर्ता हुनुपर्दछ । यसका लागि नागरिकता, पासपोर्ट र विदेश बसाइ परिचयपत्र जस्ता आवश्यक कागजातहरू तोकिएको अवधिभित्र पेस गर्नुपर्छ, अन्यथा दर्ता मान्य हुँदैन । दर्ता भएपछि मतदान गर्नका लागि उनीहरूसँग विविध विकल्पहरू उपलब्ध हुन्छन्ः तोकिएको मतदान केन्द्र वा दूतावासमा गई प्रत्यक्ष रूपमा मतदान गर्न सकिन्छ, वा हुलाक मार्फत मतपत्र प्राप्त गरी मतसङ्केत गरेर फिर्ता पठाउन सकिन्छ (Republic Act No. 10590, 2013) । यसबाहेक, विशेष गरी अमेरिकामा बसोबास गर्ने फिलिपिनोहरूका लागि अनलाइनबाट इ-मतदानको सुविधा पनि सुरू गरिएको छ । फिलिपिन्स सरकारले यी सबै प्रक्रियाहरू - दर्तादेखि मतदानसम्म, विस्तृत रूपमा अनलाइन जानकारी र शैक्षिक भिडियोको माध्यमबाट उपलब्ध गराएको छ, ताकि प्रत्येक मतदाताले सजिलैसँग आफ्नो मत अधिकार प्रयोग गर्न सकून (Philippine Social Science Council, n.d.) । अन्त्यमा, विदेशबाट पठाइएका सबै मतपत्रहरू कानुनी रूपमा प्रमाणित गरी निर्वाचन आयोगले गणनामा समावेश गर्छ ।

१ आधिकारिक सूचना यस लिङ्कबाट हेर्न सकिन्छ -https://portal.ocv.gov.bd/report/by-country

## ४.१.३ युनाइटेड अरब इमिरेट्स

मध्यपूर्वका केही मुख्य देशहरूमा बाह्य मतदानसम्बन्धी अभ्यास प्रचलनमा छ। युनाइटेड अरब इमिरेट्स (युएई) यस्तो अभ्यास गर्ने मुख्य मुलुक हो। युएईले सङ्घीय राष्ट्रिय परिषद्को निर्वाचनमा विदेशमा रहेका नागरिकहरूका लागि एक उदाहरणीय मतदान प्रणाली लागु गरेको छ। सन् २०१५ देखिनै यस देशले विदेशमा रहेका आफ्ना नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्दै आएको हो। यसका लागि युएईले विश्वभरि रहेका आफ्ना ९४ वटा दूतावास, कूटनीतिक नियोग र कन्सुलेट कार्यालयहरूलाई मतदान केन्द्रको रूपमा प्रयोग गरी मतदान कार्य सञ्चालन गरेको छ। यी सबै मतदान केन्द्रहरूको निर्धारणका लागि देशको निर्वाचन आयोग र विदेश मन्त्रालयद्वारा गरिने संयुक्त निर्णय कार्यान्वयनमा ल्याइन्छ। सम्बन्धित मतदान केन्द्रको आधिकारिक मतदाता सूचीमा दर्ता भएका मतदाताहरूले मात्र मतदान केन्द्रमा उपस्थित भई मतदान गर्न सक्छन्।

मतदान प्रक्रियामा युएईले आधुनिक प्रविधिको पनि व्यापक प्रयोग गरेको देखिन्छ। मतदाताको पहिचान गर्न बायोमेट्रिक प्रणालीमा आधारित स्मार्ट कार्डको प्रयोग गरिएको छ, जसले गर्दा मतदान प्रक्रिया पूर्ण रूपमा सुरक्षित र विश्वसनीय बनेको छ। कागजको मतपत्रको सट्टा यहाँ विशेष भोटिङ मेसिनको प्रयोग गरिएको छ, जसद्वारा मतदाताहरूले डिजिटल मतपत्रमा आफ्नो मत राख्छन्। यस डिजिटल प्रणालीले निर्वाचनलाई निश्चित, छिटो, पारदर्शी, विश्वसनीय, गोपनीय र सुरक्षित बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। सन् २०२३ मा भएको निर्वाचनमा यस देशले दुई दिनको सामान्य मतदान र चार दिनको विदेश मतदान अवधि तोकेको थियो। यस्तो मतदानमा मतदाताले व्यक्तिगत रूपमा उपस्थित भई मतदान गर्नुपर्ने व्यवस्था रहेको छ भने डाँक वा इन्टरनेट मार्फत मतदान गर्ने कुनै विकल्प उपलब्ध छैन। यस प्रणालीमा मतदान मेसिनको प्रयोग भए तापनि यो प्रत्यक्ष मतदान नै हो किनभने मतदाता आफैं व्यक्तिगत रूपमा मतदान केन्द्रमा उपस्थित भई मतदान गर्नुपर्छ ("Voting for UAE", 2015)।

## ४.१.४ ओमान

ओमानले सन् २०२२ मा म्युनिसिपल इलेक्सन (municipal election) मा पहिलो पटक डिजिटल मतदान प्रयोग गरेको हो। पहिलो पटक त्यहाँको आन्तरिक मन्त्रालयले "Intakib" एप्लिकेसन निर्माण गरेर त्यसको प्रयोगबाट डिजिटल मतदान गराउन सुरु गरेको हो। एपको विकास गरी त्यस एपलाई ओमन श्रम सङ्गठनको निर्वाचनमा प्रयोग गरेर त्यसको प्रभावकारिताको विश्लेषण गरिएको थियो। तत्पश्चात् म्युनिसिपल काउन्सिल (municipal council) को निर्वाचनमा पनि प्रयोग गरियो।[२] उक्त एप अत्याधुनिक डिजिटल प्रविधिको प्रयोग गरी बनाइएको छ। डिजिटल सुरक्षा र संरक्षण यसको मुख्य गुण हो। अनुहार चिन्ने र वरिपरिको क्षेत्रसँगको सञ्चार (near field communication) क्षमता यसको विशेषता हो। यसले मानिसको सजीवता लगायतको परीक्षण गर्न सक्छ। उक्त एपले सरकारको डिजिटल एक्सेलेन्स अवार्ड समेत प्राप्त गरेको छ। त्यसपछि आन्तरिक मन्त्रालयले "Intikhab" लाई "Intakib"

२ हेर्नुहोस्- https://timesofoman.com/article/124820?utm_

मा जोडेर चुनावका बारेमा सबै जानकारीहरू समेत र मतदाता नाम दर्ता, मतदाता क्षेत्र परिवर्तन, निर्वाचन प्रचार-प्रसार, उम्मेदवारी दर्ता गर्न दिन सकिने बनाइएको छ ।[३] मत गणनाका नतिजा र अन्य सुझावहरू समेत दिन सक्ने गरी नागरिकमैत्री एप बनाइएको छ र यसको प्रयोगबाट बाह्य मतदान गराउने गरिएको छ । यसको प्रयोगले म्युनिसिपल निर्वाचनमा मतदाताको सहभागिता बढ्दै गएको र एपको निर्वाचन कार्यमा प्रभावकारिता बढेको अध्ययनले पनि देखाएको छ ।[४]

### ४.१.५ भारत

विदेशमा बस्ने भारतीय नागरिकहरूले उनीहरू बसेकै स्थानबाट निर्वाचनमा मतदानका लागि नाम दर्ता र प्रमाणीकरण गर्न सक्ने व्यवस्था भारतमा छ । यद्यपि, मतदानका लागि भने आफ्नो नाम दर्ता रहेको सम्बन्धित मतदान केन्द्रमै पुग्नुपर्छ (Representation of the People (Amendment) Act, 2010) । यस अर्थमा त्यहाँ बाह्य मतदानका लागि आंशिक अवसर प्रदान गरिएको छ भन्न सकिन्छ । विदेशमा बसोबास गर्ने १८ वर्षभन्दा माथिका भारतीय नागरिकहरू (जसले अर्को देशको नागरिकता लिएका छैनन्) ले मतदाता फाराम प्रयोग गरेर आफ्नो गृह निर्वाचन क्षेत्रमा मतदाताको रूपमा नाम दर्ता गर्न सक्ने कानुनी प्रावधान भारतमा रहेको छ । यसका लागि उनीहरूले आफ्नो पासपोर्टमा उल्लिखित ठेगानाको आधारमा निर्धारित फाराम भरेर सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्दछन्, जसमा पासपोर्टको महत्त्वपूर्ण पानाहरू, भिसा र विदेशमा रहेको ठेगानाको विवरण समावेश गर्नुपर्छ (Election Commission of India, n.d.) । नाम दर्ता प्रक्रिया पूरा गर्न मतदाता नामावली दर्ता गर्ने सरकारी अधिकारीसमक्ष सशरीर उपस्थित भई आवश्यक कागजातहरूसहित फाराम भर्नुपर्दछ । यसरी निर्वाचन आयोगमा मतदाताको रूपमा नाम दर्ता भएका विदेशमा रहेका भारतीय नागरिकहरूले मतदानको समयमा भने आफ्नो स्थानीय पञ्चायतको मतदान केन्द्रमा उपस्थित भएर मात्र मतदान गर्न पाउँछन् । तर, भारतको निर्वाचन कानुनमा विदेशबाट नाम दर्ता गर्न पाउने व्यवस्था भए तापनि मतदान गर्ने प्रावधान भने नभएकाले विदेशबाट नै मतदान गर्न चाहिँ पाउँदैनन् ।

## ४.२ अन्य देशहरूमा बाह्य मतदानको अभ्यास

माथि उल्लिखित एसियाली देशहरूबाहेकका विश्वका अन्य धेरै मुलुकहरूमा बाह्य मतदान अभ्यासमा रहेका छन् । बेलायतमा सुरुमा बाह्य मतदानका लागि १५ वर्ष विदेशमा रहेको हुनुपर्ने व्यवस्था भएकोमा २०२४ देखि त्यसलाई हटाई विदेशमा रहने सबै नागरिकले चुनावमा मतदान गर्न सक्ने व्यवस्था गरिएको छ । पहिले नै मतदाता नामावली भएकाले मतदान गर्न पाउने र नयाँले अनलाइन मार्फत[५] दर्ता गर्न सक्ने बनाइएको छ । त्यहाँ तीन वर्षको अन्तरमा नागरिकले मतदाता सूचीमा आफूलाई पुनर्दर्ता गर्नुपर्छ ।

३ हेर्नुहोस् - https://www.muscatdaily.com/2022/12/13/the-ministry-of-interior-moi-has-launched-intakheb-i-vote-a-mobile-application-for-voters-to-vote-for-the-election-of-members-of-municipal-councils-for-the-third-term-on-tuesday/?utm_

४ हेर्नुहोस् - https://omannews.gov.om/topics/en/79/show/111110?utm_

५ हेर्नुहोस् -gov.uk/registertovote

इस्टोनिया लामो समयदेखि राष्ट्रिय निर्वाचनमा आई-भोटिङको अभ्यास गर्ने र उक्त अभ्यास अभ्यासबाट मुलुकका सबै नागरिकहरूलाई मतदानको अवसर उपलब्ध गराउने मुलुक हो। त्यहाँ सन् २०२३ को निर्वाचनमा करिब ५१ प्रतिशत मतदान आई-भोटिङबाट भएको थियो । बहुमतदान जस्ता अडिट गर्न पाउने अधिकार मतदातालाई दिएको छ; जसमा अन्तिमको मत मात्र गणना गर्ने प्रणाली छ। गोपनीयता, सुरक्षा लगायतका विषयमा इस्टोनियाको प्रणाली स्थापित नमुना हो। यसका अतिरिक्त स्वीजरल्याण्ड, नर्वे, क्यानडा, फ्रान्स, अष्ट्रेलिया आदि देशहरूले पनि यस्तो प्रणाली प्रयोग गरिरहेका छन्।

स्वीजरल्याण्डले विभिन्न क्यान्टोनहरूमा पाइलटिङ गरी प्रणालीलाई स्तरीकृत गर्दै २०२३ को सङ्घीय निर्वाचनमा पनि प्रयोग गरेको छ । पारदर्शिता, सार्वजनिक अडिट र खुला स्रोतका सफ्टवेयरहरूकै प्रयोगलाई आई-भोटिङ प्रणाली निर्माणमा प्राथमिकीकरण गरिएको छ । नर्वेले सन् २०११ देखि आई-भोटिङलाई परीक्षण गर्दै २०११ को पालिकास्तरीय निर्वाचन र २०१३ को संसदीय निर्वाचनमा केही म्युनिसिपालिटीहरूमा परीक्षण प्रयोग गरेको थियो (Government of Norway, 2019) । यसबाट मतदाताले आफ्नै मतका बारेमा सबै जानकारी लिन पनि सक्ने गरी बलियो प्रणाली बनेको अवस्था भए तापनि पछि यसलाई निरन्तरता दिइएन (International IDEA, 2018) । नर्वे सरकारकै अध्ययन (Government of Norway, 2019) ले यस प्रणालीको प्रयोग गर्दा मतदानको सङ्ख्यामा वा मतसङ्ख्यामा उल्लेख्य सुधार हुन सकेन भन्ने देखिएपछि राजनैतिक स्वीकारोक्तिको अभाव, न्यून सहभागिता, निर्वाचन सुरक्षा र निर्वाचनको मान्यताजस्ता विषहरू देखाउँदै यसलाई स्थगन गरिएको थियो (ACE Electoral Knowledge Network, n.d.) ।

यसैगरी, अन्य अभ्यासहरूलाई हेर्दा, फ्रान्सले विदेशमा रहनेहरूका लागि आई-भोटिङ प्रयोगमा ल्याएको छ । क्यानडाले म्युनिसिपालिटी तहमा प्रयोगमा ल्याएको छ र म्युनिसिपालिटीहरू मतदान विधिको छनोटमा स्वतन्त्र हुने हुँदा सोही अनुसार प्रयोग भएको देखिन्छ । अष्ट्रेलियाको न्यूसाउथवेल्सले पनि आई-भोटिङ प्रणाली प्रयोगमा ल्याएको छ र प्रणालीमा भएको खराबीहरूका बारेमा अध्ययन अनुसन्धान भई सुधारका कार्य पनि भएको पाइन्छ । यसरी हेर्दा प्रविधिप्रतिको विश्वास र यसमा रहने सुरक्षा जटिलताहरूलाई विशेष ध्यान दिँदै आई-भोटिङ मार्फत जनताको मताधिकार सुरक्षित गर्ने अन्तर्राष्ट्रिय अभ्यास धेरै देखिन्छ। समग्रमा, संसारका अधिकांश देशहरू कुनै न कुनै माध्यमबाट विदेशमा रहेका आफ्ना नागरिकहरूलाई मतादानको अवसर सुनिश्चित गर्न प्रयासरत छन् भन्ने नै देखिन्छ। विदेशमा बस्ने नागरिकहरूलाई मतदानको अधिकार दिएका अन्य देशहरू र तिनको अभ्यासमा देखिएको मतदानको अवस्थाबारे विस्तृत विवरण अनुसूची-६ र ७ मा उपलब्ध छ। बाह्य मतदानसम्बन्धी विभिन्न मुलुकहरूका यी अभ्यासहरूलाई हेर्दा निर्वाचनको प्रक्रियामा नागरिकहरूलाई सहभागी गराउन सरल र सहज दर्ता प्रक्रिया, मिश्रित मोडलको मतदान विधि र गणनामा पारदर्शिता तथा मतको सुरक्षाका विषयमा ध्यान पुऱ्याउँदा मतदानमा नागरिक सहभागिताको बढी उन्नत प्रजातान्त्रिक अभ्यास गर्न सकिने देखिन्छ ।

## ४.३ बाह्य मतदानसम्बन्धी अभ्यासमा मतदाता सहभागिताको अवस्था

कुनै पनि मुलुकले निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बसोबास गर्ने नागरिकहरूका लागि बाह्य मतदान विधिको प्रयोग गरेर मतदानमा सहभागिताको प्रबन्ध गर्नु मताधिकार संरक्षणको एउटा

पक्ष हो । यसरी सम्पन्न निर्वाचनमा कति मतदाताहरू सहभागी भइरहेका छन् भन्ने यसको अर्को पक्ष हो । यसरी हुने सहभागिता मतदाता दर्ताबाट सुरु भएर मतपरिणाममा अन्त्य हुने भएकाले यसबिचमा हुने प्रक्रियागत पक्षहरूको समीक्षा हुन आवश्यक हुन्छ । यहाँ यससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासका सम्बन्धमा सङ्क्षिप्तमा विवेचना गरिएको छ ।

### ४.३.१ मतदाता दर्ता

निर्वाचनका लागि मतदाताको नाम दर्ताका लागि सक्रिय र निष्क्रिय गरी दुई विधिहरू प्रचलनमा रहेका छन् । यसको अर्थ मतदाता आफैँले नाम दर्ता गराउने (सक्रिय) र राज्यबाट स्वतः नाम दर्ता हुने (निष्क्रिय) भन्ने हो । उल्लिखित दुई विधिहरूमध्ये राज्यबाट स्वतः नाम दर्ता गरिदिने निष्क्रिय विधि चाहिँ बढी प्रभावकारी हुने गरेको अन्तर्राष्ट्रिय अभ्यासबाट देखिन्छ । विभिन्न ५७ वटा देशहरूले प्रयोग गरेको अन्तर्राष्ट्रिय अभ्यासहरूको समीक्षा गर्दा मतदाता आफैं सक्रिय भएर मतदाता नामावलीमा नाम दर्ता गर्ने विधिको प्रभावकारिता न्यून रहेको देखिन्छ (चित्र ६ (क), (ख) र (ग)) । यद्यपि, यो दर मुलुक अनुसार र निर्वाचनको प्रकृति अनुसार फरक हुने पाइएको छ भने यस्तो तथ्याङ्क र अवस्था सबैमा एउटै नभएर देशगत रूपमा फरक-फरक हुने गरेको देखिन्छ । साथै, यसरी हुने मतदाताहरूको नामदर्ता उक्त मुलुकको जम्मा मतदाताको अनुपातमा औसत २.७ प्रतिशत (न्यूनतम ०.०८ देखि अधिकतम १४.२ प्रतिशतसम्म) मात्र हुने गरेको पनि देखिन्छ (International IDEA, n.d. - c) । यो तथ्य राष्ट्रपति निर्वाचन तथा राष्ट्रिय विधायिकाको निर्वाचनमा मतदानका लागि विदेशबाट नाम दर्ता भएको २०२२ अप्रिलसम्मको तथ्याङ्कको आधारमा International IDEA बाट भएको अनुसन्धानमा आधारित छ

**चित्र ६(क): विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ)**



**चित्र ६(ख)ः विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ)**




**चित्र ६(ग)ः विभिन्न देशहरूमा बाह्य मतदानका लागि मतदाता आफैं सक्रिय भएर नाम दर्ता गर्ने मतदाताको प्रतिशत (१, २, ३... ले देशहरूको नाम सङ्केत गर्दछ)**




चित्र ६ (क, ख, ग) ले बाह्य मतदानमा विदेशबाट नाम दर्ता भएका मतदाताको सङ्ख्या उक्त निर्वाचनका लागि दर्ता भएका कुल मतदाताको तुलनामा अत्यन्त न्यून रहेको देखाएको छ। तथ्याङ्क अनुसार केवल आठ वटा देशहरूमा कुल दर्ता मतदाताको ६ प्रतिशतभन्दा बढी मतदाता विदेशबाट दर्ता भएका छन्। इटाली र टर्कीजस्ता धेरै डायस्पोरा भएका देशमा विदेशबाट नाम दर्ता गर्ने मतदाताहरू कुल मतदाताको क्रमशः ८.२५ प्रतिशत र ५.१३ प्रतिशत रहेका छन् भने यस्तै ठुलो सङ्ख्यामा डायस्पोरा भएको देश मेक्सिकोमा भने विदेशबाट नाम दर्ता भएका मतदाताको हिस्सा केवल ०.२० प्रतिशत मात्र रहेको छ। त्यसैले, यस तथ्याङ्कले विदेशबाट हुने नाम दर्ताको मुख्य निर्धारक विदेशमा बस्ने जनसङ्ख्या हो भन्ने तर्कलाई समर्थन गर्दैन।

### ४.३.२ बाह्य मतदानको अवस्था

मतदाता नामावलीमा नाम दर्ता भएपश्चात् त्यसरी दर्ता भएका मतदाताहरूबाट हुने मतदानको अवस्था सम्बन्धमा विश्वका विभिन्न ६४ देशहरूको अभ्यासलाई International IDEA (2022) को प्रतिवेदनका आधारमा हेर्दा औसतमा २.८ प्रतिशत मात्र (न्यूनतम ०.०५ प्रतिशतदेखि अधिकतम १४.२ प्रतिशतसम्म मात्र) मतदान हुने गरेको देखिन्छ (चित्र ७) । विभिन्न देशहरूमा (विदेशमा) रहेका मतदाताले गर्ने नामावली दर्ता र मतदानको दरको अनुपातको विस्तृत विवरण भने अनुसूची ८ मा समावेश गरिएको छ । यस तथ्याङ्कबाट विदेशमा बस्ने सबै नागरिकहरू आफ्नो मुलुकमा हुने/भएको निर्वाचनमा सहभागी हुन इच्छुक चाहिँ हुदैनन् र मतदानमा सहभागिताको इच्छासहित नामदर्ता गरेकाहरू पनि सानो सङ्ख्यामा मात्र मतदानमा सहभागी हुने गर्दछन् भन्ने प्रस्ट देखिन्छ ।

**चित्र ७: समग्र मतदानमा विदेशमा बस्नेहरूबाट भएको कुल मतदान**




*स्रोतः International IDEA (2022)*

यसैगरी, बाह्य मतदानका लागि विश्वका विभिन्न ५५ देशहरूबाट नाम दर्ता गरेका मतदाताहरू र उनीहरूले गरेको मतदानको अवस्था सम्बद्ध अर्को तथ्याङ्कलाई अध्ययन गर्दा यसमा पनि कुल बसोबासीको अधिकतम १४.२ प्रतिशतदेखि न्यूनतम ०.०७ प्रतिशतसम्मले (औसत २.६३ प्रतिशत) नामदर्ता गरेको देखिन्छ भने उक्त नाम दर्ताबाट अधिकतम ७.५ प्रतिशतदेखि न्यूनतम ०.०४ प्रतिशतसम्म (औसत १.०८ प्रतिशत) मात्र मतदानमा सहभागी भएको देखिन्छ (International IDEA, n.d.-a)। यस तथ्याङ्कबाट एकातिर डायस्पोरा जनसङ्ख्या जतिसुकै धेरै भए तापनि सबैजना बाह्य मतदान प्रक्रियामा सहभागी नहुने गरेको देखिन्छ भने अर्कातिर नाम दर्ता र मतदानमा सहभागिताबिचको अनुपातमा खासै अन्तरसम्बन्ध रहेको देखिँदैन। यसको अर्थ नाम दर्ता धेरै हुँदा मतदान कम भएको अवस्था पनि देखिन्छ भने मतदाता दर्ता सानो सङ्ख्यामा हुँदा पनि मतदान गर्नेको प्रतिशत ठुलो रहेको अवस्था पनि छ (चित्र ८)। त्यसैले, कुल मतदाताको नाम दर्ताको अनुपातमा बाह्य मतदानका लागि मतदाता नाम दर्ता र त्यसबाट हुने बाह्य मतदान दरको आपसी सहसम्बन्ध नरहेको स्पष्ट देखिन्छ। वैदेशिक नाम दर्ता अनुपात धेरै भएका देशहरूको वैदेशिक मतदान दर धेरै पनि र थोरै पनि दुवै प्रकारको छ। यस्तै अवस्था नाम दर्ता अनुपात कम भएका देशहरूको पनि देखिन्छ (अनुसूची ८)। त्यसैले, बाह्य मतदान दरलाई प्रभावित गर्ने अवस्थाहरू पूर्वानुमान गर्न नसकिने प्रस्ट हुन्छ ("List of sovereign", n.d.; International IDEA, 2022)।

**चित्र ८: बाह्य मतदानमा विदेशबाट नाम दर्ता गर्ने र मतदानमा सहभागी हुनेहरूको प्रतिशत**




*स्रोतः International IDEA, n. d.-b*

यसैगरी, विदेशमा रहेका नागरिकहरूले गर्ने बाह्य मतदानको अवस्थासम्बद्ध अर्को एक तथ्याङ्कलाई हेर्दा नाम दर्ता गर्नेहरूको तुलनामा औसतमा ४५ प्रतिशत (न्यूनतम ४ प्रतिशतदेखि अधिकतम ९४ प्रतिशतसम्म) ले मात्र मतदान हुने गरेको देखिन्छ। यसरी भएको निर्वाचनमा त्यही बखतमा स्वदेशमा भएको मतदान (घरेलु मतदान) को दर भने औसतमा ६६ प्रतिशत (न्यूनतम २३ प्रतिशतदेखि अधिकतम

९८ प्रतिशतसम्म) भएको देखिन्छ (चित्र ९ (क), (ख), (ग)) । यसबाट पनि मतदानका लागि नाम दर्ता मात्र ठुलो विषय नभई अन्य विविध पक्षहरूले मतदानलाई असर गर्ने गरेको भन्न सकिन्छ । विश्वका ५९ वटा देशहरूमा विभिन्न समयमा सम्पन्न भएका निर्वाचनहरूमा भएको जनसहभागिताको यस अवस्थाबाट पनि बाह्य मतदान र घरेलु मतदानका बिचमा सम्बन्ध नभएको देखिन्छ (International IDEA, n.d.-b) यससम्बन्धी विस्तृत विवरण अनुसूची-९ मा समावेश गरिएको छ ।

**चित्र ९(क): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था (कुल ५९ देशहरू)**




**चित्र ९(ख): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था (कुल ५९ देशहरू)**



**चित्र ९(ग): स्वदेशमा हुने मतदान र बाह्य मतदानमा मतदाताहरूको सहभागिताको अवस्था (कुल ५९ देशहरू)**




## ४.४ बाह्य निर्वाचन व्यवस्थापनको अन्तर्राष्ट्रिय अभ्यासबाट नेपालका लागि सिकाइहरू

नेपालको डायास्पोरा ठुलो भएकाले ठुलो जनसमुदायलाई मतदानको अवसर प्रदान गर्न नयाँ प्रविधि र उच्च व्यवस्थापनको आवश्यकता पर्दछ । नागरिकलाई मतदाताको रूपमा दर्ता गर्दा नेपाली नागरिकता भएको र निर्वाचन नियम अनुसार मतप्रदान गर्न योग्य उमेर भएको हुनुपर्छ । असम्बन्धित व्यक्तिले मतदानको अधिकार पाउँदा राजनीतिक जटिलता बढ्नुका साथै भूराजनैतिक प्रभाव बढाउने र अन्ततः मुलुकको सार्वभौमसत्तामाथि नै खतरा बढ्ने भएकाले सही मतदाता पहिचान गर्न मतदातासूचीमा दर्ताका लागि बसोबासको स्थानका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानीलाई प्रमुख आधार बनाउनुका साथै बाह्य देशको नागरिक नभएको स्वघोषणा समेतको व्यवस्था गर्न उपयुक्त हुन्छ ।

मुलुकमा बाह्य मतदान प्रक्रिया सुरू गर्नुअघि यससम्बन्धी पक्ष र फरक धारणालाई गहन अध्ययन गर्नुपर्ने हुन्छ । एकातर्फ बाह्य मतदान प्रक्रियालाई समर्थन गर्नेहरू यो अधिकार नेपाली नागरिकको संवैधानिक अधिकार र मानव अधिकार दुवै भएकाले कसैलाई पनि यसबाट वञ्चित गरिनु हुँदैन भन्ने तर्क गर्दछन् । अर्कोतर्फ, बाह्य मतदानको प्रक्रिया निकै खर्चिलो र व्यवस्थापनको हिसाबले जटिल भएकाले यो सम्भव छैन भन्नेहरू छन् । यसबाहेक, विदेशमा रहेकाहरूको मतले राष्ट्रिय राजनीतिमा खासै प्रभाव पार्दैन भन्ने र उनीहरूलाई देशको वर्तमान अवस्थाको जानकारी नभएको हुन सक्ने आशङ्का पनि रहेको छ । मतदानको अधिकार त्यसै मातृभूमिमा बसी प्रत्यक्ष रूपमा शासन व्यवस्था भोग्ने नागरिकलाई मात्र हुनुपर्छ

भन्ने मान्यता रहेको पनि देखिन्छ भने विदेशमा हुने मतदानले बाह्य शक्तिहरूलाई मुलुकको राजनीतिमा हस्तक्षेप गर्ने मार्ग खुल्ला गर्ने सम्भावना रहने तर्क गर्नेहरू पनि रहेका छन् ।

यी सबै सकारात्मक र नकारात्मक पक्षहरूलाई गम्भीरतापूर्वक विश्लेषण गरेपछि, नेपालले आफ्ना सबै नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्ने व्यवस्था मिलाउनु अनिवार्य हुन्छ । नेपालको संविधान र सर्वोच्च अदालतको निर्देशनले पनि यसैतर्फ सङ्केत गर्दछ । विभिन्न तर्कहरूलाई उपयुक्त व्यवस्थापन गर्नका लागि छलफलको विषय बनाउन सकिन्छ, तर ती तर्कहरूका आधारमा नागरिकहरूलाई मौलिक अधिकारबाट वञ्चित गर्नु उचित हुँदैन । विदेशमा रहेका नागरिकहरूको विविधता, विभिन्न देशहरूको कानुनी संरचना र प्रविधिको पहुँच जस्ता कारणले गर्दा नेपालले अन्तर्राष्ट्रिय अनुभवहरूलाई हेरी आफ्नै मिश्रित मोडेल विकास गर्नुपर्ने आवश्यकता छ । यसका लागि कानुनी रूपमा स्पष्ट व्यवस्था गरी कार्यान्वयनमा ल्याउनु जरूरी छ । विदेशमा मतदानको व्यवस्थापनमा देहायबमोजिमका कदमहरूको तयारी अनिवार्य छः पहिलो, वर्तमान संवैधानिक र कानुनी व्यवस्थाको पुनरावलोकन गरी आवश्यक कानुन बनाउने । दोस्रो, मतदाताको पहिचान र प्रमाणीकरण गरी दर्ता र मतदाता परिचयपत्रको व्यवस्था मिलाउने । तेस्रो, मतदानको विधि निर्धारण गर्ने र मतदातालाई शिक्षित गर्ने । चौथो, मतदाता दर्तादेखि मत गणनासम्मको पूर्ण प्रक्रियालाई सुरक्षित, पारदर्शी, विश्वसनीय र गोप्य बनाउने । पाँचौं, अनुगमन र मूल्याङ्कन गरी आवश्यक सुधार ल्याउने ।

यसरी क्रमिक रूपमा अगाडि बढ्दा नै विदेशमा रहेका नेपालीहरूका लागि समावेशी र न्यायोचित मतदान व्यवस्था सुनिश्चित गर्न सकिन्छ भन्ने अध्ययनबाट देखिन्छ । यसका लागि मुख्य कुरा राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता, नीतिगत व्यवस्था र त्यसैअनुरूपको द्रुत तयारी महत्त्वपूर्ण हुन्छ । त्यसैले, यसका लागि देहाय अनुसारको प्रारम्भिक तयारी गरिनुपर्ने हुन्छः

१) बाह्य मतदाताहरूको बसाइको निर्धारण गर्ने, मतदाता नामावलीमा नामदर्ता र प्रमाणीकरण गर्ने, मतदान विधि तय गर्ने, बहुदिवसीय मतदानको निर्धारण गर्ने, आवश्यक सुरक्षा, गोपनीयता व्यवस्था मिलाउने र पूर्वसूचना उपलब्ध गराई नागरिकहरूलाई मतदान प्रक्रियामा सहभागिताको सुनिश्चितता गर्ने ।

२) डिजिटल प्लेटफर्म, मतपत्र, मतपेटिका, फाराम, आवश्यक जनशक्ति, प्रविधि र अन्य सबै आवश्यक तयारी गर्ने ।

३) मतदान हुने देश (बाह्य देश) सँग कूटनीतिक पहल गरी आवश्यक सहमति र सहयोग लिने तथा आवश्यक परेको खण्डमा दुई देशबिच औपचारिक सहयोग सम्झौता गर्ने ।

४) नेपालमा अन्तरमन्त्रालय र अन्तर-निकाय समन्वय र तालमेल कायम गर्ने ।

५) सबैभन्दा महत्त्वपूर्ण - निर्वाचनमा सहभागी हुने राजनैतिक दल र मतदाताहरूलाई देशले प्रयोगमा ल्याउने मतदान विधिमा विश्वसनीयतासहितको स्वीकारोक्ति कायम गराउनु पर्ने ।

### ४.४.१ प्रवासी नेपाली नागरिकहरूको सङ्ख्या

हाल कति नेपाली नागरिकहरू विदेशमा बसोबास गरिरहेका छन् भन्ने सम्बन्धमा कुनै आधिकारिक र एकिन तथ्याङ्क उपलब्ध नभए तापनि नेपालमा उच्च शिक्षा आर्जन र रोजगारीका सन्दर्भमा हुने बाह्य (अन्तर्राष्ट्रिय) बसाइँसराइको दर पछिल्ला वर्षहरूमा बढिरहेको उपलब्ध विभिन्न तथ्याङ्कबाट पुष्टि हुन्छ । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाले २१ लाख ९० हजार ५ सय ९२ जना नेपालीहरू मुलुकमा अनुपस्थित रहेको (विदेशमा बस्ने गरेको) जनाएको छ । सन् २०२१-२०५१ का लागि नेपालको ३० वर्षे जनसङ्ख्या प्रक्षेपण (NSO, 2025) ले सन् २०३० सम्म पुरूष प्रवासीहरूको वृद्धिदर स्थिर रहने तथा महिलाहरूको तीन गुणाले बढ्ने भनी गरेको प्रक्षेपणलाई आधार मान्दा सन् २०२५ मा नेपालमा अनुपस्थित जनसङ्ख्या करिब २४ लाख पुगेको देखिन्छ । नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रम शक्ति सर्वेक्षण, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण लगायतका सबै सरकारी सर्वेक्षणहरू यसै तथ्याङ्कमा आधारित भएकाले यी सबैमा एकैखालको तथ्याङ्क प्रयोग भएको छ । संयुक्त राष्ट्रसंघ जनसङ्ख्या विभाग (UNDESA, Population Division, 2024) ले भने नेपाली आप्रवासीको सङ्ख्या ४७ लाख रहेको उल्लेख गरेको छ ।

वि.सं. २०७७ देखि २०८१ फागुन ७ गतेसम्मको पछिल्लो अवधिमा ६ लाख ६८ हजार ९ सय ४३ जना नेपाली विद्यार्थीले विदेशमा अध्ययन गर्न वैदेशिक अध्ययन अनुमतिपत्र (No-Objection Certificate [NOC]) लिएका छन् (Capital Headline, 2025) । भारतमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीमध्ये धेरैजसोले NOC नलिई जाने गरेको अवस्था एकातिर छ भने अन्य मुलुकमा अध्ययन प्रयोजनार्थ NOC लिएका सबै विद्यार्थीहरू विदेश नगएको हुनसक्ने अवस्था पनि अर्कातिर छ । त्यसैले, वैदेशिक अध्ययनमा गएका सबै नेपाली विद्यार्थीहरूको सङ्ख्या पनि एकिन गर्न सकिने अवस्था छैन ।

विगत पाँच वर्षको तथ्याङ्कले ३५ लाख १६ हजार ९ सय ६५ नेपालीहरू श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको देखिन्छ भने आर्थिक वर्ष २०८१/८२ सम्ममा विश्वका १ सय ७८ मुलुकहरूमा नेपाली युवाहरू पुगिसकेका छन् (अधिकारी, २०८२) । आर्थिक वर्ष २०८१/८२ मा ८ लाख ३९ हजार २ सय ६६ युवाहरू श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको र यसरी जानेहरूमा ६०.२८ प्रतिशत नयाँ तथा बाँकी पुनः श्रम स्वीकृति लिएर गएको (वैदेशिक रोजगार विभागको पत्रकार सम्मेलन, २०८२ साउन २ गते) देखिन्छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा ७ लाख ४१ हजार २ सय ९७ जना तथा आ.व. २०७९/८० मा ७ लाख ७१ हजार ३ सय २७ युवाहरू विभिन्न देशमा श्रमका लागि पुगेका छन् । पूर्णकालीनसहित मौसमी कामदारका रूपमा भारतमा जाने, भिजिट भिसामा खाडी देशसहित विभिन्न मुलुकमा काममा जाने, अवैधानिक बाटोबाट विदेश काममा जाने तथा विश्वका विभिन्न मुलुकमा गई व्यापार-व्यवसाय गर्ने, उच्च तहको अध्ययन गर्ने तथा अस्थायी/स्थायी बसोबासको अनुमति पाएर विदेशमा बसिरहेका नेपालीहरूको सङ्ख्या समेत थपिँदा यो सङ्ख्या पनि ठुलै (५० लाखको हाराहारीमा) रहेको अनुमान लगाउन सकिन्छ; यद्यपि, यसको पनि एकिन र प्रामाणिक आँकडा भने छैन ।

The Diplomat Nepal ले करिब ६० लाखको सङ्ख्यामा नेपाली डायस्पोरा रहेको अनुमान गरेको छ (Tiwari et al., 2025) । गैरआवासीय नेपाली संघले विदेशी मुलुकको स्थायी बसोबास कार्ड तथा नागरिकता लिएकासमेत गरेर ८० लाखजति नेपालीहरू विदेशमा रहेको दाबी गरिरहँदा संघकै Conclave Report ले ३५ लाखको हाराहारीमा नेपाली नागरिकहरू विदेशमा रहेको स्वीकारेको देखिन्छ । केही मिडियाहरू (जस्तैः अधिकारी, २०८२) ले विगत पाँच वर्षमा आधिकारिक रूपमा श्रम स्वीकृति लिएर ३५ लाख १६ हजार ९६५ नेपालीहरू वैदेशिक रोजगारीमा गएको तथा विश्वका १ सय ९३ देशमध्ये १ सय ७८ मुलुकमा वैदेशिक रोजगारीका लागि नेपालीहरू पुगेको उल्लेख गरेको छ । साथै, कति नेपालीहरू विदेशबाट नेपालमा फर्किएर बसोबास गरिरहेका छन् भन्ने यथार्थ तथ्याङ्कको पनि अभाव नै छ ।

यसरी विदेश जाने नागरिकहरूको प्रयोजन र गन्तव्य फरक-फरक हुनुका साथै समय (महिना/वर्ष) पनि फरक हुने भएकाले स्रोत अनुसार तथ्याङ्क फरक-फरक हुनु स्वाभाविक नै हो । त्यसमा पनि तथ्याङ्कको गणना कुनै अनुमतिमा त कुनै प्रस्थानमा आधारित हुनुका साथै कुनै बसोबासमा आधारित र कुनै सरकारी पहुँचबाहिरको समेत भएकाले आँकडाहरू फरक देखिएका हुन् । त्यसैले, उल्लिखित सबैखाले तथ्याङ्कलाई मनन गर्दा समग्रमा हाल ५० लाखको हाराहारीमा नेपाली नागरिकहरू मुलुकबाहिर रहेको अनुमान गर्न सकिन्छ; जुन कुल मतदाताको एक चौथाइ (२५ प्रतिशत) तथा कुल जनसङ्ख्याको करिब १७ प्रतिशत हुन आउँछ ।

# परिच्छेद ५

# बाह्य मतदानको विधिगत समीक्षा र नेपालको सन्दर्भ

विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय श्रम प्रवासन र नागरिकको सीमापार आवागमन तीव्र रूपमा बढ्दै गएको वर्तमान सन्दर्भमा लोकतान्त्रिक शासन व्यवस्थाले नागरिकको राजनीतिक अधिकारलाई भौगोलिक सीमाभन्दा बाहिरबाट पनि सुनिश्चित गर्नुपर्ने विषय झन् महत्त्वपूर्ण बन्दै गएको छ । यसै पृष्ठभूमिमा बाह्य मतदानलाई देशबाहिर रहेका नागरिकहरूलाई देशको निर्वाचन प्रक्रियामा समावेश गर्ने प्रमुख लोकतान्त्रिक उपकरणका रूपमा लिन सकिन्छ । यसका लागि, विभिन्न देशहरूले आफ्नो संवैधानिक संरचना, प्रशासनिक क्षमता, प्रविधिको उपलब्धता र जोखिम व्यवस्थापनको स्तरअनुसार राजदूतावासमा आधारित प्रत्यक्ष मतदान, हुलाकबाट मतपत्र पठाएर गरिने मतदान, प्रोक्सी (प्रतिनिधि मार्फत गरिने) मतदान तथा सूचना प्रविधिमा आधारित विद्युतीय मतदानजस्ता विधिहरू अवलम्बन गर्दै आएका छन् । यद्यपि, यस्ता प्रत्येक विधिहरू पहुँच, विश्वसनीयता, गोपनीयता, लागत, समावेशिता, सर्वस्वीकार्यता र निर्वाचनको अखण्डताजस्ता आधारभूत लोकतान्त्रिक मापदण्डका दृष्टिले समान रूपमा प्रभावकारी भने छैनन् र हुँदैनन पनि । त्यसैले, बाह्य मतदानका विधिहरूको तुलनात्मक समीक्षाले केवल यस्ता विधिहरूको सापेक्षिक सबलता र सीमाहरू मात्र उजागर नगरी कुनै पनि देशको सन्दर्भ अनुकूल सुरक्षित र व्यावहारिक बाह्य मतदान मोडेल छनोटका लागि सुदृढ नीतिगत आधार पनि प्रदान गर्दछ । यसै सन्दर्भलाई मध्यनजर गरी यहाँ बाह्य मतदानका उल्लिखित चारवटै विधिहरूको तुलनात्मक समीक्षा गरिएको छ ।

## ५.१ बाह्य मतदानका मुख्य विधिहरूको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू

सबै रणनीतिक कार्यहरूको आ-आफ्नै सबल र कमजोर पक्षहरू हुन्छन् । त्यसमा पनि निर्वाचन पहुँच, समावेशीकरण र सहभागिता तथा निर्वाचन सफलताका लागि निर्वाचनमा प्रयोग हुने मतदान विधिको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि मतदान विधि आफैंमा पूर्ण हुँदैन; त्यसैगरी आफैंमा असल र खराब पनि हुँदैन । यस्ता विधिहरूको सबलता तिनको प्रयोगको सन्दर्भ, परिवेश तथा नतिजाले निर्धारण गर्ने हो । त्यसैले, यहाँ निर्वाचनमा मतदानका लागि प्रयोग हुने मुख्य तीन विधि वा तरिकाहरूको रणनीतिक समीक्षाको सार प्रस्तुत गरिएको छ, जुन मुख्यगरी Barrat et al. (2023); Benaloh et al. (2013); Cortier et al. (n.d.); US Election Assistance Commission, (2021); Ehin et al. (2022); Enguehard and Lehn (2009); International IDEA (2002); Organization for Security and Cooperation in Europe (2010; 2025); Regenscheid & Hastings (2008); Springall et al. (2014); The Elections Group (2024), Trail of Bits (2020) आदि स्रोतहरूमा आधारित छ ।

## तालिका ४ः भौतिक रूपमा मतदाता स्वयम् उपस्थित भई प्रत्यक्ष मतदान गर्ने विधि

| | |
|---|---|
| सबल पक्षहरू | (अ) प्रत्यक्ष रूपमा मतदान केन्द्रमा उपस्थित भई कागजी मतपत्र खसाल्ने परम्परागत पद्धति तुलनात्मक रूपमा विश्वसनीय र व्यापक रूपमा स्वीकार्य प्रणाली हो ।<br>(आ) मतदाता, राजनीतिक दल, पर्यवेक्षक र निर्वाचन अधिकृतहरू सबै सँगै उपस्थित हुने भएकाले निर्वाचनलाई पारदर्शी मानिन्छ ।<br>(इ) दुर्गम र ग्रामीण क्षेत्रका, सीमित डिजिटल क्षमता भएका, ज्येष्ठ नागरिक, डिजिटल पहुँच नभएको वर्ग लगायतका मतदाताका लागि पनि यो सजिलो विधि हो ।<br>(ई) कुनै पनि डिजिटल उपकरण वा इलेक्ट्रोनिक प्रणालीको आवश्यकता नपर्ने भएकाले प्रविधि बिग्रने, सर्भर डाउन हुने, प्रणाली ह्याक हुनेजस्ता जोखिमहरू रहँदैन ।<br>(उ) मतको गोपनीयता कायम गर्न र सुरक्षित भण्डारण गर्न सकिन्छ ।<br>(ऊ) निर्वाचन अनियमिततालाई तुरून्तै नियन्त्रण वा सम्बोधन गर्न सकिन्छ ।<br>(ऋ) मतगणना प्रक्रियामा राजनीतिक दलका प्रतिनिधिहरू प्रत्यक्ष रूपमा सहभागी हुने हुँदा निर्वाचन विवाद न्यून हुन्छ ।<br>(ए) निर्वाचन प्रक्रिया र परिणाम दुवैको उच्च सर्वस्वीकार्यता रहन्छ । |
| कमजोर पक्षहरू | (अ) दुर्गम तथा ग्रामीण इलाका, उच्च पहाडी तथा हिमाली क्षेत्र र ठुलो भीडभाड हुने सहरी मतदान केन्द्रसम्म पुग्न र त्यहाँ गएर मतदान गर्न कठिन, खर्चिलो र समय लाग्ने हुन्छ ।<br>(आ) हजारौं मतदान केन्द्रहरूको व्यवस्थापन, सुरक्षाकर्मी र कर्मचारीको परिचालन, मतपेटिकासहित कागजी सामग्रीको खरिद, प्रिन्टिङ, ढुवानी आदिमा अत्यधिक खर्च लाग्ने तथा चुनावी प्रक्रिया पूरा गर्न लामो समय लाग्ने भएकाले यो खर्चिलो, ढिलो (सुस्त) र समय खाने विधि हो ।<br>(इ) मतदाताहरूलाई त्रसित गराउने, भ्रम फैलाएर मतदाताको मनोबल कमजोर गर्ने, हुलहुज्जत गर्ने, बुथ कब्जा गर्ने, मतपेटिका कब्जा गर्ने, तोडफोड गर्ने जस्ता निर्वाचन अनाचरणका अवैध गतिविधि हुने सम्भावना उच्च हुन्छ ।<br>(ई) प्राकृतिक विपत्तिका घटनाले मतदानमा अवरोध पुऱ्याउन सक्छ ।<br>(उ) मतदाताहरूको भीड नियमनमा कमजोरी हुँदा विवाद बढ्ने र झगडा समेत हुने अवस्था आउँछ ।<br>(ऊ) मतदाता सूची व्यवस्थापन, मतदाता पहिचान, मतपत्र वितरण, मतदान व्यवस्थापन, मतगणना प्रक्रिया आदिमा मानवीय गल्ती तथा प्रशासनिक त्रुटिको सम्भावना रहन्छ । |

| | |
|---|---|
| | (ऋ) राजदूतावासहरूमा जनशक्तिको न्यूनता रहनुका साथै केही राजदूतावास र कूटनीतिक निकायहरू भाडाका घर वा अपार्टमेन्टहरूमा रहेकाले तिनीहरू प्रत्यक्ष उपस्थितिमा गरिने निर्वाचनका लागि उपयुक्त छैनन् । |
| अवसरहरू | (अ) निर्वाचन प्रशासन सुधार तथा आधुनिक प्रविधिको प्रयोगबाट मतदाता पहिचान प्रणालीलाई डिजिटल आइडी, बायोमेट्रिक प्रमाणीकरण, क्यूआरमा आधारित सूची अद्यावधिक आदि गरेर प्रत्यक्ष मतदानलाई अझ सुरक्षित बनाउन सकिन्छ ।<br>(आ) प्रत्यक्ष मतदान सर्वाधिक भरोसायोग्य ठानिने भएकाले यसको बलियो व्यवस्थापनले लोकतान्त्रिक विश्वसनीयता र राजनीतिक स्थायित्वलाई मजबुत बनाउँछ ।<br>(इ) मतदान केन्द्रहरूको व्यवस्थापनमा सामुदायिक जागरण, युवा परिचालन, निर्वाचन साक्षरता आदिलाई जोडेर नागरिक सहभागिता बढाउन सकिन्छ ।<br>(ई) ब्रेल प्रविधिको प्रयोग, विशेष बुथ निर्माण, मोबाइल-मतदान टोलीको परिचालन जस्ता सुधारले भौतिक मतदानलाई अपाङ्गता र ज्येष्ठ नागरिकमैत्री (समावेशी) बनाउन सहयोग गर्छ । |
| चुनौतीहरू | (अ) विदेशमा रहेका, अन्तर्निर्वाचन क्षेत्रमा बस्ने, रोजगारीमा व्यस्त तथा अस्वस्थ, अशक्त मतदाताका लागि व्यवहारिक रूपमा असम्भव विधि हो ।<br>(आ) वर्षा, बाढी, हावाहुरी, हिमपात लगायतका प्राकृतिक प्रकोप तथा हड्ताल, हुलदङ्गा, राजनीतिक द्वन्द्वजस्ता सुरक्षा संवेदनशीलताका कारण मतदान अवरूद्ध हुन सक्ने सम्भावना धेरै हुन्छ ।<br>(इ) बिहानदेखि बेलुकासम्मको समय, ठुलो भीड, लामो प्रतीक्षा, खराब मौसम वा सुरक्षाका कारणले मतदाताको मनोबल र सहभागिता घट्न सक्छ ।<br>(ई) लगातारको बढ्दो निर्वाचन खर्च, हजारौं कर्मचारी र सुरक्षाकर्मीको व्यवस्थापन, निर्वाचन सामग्रीको खरिद उत्पादन र ढुवानी तथा व्यवस्थापकीय भारी खर्चका कारण यस विधिको दिगोपना चुनौतीपूर्ण छ ।<br>(उ) राजनीति-प्रेरित भीडको भौतिक व्यवस्थापन बढी चुनौतीपूर्ण हुन्छ ।<br>(ऊ) स्थानीय राजनीतिक समूह, दलगत दबाब, अवैध प्रभाव र डर-धम्कीले स्वच्छ चुनावी वातावरणलाई चुनौतीपूर्ण बनाउन सक्छ ।<br>(ऋ) विदेशी भूमिमा निर्वाचन सञ्चालन गर्न सम्बन्धित देशको अनुमति आवश्यक पर्दछ; जुन काम उक्त मुलुकको राजनीतिक अवस्था अनुसार चुनौतीपूर्ण पनि हुन सक्छ । |

## तालिका ५ः सूचना प्रविधिको सहयोगमा (समर्थनमा) हुलाक मार्फत मतदान गरिने विधि

| | |
|---|---|
| सबल पक्षहरू | (अ) विशेष गरी दूरस्थलका कारण मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित भई मतदान गर्न नसक्ने मतदाताहरू (जस्तैः विदेशमा बस्ने, स्वदेशमै तर अन्तर्निर्वाचन क्षेत्रमा बस्ने, दूरदराजमा बस्ने आदि नागरिक) लाई सहज रूपमा मतदानमा सहभागी गराउन सकिन्छ ।<br>(आ) निर्वाचनका बखत मतदान केन्द्रहरूमा भीड कम हुने हुँदा सुरक्षा दबाब घट्ने मात्र नभई मानव स्रोत र भौतिक पूर्वाधारको आवश्यकता कम हुन्छ ।<br>(इ) हुलाक र सूचना प्रविधि प्रणालीको संयुक्त प्रयोगले मतदातालाई मतदानको समय सीमाभित्र स्वतन्त्र रूपमा मतदान गर्न उपयुक्त वातावरण बन्दछ ।<br>(ई) मतदातासूची दर्ता तथा अद्यावधिक, मतपत्रको प्रेषण तथा प्राप्ति, मतदान, मतपत्रको सम्प्रेषण आदि सबै प्रकियालाई डिजिटल रूपमा ट्र्याक गर्न सकिने भएकाले अनुगमन गर्न सजिलो हुन्छ । |
| कमजोर पक्षहरू | (अ) प्रापकको पूरा ठेगाना नभएमा वा नमिलेमा मतदाताले मतपत्र प्राप्त नगरी त्यत्तिकै फिर्ता हुने सम्भावना हुन्छ ।<br>(आ) ग्रामीण तथा दुर्गम क्षेत्र र सीमान्तकृत समुदायमा सूचना प्रविधिको पहुँच सीमित हुने भएकाले सबैमा समान अवसर सुनिश्चित गर्न कठिन हुन्छ ।<br>(इ) निर्वाचन अधिकृत, हुलाकका कर्मचारी तथा प्राविधिकबिचको समन्वय कमजोर भएमा प्रक्रियागत त्रुटि हुन सक्छ ।<br>(ई) मतपत्रको प्रेषण तथा प्राप्ति दुवैमा लाग्ने हुलाक खर्च सरकारले सबै नब्यहोर्ने हो भने मतदानपछि मतपत्रको प्राप्ति न्यून हुन सक्छ ।<br>(उ) मिश्रित विधि भएकाले मतपत्रको आदान-प्रदानमा ठुलो रकम (हुलाक खर्चको रूपमा समेत) लाग्ने भए तापनि मतदानको सफलता दर न्यून हुने हुँदा प्रतिमत खर्च धेरै हुन्छ ।<br>(ऊ) सूचना प्रविधि र हुलाक दुवै संयन्त्रमा मतदाताको वास्तविक पहिचान सुनिश्चित गर्न सघन व्यवस्थापकीय तथा प्राविधिक तयारी गर्न नसकिएको खण्डमा मतको दुरूपयोग हुन सक्ने जोखिम रहन्छ ।<br>(ए) मतदाता पहिचान, स्थान पहिचान, गोपनीयता, ढुवानी समयसीमा, त्रुटि भएमा सच्च्याउने, तथा पुनःमतदान आदि विषयमा कानुनी अस्पष्टता रहने ।<br>(ऐ) राजनीतिक दलहरूबिच पारदर्शिता, सुरक्षा र विश्वसनीयताका विषयमा पूर्ण सहमति नभएमा मतदान विधि विवादास्पद बन्न सक्ने । |

| | |
|---|---|
| अवसरहरू | (अ) ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती तथा सुत्केरी महिला, अस्वस्थ र अशक्त नागरिकहरू, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, कूटनीतिक नियोगका कर्मचारी जस्ता विशेष आवश्यकताका नागरिकहरूका लागि प्रभावकारी विधि भएकाले यसबाट समावेशीताको प्रवर्धन हुन्छ ।<br>(आ) विदेशबाट मतदान गर्न सकिने सबैभन्दा व्यावहारिक मोडेलहरूमध्ये एक भएकाले विदेशमा बस्ने नेपालीहरूको मताधिकार सुरक्षित गर्न सकिने ।<br>(इ) डिजिटल निर्वाचन प्रणालीतर्फ सङ्क्रमणको सम्भावना बढ्ने ।<br>(ई) परम्परागत निर्वाचनमा भन्दा मतदान दरमा वृद्धि हुने ।<br>(उ) हुलाक सेवाको आधुनिकीकरण र क्षमता वृद्धिमा योगदान गर्ने ।<br>(ऊ) विशेष समूहका नागरिकका लागि लक्षित कार्यक्रमको रूपमा विकास हुने ।<br>(ए) सार्वजनिक-निजी साझेदारीको प्रवर्धन हुने । |
| चुनौतीहरू | (अ) हुलाक सामग्रीको ढुवानीमा हस्तक्षेपको सम्भावनाले मतपत्र हराउने खतरा रहने ।<br>(आ) सबै देशहरूमा हुलाक प्रणालीको समान पहुँच नभएको खण्डमा ढुवानीमा बढी समय लाग्ने तथा निर्धारित समयमै मतपत्र पुग्ने तथा फिर्ता हुने सम्भावना कम हुन्छ ।<br>(इ) सुरक्षा व्यवस्था अपनाउँदा पनि ट्र्याकिङ, भेरिफिकेसन र अभिलेख प्रणाली साइबर हमलाबाट प्रभावित हुन सक्ने (डेटा ह्याक वा चुहावट हुने) सम्भावना रहन्छ ।<br>(ई) प्राकृतिक प्रकोप, हड्ताल, ढुवानी अवरूद्ध, सीमाना बन्दजस्ता कारणले मतपत्र सञ्चालन अवरूद्ध हुनसक्ने जोखिम रहने । |

### तालिका ६ः इन्टरनेटमा आधारित मतदान (आई-भोटिङ)

| | |
|---|---|
| सबल पक्षहरू | (अ) ठुलो सङ्ख्याको मतदातालाई समेट्न सकिन्छ ।<br>(आ) भर्चुअल प्लेटफर्मको उपयोग हुने हुँदा भूगोलको भूमिका हुँदैन; भौतिक उपस्थितिको आवश्यकता पर्दैन ।<br>(इ) डिजिटल स्वरूपमा मत सङ्कलन हुने हुँदा मतगणना र मतपरिणाम प्रकाशन छिटो र सजिलो हुन्छ ।<br>(ई) निर्वाचन व्यवस्थापनमा लाग्ने समय र मानव संसाधनको खर्च बचत हुन्छ ।<br>(उ) दीर्घकालीन रूपमा मितव्ययी र किफायती हुन्छ । |

| | |
|---|---|
| कमजोर पक्षहरू | (अ) मतदान प्रणालीको भौतिक पारदर्शिता तथा सार्वजनिक परीक्षणको अभाव हुने हुँदा मतदाता र दलहरूबिच अविश्वास जन्मने तथा भरोसा कमजोर हुने सम्भावना रहन्छ ।<br>(आ) निर्वाचन प्लेटफर्ममा साइबर आक्रमण हुन सक्ने भएकाले नेटवर्क सुरक्षा जोखिम कायमै रहन्छ फलस्वरूप, अभिव्यक्त मतको गोपनीयता र सुरक्षामा यसले क्षति पुऱ्याउन सक्ने सम्भावना हुन्छ ।<br>(इ) प्रणालीको प्रयोगमा पूर्णराजनीतिक सहमति कायम नभएमा राजनीतिक विवादको कारण बन्न सक्छ ।<br>(ई) डिजिटल गोपनीयता, प्रमाणीकरण र पुनरावलोकनसम्बन्धी कानुनी व्यवस्था पर्याप्त नभएमा निर्वाचन विवादहरूको न्यायिक निरूपण चुनौतीपूर्ण बन्छ ।<br>(उ) डिजिटल सक्षमताको हिसाबले सबै नागरिकहरू इन्टरनेट, स्मार्ट उपकरण, आदिमा साक्षर नहुने हुँदा एकल विधिको रूपमा यसको प्रयोग भएमा नागरिकहरूबिच असमान पहुँच सिर्जना हुन्छ ।<br>(ऊ) प्रणालीमा अपर्याप्त एन्ड-टु-एन्ड भेरिफिकेसन भएमा मत परिणामलाई स्वतन्त्र रूपमा जाँच्न (भेरिफिकेसन र अडिट) कठिन हुन्छ । |
| अवसरहरू | (अ) मतदाताले मतदानका लागि निर्धारित अवधिभित्र जुनसुकै स्थानबाट सजिलै मतदान गर्न सक्ने भएकाले निर्वाचनमा जनसहभागिता बढ्छ ।<br>(आ) ब्लकचेन टेक्नोलोजीसहित उपयुक्त तबरले डिजाइन गरिएका क्रिप्टोग्राफिक रिपोर्टिङ र एन्ड-टु-एन्ड भेरिफायबिलिटीले मतदाङ र मतगणनाको विश्वसनीयता बढाउन मद्दत गर्छ ।<br>(इ) डिजिटल मतदान सुरक्षाका विकल्पहरूको प्रयोग (जस्तैः multi-factor authentication, out-of-band verification, verifiable receipts आदि) बाट प्रक्रियागत सुरक्षा सुनिश्चित गरेर निर्वाचनमा विशेष समूहका नागरिकहरूका लागि निर्वाचन पहुँच बढाउन सकिन्छ ।<br>(ई) पेपर अडिट ब्याकअपसहित हाइब्रिड ढाँचाको आई-भोटिङ पद्धति प्रयोगमा ल्याउन सक्दा विश्वसनीयता बढ्ने हुँदा आई-भोटिङलाई क्रमिक रूपमा कार्यान्वयन गर्ने अवसर रहन्छ ।<br>(उ) नियमित सुरक्षा परीक्षण, सार्वजनिक कोड-रिभ्यु र आन्तरिक तथा बाह्य अडिटले प्रणालीलाई बलियो बनाउन सक्छ । |

| | |
|---|---|
| चुनौतीहरू | (अ) उच्च स्तरका साइबर हमलाले मतदान तथा मतगणना प्रणालीमा क्षति पुऱ्याउन सक्ने भएकाले चुनावी परिणामको वैधता र विश्वसनीयता चुनौतीमा पार्न सक्छ ।<br>(आ) ठुलो सङ्ख्यामा रहेका मतदाताहरूलाई अवसर प्रदान गर्नका लागि उच्च दरको इन्टरनेट आपूर्तिसहितको बृहत् सर्भर सिस्टम आवश्यक पर्ने हुँदा यसको तत्कालको व्यवस्थापन जटिल छ ।<br>(इ) सार्वजनिक खरिद कानुनको सीमितताहरूले गर्दा उपयुक्त र सक्षम सेवा प्रदायक छनोट नभएमा यसरी प्रयोगमा आएको प्रविधिको अपर्याप्त गुणस्तरले दीर्घकालीन सुरक्षा खतरा निम्त्याउन सक्छ । |

यस परिप्रेक्ष्यमा निर्वाचनमा कुन विधिबाट मतदान गर्ने गराउने विषय मतदानको प्रयोजन, परिवेश, मतदाताको सङ्ख्या, खर्चको व्यवस्था, भौतिक तथा साइबर सुरक्षाको अवस्था आदिले निर्धारण गर्ने हुन्छ । त्यसैले, निर्वाचन आयोगको जिम्मेवारी भनेको सबैभन्दा कम समस्या र चुनौती भएको विधि वा विधिहरूलाई प्रयोगमा ल्याउने, समस्या र चुनौतीहरू कम गर्दै लैजाने र लगातार सुधार गर्दै जाने हो । यसका लागि उपयुक्त कार्यविधि, साधन, स्रोत र प्रविधिको उच्चतम मेल हुनुपर्छ । साथै, देशले कुन विधि प्रयोग गर्ने भन्ने विषय त्यहाँको सरकारको तयारी, प्रतिबद्धता, स्रोतसाधन र प्रविधिको पहुँचमा निर्भर गर्छ । निर्वाचन राजनीतिक प्रयोजनका लागि गरिने भएकाले यो सबैमा उच्च तहको राजनीतिक समझदारी पनि आवश्यक हुन्छ । विदेशमा रहने नेपालीहरूको आर्थिक, सामाजिक र शैक्षिक पृष्ठभूमिमा एकै खालको नभई विविधता हुने हुँदा शिक्षित र सम्पन्न वर्गदेखि सामान्य साक्षरता भएका र शारीरिक श्रममा संलग्न नागरिकसम्मका सबै वर्गलाई मतदानको कुनै एक मात्र विधिले समेट्न कठिन हुन्छ ।

## ५.२ बाह्य मतदानको नेपाली सन्दर्भ

ठाकुर र अन्य (२०७१) ले खाडीका पाँच मुलुकहरूमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदान प्रक्रियामा सहभागी गराउने प्रयोजनार्थ सम्भाव्यता अध्ययन गरेको देखिन्छ । युनाइटेड अरब इमिरेट्स, साउदी अरेबिया, कुवेत, कतार र बहराइनमा बसोबास गर्ने नेपालीहरूमा केन्द्रित भएर गरिएको उक्त अध्ययनले मतदाताहरूको भौतिक उपस्थितिमा उक्त देशहरूमा नेपालीहरू मतदानमा सहभागी हुन सक्ने देखाएको छ । यसका लागि कुवेतले कूटनीतिक अनुरोध आवश्यक पर्ने र बहराइनले आधिकारिक जानकारी गराई कार्यान्वयन गर्नुपर्ने सर्त राखेको देखिन्छ भने साउदी अरबले त्यसरी हुने निर्वाचन सुरक्षाका लागि नेपाली राजदूतावासलाई आवश्यक सुरक्षा व्यवस्था समेत उपलब्ध गराउने जनाएको देखिन्छ । यस अध्ययन अनुसार खाडीका देशहरूमा निर्वाचनमा जाँदा विदेशमा रहेका नेपाली मतदाताहरूमध्ये करिब ७० प्रतिशतले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने र नाम दर्ता भएका मतदाताहरूमध्ये ६० प्रतिशतले वास्तविक मतदान गर्न सक्ने देखिएको थियो ।

धेरै देशहरूले पहिले नै बाह्य मतदानको व्यवस्था गरिसकेको हुँदा नेपालले पनि हुलाकबाट मतदान, दूतावास मार्फत मतदान वा अन्य दूरस्थल मतदान प्रणाली अपनाउन सक्ने सम्भावना छ । यसका लागि स्पष्ट कानुनी संरचना, विदेशमा रहेका नेपालीहरूको सही मतदाता दर्ता, बलियो संस्थागत समन्वय तथा पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्ने सुरक्षित मतदान प्रणाली आवश्यक हुन्छ । त्यसैले, नेपालका लागि बाह्य मतदान प्राविधिक र संस्थागत रूपमा सम्भव भए पनि यसको प्रभावकारी र समावेशी कार्यान्वयनका लागि महत्त्वपूर्ण कानुनी, प्रशासनिक र प्रविधिगत तयारी आवश्यक पर्दछ (NRNA, 2012) ।

प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदानका सम्बन्धमा अध्ययनको क्रममा नेपालस्थित विभिन्न कम्पनीहरूको नमुनाबारे छलफल भएका थिए । त्यसैमध्येको एक, Bottle Technology Pvt. Ltd. (2025) का अनुसार निर्वाचन आयोगले मौजुदा ऐनमा तत्काल संशोधन गरी डाँक वा ई-मतदान मार्फत बाह्य मतदानलाई कानुनी रूपमा मान्यता दिई त्यसको कार्यान्वयनमा लाग्ने अधिकारिक लागतको स्वीकृति गर्नुपर्दछ । आई-भोटिङका माध्यमबाट हुने यस्तो निर्वाचन व्यवस्थापनका लागि निर्वाचन आयोग, परराष्ट्र मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहतका निकायहरू मिलेर एक प्राविधिक कार्यदल गठन गर्नुपर्दछ, जसले निर्वाचन कार्यान्वयन र समन्वयको जिम्मेवारी लिन्छ । निर्वाचनको समय तीन महिनाभन्दा कम भएको अवस्थामा बाह्य मतदानमा आई-भोटिङ कार्यान्वयनमा ल्याउन आफ्नै उपयुक्त प्रणालीको विकास गर्ने वा स्थापित र विश्वसनीय कम्पनीहरूबाट खरिद गरी सञ्चालनमा ल्याउने तयारी पहिलो कुरा हो । यसैगरी दोस्रो, सुरक्षा परीक्षण (Vulnerability Assessment and Penetration Testing [VAPT]), तेस्रो गुणस्तर सुनिश्चितता, र चौथो नमुना परीक्षण यसको कार्यान्वयनका लागि पूर्वसर्त हुन्, जसले सम्भावित कमजोरीहरूलाई कम गर्दछ ।

बाह्य मतदानका लागि जुनकुनै विधिको प्रयोग भए पनि मतदाता पहिचान, दर्ता र प्रमाणीकरण महत्त्वपूर्ण पक्ष हो । यस कार्यका लागि आइओएस (IOS), एन्ड्रोइड (Android), र हर्मोनीओएस (HarmonyOS) लगायतका सबै प्लेटफर्ममा काम गर्न सक्ने गुणस्तरीय एपको विकास गर्नका साथै एपमा राहदानी स्क्यान, भिसा प्रमाणीकरण र जीवन्तता परीक्षणजस्ता सुविधा समावेश गर्न सिफारिस गरिएको छ । प्रत्येक मतपत्रमा एउटा सुरक्षित क्यूआर कोड छाप्न, मतदानका बखत त्यसलाई स्क्यान गर्न र निर्वाचन आयोगले मतपत्र प्राप्त गरेपछि मत गन्ती गर्नुअघि डबल स्क्यानिङ गरी मतपत्रको शुद्धता र सुरक्षा सुनिश्चित गर्न सुझाइएको छ, जसले गर्दा मतपत्रमा अनधिकृत व्यक्तिको हस्तक्षेप हुनबाट जोगाउन सकिन्छ । ब्लकचेन प्रविधिको प्रयोग गरी मतदाताको गोपनीयता कायम राख्दै मतपत्र पठाइएको, प्राप्त भएको र गन्ती भएको सम्पूर्ण प्रक्रियाको रेकर्ड राख्नुका साथै, स्वतन्त्र तेस्रो पक्षबाट सुरक्षा परीक्षण (VAPT) र लेखा परीक्षण गराउन सुझाव दिइएको छ, जसले गर्दा जनताको प्रणालीप्रतिको विश्वास समेत बढ्नेछ ।

विदेशमा रहेका नेपालीहरूले मताधिकारको प्रयोग गर्ने व्यवस्था सम्बन्धमा केही अध्ययनहरू भइसकेका छन् । Nepal Policy Institute (2025) ले विदेशमा बस्ने नेपालीहरूमा केन्द्रित रही अध्ययन प्रतिवेदन

प्रकाशित गरेको देखिन्छ, जसले विदेशमा बसोबास गर्ने नेपालीहरूलाई मतदानको अवसर उपलब्ध गराउन मिश्रित प्रणाली' र 'बहुदिवसीय मतदान' को सिफारिस गरेको छ । अनलाइन मतदानको सम्भाव्यताको विषयमा विभिन्न देशहरूको अभ्यास र ती प्रणालीहरूको विश्वसनीयतासम्बन्धी तेस्रो पक्षको अध्ययनको आधारमा उपयुक्त देखिएका विभिन्न कम्पनीहरू पनि अध्ययनले सिफारिस गरेको छ । प्रतिवेदनले सुरूमा यी कम्पनीहरूमध्ये कुनै एकलाई आगामी निर्वाचनमा परीक्षणको रूपमा प्रयोग गर्ने र दीर्घकालमा नेपाल आफैंले आवश्यकताअनुरूपको आफ्नै प्रणाली विकास गर्ने गरी योजनाबद्ध रूपले काम गर्नुपर्ने सिफारिस गरेको देखिन्छ ।

यस प्रतिवेदनले दूतावास, हुलाक र आई-भोटिङजस्ता सबै माध्यमहरूमा मतदान अवधि मतदानको दिनभन्दा ३-४ हप्ता अगाडि नै सुरू गर्ने, मतदाता प्रमाणीकरणमा राष्ट्रिय परिचयपत्रसँगै बायोमेट्रिक पासपोर्टलाई पनि स्वीकार्ने लचिलो व्यवस्था अपनाउनुपर्ने, निर्वाचन आयोगले विदेशमा छुट्टै "बाह्य मतदान शाखा" स्थापना गरेर सम्पूर्ण प्रक्रियाको नेतृत्व गर्नुपर्ने र नयाँ प्रणालीप्रतिको विश्वास जुटाउन आई-भोटिङ सुरु गर्नुअघि नै कडा साइबर सुरक्षा परीक्षण गर्नुपर्ने तथा सामाजिक सञ्जाल लगायतका माध्यमबाट विदेशबासी नेपालीहरूलाई मतदाता शिक्षा मार्फत थप जानकारी पुऱ्याउनुपर्ने सुझाव गरेको छ । यस अध्ययनले सन् २०२६ पछिको पाँच वर्षको अवधिमा नेपालले आई-भोटिङलाई प्राथमिकतामा राखी मतदानसम्बन्धी समस्याको दिगो समाधानका लागि आफ्नै सुरक्षित आई-भोटिङ प्लेटफर्मको विकास गर्नुपर्ने र यसका लागि निर्वाचन आयोगभित्र नै नयाँ निर्वाचन प्रविधिको एक विशेष इकाई स्थापना गर्नुपर्ने पनि सुझाएको छ । दीर्घकालमा, आई-भोटिङलाई प्रवासीहरूका लागि मुख्य मतदान विधि बनाउनुका साथै संसद्मा उनीहरूको प्रतिनिधित्वको सम्भावना पनि अध्ययन गर्नुपर्ने र यसबाट नेपालले दक्षिण एशियामा डिजिटल लोकतन्त्रको उदाहरणीय र अग्रणी केन्द्रको रूपमा आफूलाई स्थापित गर्नुपर्ने उल्लेख गरिएको छ ।

Jafar et al. (2022) ले ब्लकचेन प्रविधिले इन्टरनेट मतदानलाई सजिलो, विश्वसनीय र समावेशी बनाउने बताएका छन् । Ahmed et al. (2021) ले आई-भोटिङ सञ्चालन गर्न राम्रो डिजिटल पूर्वाधार, साइबर सुरक्षा र जनशक्ति आवश्यक हुने बताएका छन् । साथै, उनले यो प्रणाली खर्चिलो हुने पनि उल्लेख गरेका छन् । विदेशमा गरिने मतदानमा लाग्ने खर्च अन्य देशहरूमा पनि उच्च छ; जस्तैः इष्टोनियामा प्रतिमत १-५ यूरो र ब्राजिलमा ३५ डलरसम्म खर्च लागेको अध्ययनले देखाउँछ । वास्तवमा, विदेशमा बसोबास गर्ने नागरिकलाई मतदानको अधिकार दिने वा नदिने कुरा प्रजातान्त्रिक प्रतिबद्धतामा निर्भर गर्छ तर, Jackson (2024) का अनुसार, धेरैजसो सरकारहरूले आफूलाई फाइदा वा नोक्सान हुने आधारमा यस्तो प्रकारको निर्णय गर्ने गर्छन् । उनका अनुसार कानुन, प्रविधि, पैसा, जनशक्ति र अन्तर्राष्ट्रिय सम्बन्धहरू विदेशमा गरिने मतदानका लागि आवश्यक आधारहरू हुन् ।

Ehin et al. (2022) ले इष्टोनियामा सन् २००५ देखि २०१९ सम्मको अवधिमा भएका ११ वटा इन्टरनेट भोटिङको समीक्षा गरेका छन् । उक्त अध्ययनमा आई-भोटिङको व्यवस्थापन कसरी गर्ने, प्रयोग कसरी गर्ने र यसका लागि पूर्वसर्तहरू के-के हुन्छन् तथा यसको प्रयोगपछिको परिणाम कस्तो प्राप्त भयो

लगायतका विषयहरू समेटिएको छ । यस लेखले आई-भोटिङ इष्टोनियाको मुलधारको मतदान प्रणाली बन्दै करिब ५१ प्रतिशत मतदाताहरूलाई स्थान दिन सफल हुनका साथै इष्टोनियाको डिजिटल संरचनामा समाहित भएको भए तापनि यसबाट मतदानको दर उल्लेख्य वृद्धि हुन भने नसकेको देखिएको छ । यद्यपि, यसले डिजिटल विभाजन (digital divide) को अवस्थालाई न्यूनीकरण गरेको भने अध्ययनमा पाइएको छ । सबैभन्दा महत्त्वपूर्ण त यसले विश्वलाई नै आई-भोटिङ सबल र सुरक्षित प्रणाली हुन सक्ने नमुना प्रस्तुत गरेको छ । यति हुँदाहुदै पनि डिजिटल प्रशासन प्रणालीमा एकपक्षीय वकालत प्रशस्त नदेखिने सुरक्षा चुनौती हुने सम्भावना भने कायम हुनसक्ने सङ्केत अध्ययनले गरेको छ ।

Halderman and Teague (2015) को न्यू साउथवेल्स आई-भोटिङ सिस्टमसम्बन्धी लेखमा न्यू साउथवेल्सले सन् २०१५ मा प्रान्तीय निर्वाचनमा प्रयोग गरेको आई-भोटिङ सिस्टमले राम्रो सङ्ख्यामा मतदान भएको देखाए तापनि मतदान सञ्चालनका समयमा भने विभिन्न सुरक्षा चुनौतीहरू देखापरेको जनाएको छ । प्रणालीमा साइबर आक्रमण भएको, मतको गोपनीयता र स्वच्छतामा समस्या देखिएको, टेलिफोनमा आधारित प्रमाणीकरणमा पनि समस्या देखिएको जस्ता विषयहरू देखाउँदै लेखमा निर्वाचनपूर्व गरिएका खतरा परीक्षणमा निर्वाचन अधिकारीहरूले यस्ता चुनौती र खतराहरूलाई पत्ता लगाउन नसकेको विषयहरूलाई उल्लेख गरिएको छ । समग्रमा, यस लेखले तत्कालीन आई-भोटिङ मोडेलले मतदानमा चाहिने आवश्यक सुरक्षा र विश्वसनीयता दिन चुकेको निष्कर्ष निकालेको देखिन्छ । यस अध्ययनले धनी देशहरू र प्रजातान्त्रिक व्यवस्था भएका देशमा समेत निकै ध्यानपूर्वक तयारी गरेर मात्र आई-भोटिङमा जानुपर्ने सन्देश दिँदै अन्य देशहरूले आई-भोटिङमा जान व्यवस्थापन र साइबर सुरक्षाका सबै पक्षहरूलाई मिहिन ढङ्गले ध्यान दिनुपर्ने सन्देश लेखले प्रदान गरेको छ ।

Turnbull-Dugarte & Devine (2023) को Digitizing the Ballot box शीर्षकको लेखले विभिन्न देशहरूमा तत्कालीन समयमा अभ्यास गरिएका आई-भोटिङ प्रणालीको अभ्यासलाई सिंहावलोकन गरेको छ । अध्ययन अनुसार धेरै सरकारहरूले आई-भोटिङको अभ्यास गरे तापनि स्थायी रूपमा यसको प्रयोग गर्ने सङ्ख्या भने कम देखिएको छ । यसको मुख्य कारणमा यस विधिको प्रयोगबाट मत खस्ने सङ्ख्यामा वृद्धि हुने अपेक्षा गरिए तापनि त्यस्तो नभएको, खर्च बढेको, खर्चको अनुपातमा मत खस्ने सङ्ख्यामा सुधार गर्न नसकेको र सुरक्षाका चुनौतीहरू विद्यमान नै रहेको उल्लेख गरिएको छ । यस लेखले आई-भोटिङका लागि मतदाताहरू र राजनीतिक पार्टीहरूको स्वीकारोक्ति (खास गरी प्रयोग हुने प्रविधि विश्वसनीय र भरपर्दो छ भन्ने विश्वास दिलाउनमा) भएमा, संस्थागत निरीक्षण र नियमनको प्रणाली कार्यान्वयनमा ल्याइएमा र आई-भोटिङलाई अरू परम्परागत भोटिङ प्रणाली सँगसँगै एक वैकल्पिक विधिको रूपमा प्रयोग गरिएमा मात्र निर्वाचनमा यसलाई प्रयोग गर्न सकिने उल्लेख गरेको छ । त्यसैले, जनताको वा मतदाताको पक्षबाट आई-भोटिङका लागि धेरै रोजाइ हुँदाहुँदै पनि प्रणाली विकासमा प्रयोग भएको प्रविधि, संस्थागत संरचना र कार्यान्वयनमा विश्वास जगाउन नसकेको खण्डमा यस विधिलाई प्रयोगमा ल्याउन चुनौती हुने लेखको निचोड रहेको देखिन्छ ।

## ५.३ बाह्य मतदानको सन्दर्भमा नेपालको संस्थागत सक्षमता

विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा उनीहरू बसेकै स्थानबाट मतदानमा सहभागी गराउन सक्षम र सबल संस्थागत संरचनाको आवश्यकता पर्दछ । साथै, यस्तो सक्षमता मतदानमा प्रयोग हुने विधि तथा सामेल हुने मतदाताहरूको सङ्ख्याका आधारमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । हाल नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा तथा विदेशमा कति मतदाता छन् भन्ने एकिन आँकडा नभएको हुँदा मतदानका लागि गर्नुपर्ने वास्तविक तयारीको चित्र बनिसकेको छैन । त्यसैले यसका लागि अस्थायी मतदातासूचीमा त्यस्ता मतदाताहरूलाई सूचीकृत हुन आह्वान गर्नु मुख्य कार्य हो । यसबाट बाह्य मतदानमा सहभागी हुने डायस्पोरासहित नेपालको अन्तर्निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या प्रस्ट हुन्छ अनि यसैका आधारमा थप तयारीका कामहरू अघि बढाउनु पर्दछ । मतदाता सूचीकृत भइसकेपछि देखिने सङ्ख्याका अतिरिक्त कानुनी बाटो र मतदानको विधि अर्को महत्त्वपूर्ण पक्ष हो, जस सम्बन्धमा विद्यमान अन्योल समाधान हुने बित्तिकै यसको बाँकी प्रक्रिया अघि बढ्न सक्छ । यस कार्यमा सहभागी हुने संस्थागत संरचनाको कुरा गर्दा निर्वाचन आयोग, विदेशस्थित नेपाली राजदूतावास र अन्य कूटनीतिक नियोगहरू तथा नेपालको हुलाक सेवा मुख्य संरचनाहरू हुन्, जसको सक्षमताले बाह्य मतदान सफल हुन्छ । निर्वाचन आयोगको हालको संरचनामा बाह्य मतदानलाई सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न समर्पित संरचना नदेखिएको हुँदा यसको आवश्यकता पर्न सक्छ । साथै, नेपाल हुलाकको संस्थागत क्षमता र कूटनीतिक नियोगहरूको सक्षमतामा यो कार्य निर्भर हुने हुँदा यसको समीक्षा जरूरी हुन्छ ।

### ५.३.१ निर्वाचन आयोग

निर्वाचन आयोगको हालको संस्थागत संरचनामा प्रमुख निर्वाचन आयुक्तको नेतृत्वमा चार जना आयुक्तहरूसहितको पाँच सदस्यीय निर्वाचन आयोग हुने व्यवस्था छ । यस सन्दर्भमा विगतमा झैं परम्परागत तबरले हुने निर्वाचनका लागि आयोग आफैंमा पूर्ण हुन आवश्यक हुन्छ । यद्यपि, बाह्य मतदानका लागि आयोगका तर्फबाट एकजना आयुक्तलाई जिम्मेवारी प्रदान गर्दा समर्पित भएर काम गर्ने अवस्थामा सहजता आउन सक्छ । आयोगमा एकजना सचिव र उनको मातहतमा तीनवटा महाशाखाहरू (प्रशासन, निर्वाचन व्यवस्थापन र कानुन तथा राजनीतिक दल व्यवस्थापन) छन् । विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा निर्वाचन क्षेत्रबाहिर रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउँदा यी महाशाखाहरूले मात्र कार्यसम्पादन गर्न नसक्ने हुँदा उच्चस्तरको सूचना प्रविधि सक्षमतासहितको अब्बल एउटा महाशाखा नै थप गरिनु पर्दछ, जसलाई बाह्य मतदान महाशाखा भन्न सकिएला । आयोगमा आवश्यक सङ्ख्यामा निजामती कर्मचारीहरू कार्यरत हुन्छन् र थप कर्मचारी आवश्यक पर्दा निर्वाचन प्रयोजनका लागि नेपाल सरकारले कर्मचारी उपलब्ध गराउने गर्दछ । त्यसैले, निर्वाचन प्रयोजनमा कर्मचारीको अभाव हुने देखिँदैन । अर्को पक्ष कानुन संशोधन र कार्यविधि निर्माणको हो, जुन नभई यी कुनै प्रक्रियाहरू अघि बढ्न सक्दैन । यसका अतिरिक्त बाह्य मतदानका लागि आवश्यक बजेटको व्यवस्था

पनि आयोगको सक्षमतासँग जोडिन्छ। नेपालको निर्वाचन आयोग संवैधानिक निकाय भए तापनि विश्वका धेरै मुलुकहरूमा जस्तै यसको आफ्नै स्वायत्त कर्मचारी संयन्त्र छैन। त्यसैले, नेपाल सरकारले उपलब्ध गराउने स्रोत, साधन, विधि, प्रविधि र जनशक्तिमा आधारित भएर निर्वाचनसम्बन्धी काम सम्पन्न गर्नुपर्ने भएकाले आयोगका सीमितताहरू धेरै देखिन्छन्।

## ५.३.२ विदेशस्थित नेपाली राजदूतावास तथा कूटनीतिक नियोगहरू

नेपाल सरकार, परराष्ट्र मन्त्रालयका अनुसार सन् १८१६ मा संयुक्त अधिराज्यसँग नेपालले पहिलो मुलुकको रूपमा दौत्य सम्बन्ध स्थापना गरेपछि हालसम्ममा (सन् २०२४ जुलाई) १ सय ८३ मुलुकहरूसँग नेपालको द्विपक्षीय सम्बन्ध कायम छ। विभिन्न अध्ययनहरूले काम तथा पढाइको सिलसिलामा हाल विश्वका १७८ मुलुकहरूमा नेपाली नागरिकहरू छरिएर रहेको देखिन्छ। यद्यपि, हालसम्म नेपालले ३१ मुलुकहरूमा नेपाली राजदूतावास, १० मुलुकहरूमा कन्सुलर कार्यालयहरू (महावाणिज्य दूतावासहरू) र तीन वटा स्थायी मिसनहरू स्थापना गरेर कुल ४४ मुलुक (स्थान) हरूमा मात्र नेपालको आवासीय प्रतिनिधित्वको व्यवस्था गर्न सकेको छ। बाँकी मुलुकहरूमा गैरआवासीय रूपमा यिनै नियोगहरूले कूटनीतिक सहजीकरण गरिरहेको अवस्था छ। यहाँसम्म कि कुनै-कुनै दूतावासहरूले दुई दर्जनसम्म मुलुकहरूलाई समन्वय गरिरहेको (जस्तैः अस्ट्रेलिया ११, ब्राजिल १७, इजिप्ट २४, जर्मनी ९, दक्षिण अफ्रिका २२, अमेरिका र अस्ट्रिया ८/८ आदि) अवस्था छ। यद्यपि, यस्ता नियोगहरूको मानव संसाधन क्षमता (प्रतिनियोग औसत चार जना) भने अत्यन्तै कमजोर देखिन्छ (विस्तृत विवरण अनुसूची ११ मा संलग्न छ)। यस्तो अवस्थामा कूटनीतिक नियोगमा नेपाली नागरिकहरूलाई भेला गरेर मतदानमा सहभागी गराउने कुरा मतदाताहरूका लागि भौगोलिक सहजता, दूतावासको भौतिक पूर्वाधार तथा कर्मचारी सङ्ख्या, मतदाताको सङ्ख्या, कूटनीतिक समन्वय, मतदान कार्यक्रम र मतपत्रको सुरक्षा तथा त्यस्ता मुलुकहरूको धार्मिक र राजनीतिक परिवेश कुनै आधारमा पनि सम्भाव्य देखिँदैन।

## ५.३.३ नेपालको हुलाक सेवा

विश्वका १ सय ७८ मुलुकहरूमा नेपाली नागरिकहरू छरिएर रहेको हालको अवस्थामा कुल २७ देशहरूमा द्रुत डाँक सेवा र थप ११ देशहरूमा पुलिन्दा सेवाबाट (विस्तृत विवरण अनुसूची १२ मा संलग्न छ) सेवा प्रवाह गरिरहेको नेपालको कमजोर र सानो हुलाक प्रणालीले विदेशमा बस्ने सबै नेपालीहरूलाई मतदानको अवसर प्रदान गर्न सक्षमता राख्ने देखिँदैन। यद्यपि, हालको सेवाले नेपालीहरूको घनत्व भएको मुख्य गन्तव्यहरूलाई समेट्ने हुँदा अधिकांश मतदातालाई भने यसले समेट्न सक्छ। यी गन्तव्यमा सामान्यतया यस्ता डाँक तथा पुलिन्दा सम्बन्धित मतदातासम्म पुग्न ७-१० दिनको समय लाग्ने गरेको गोश्वारा हुलाक कार्यालयबाट प्राप्त जानकारीलाई आधार मान्दा कुल ३० दिनको समय उपलब्ध गराएर हुलाकबाट मतदान गराउन सकिने देखिन्छ। यसमा रहेको मुख्य सवाल भनेको बाँकी विश्वका नेपालीहरूलाई यस विधिबाट हुने मतदानमा कसरी सहभागी गराउने र त्यस्तो मतपत्रको समयबद्ध प्राप्तिको सुनिश्चतताको विषय हो। किनकि, निजी सेवा प्रदायकको शुल्क धेरै महँगो पर्न जान्छ।

हुलाकी मतदानको मुख्य सीमितता भने प्रापकको वास्तविक ठेगाना र सम्पर्क सुत्रको उपलब्धता, मतपत्र आवत-जावतमा लाग्ने समय र खर्च नै हो । साथै, मतदाताको प्रमाणीकरण पनि अर्को महत्त्वपूर्ण सवाल हो । यद्यपि, परम्परागत कागजी मतपत्रको तुलनामा सूचना प्रविधि समर्थित हुलाकी विधि अपनाउँदा मतदाता, मतपत्र र मतको डिजिटल प्रमाणीकरण गर्न सकिन्छ ।

## ५.३.४ सूचना प्रविधि पूर्वाधार क्षमता

नेपालमा अहिले नेशनल इन्टिग्रेटेड डेटा सेन्टर (Integrated Data Management Center) छ र देशका सबै क्षेत्रका डेटा यसले सञ्चालन गर्छ । काठमाडौंमा अवस्थित यसको सहयोगी केन्द्र हेटौंडामा छ । सामान्य रूपमा करिब १० लाखसम्मका बाह्यमतदाताहरूको आई-भोटिङका लागि स्टोरेज र मुख्य डेटाहरूको सञ्चालन सर्भरहरूलाई यसले धान्न सक्ला तर योभन्दा ठुलो सङ्ख्याको मतदाता भएमा जटिलता नआउला भन्न सकिन्न । सेक्यूरिटी (security), स्केल्यविलिटी (scalability) र रेजिलेन्स (resilience) भएको प्रणाली ठुलो मतदाता सङ्ख्याको आई-भोटिङका लागि अनिवार्य हुन्छ। यसका लागि हाइब्रिड मोडमा नेपालको आफ्नो प्रणाली र अन्तर्राष्ट्रिय क्लाउड सर्भरहरूको प्रयोग जरूरी हुन्छ। कम्तीमा पनि पाँच तहमा आई-भोटिङका सर्भरहरूलाई संरचित गरेको हुनुपर्ने सामान्य अध्ययनमा देखिन्छ - फ्रन्ट एण्ड, एप्लिकेसन, डेटाबेस, आईडेन्टिफिकेसन र अथेन्टिकेसन। यसमा पनि स्टोरेज र व्याकअप सर्भर त अनिवार्य नै हुन्छ। यसका लागि माथिल्लो क्षमता र स्तरका सर्भर र स्टोरेज चाहिन्छ। अहिले केही सानो सङ्ख्याको चापमा मतदाता नामावली दर्ता र राष्ट्रिय परिचयपत्रमा आईडी भेरिफिकेसनमा समेत सर्भरले काम नगरेको (ह्याङ भएको) समाचार देखिन्छ (गौतम, २०८२)। निर्वाचनका समयमा यो चापको मात्रा र समय धेरै हुन्छ। यसका अतिरिक्त नेटवर्क र व्याण्डविथ पनि अर्को महत्त्वपूर्ण पक्ष हो।

Distributed Denial of Service (DDOS) को ग्लोबल मिटिगेसन क्यापासिटी (global mitigation capacity) डाएस्पोरा भोटिङ (diaspora voting) का लागि चाहिन्छ। नेपालको डेटा सेन्टरसँग ग्लोबल कन्टेन्ट डेलिभरी (global content delivery) को सुविधा भएको, सीमित मात्र भएको वा नभएको आधारमा यसको क्षमता जाँच हुनुपर्ने हुन्छ। डेडिकेटेड उच्च व्याण्डविथ (dedicated high bandwidth) विना प्रणाली सञ्चालन कठिन हुन्छ। विदेशबाट मतदानका लागि यो सुविधा राम्रो हुनु पर्छ। त्यसैले, आई-भोटिङका लागि सूचना प्रविधि क्षमताको मूल्याङ्कन विज्ञहरूको टोलीबाट अध्ययन गराई प्रणालीको डिजाइन गराउन अनिवार्य हुन्छ। सामान्य अवस्थामा विदेशबाट प्लेटफर्म वा सफ्टवेयरहरू किनेर मात्र पनि सञ्चालन गर्न सकिने अवस्था देखिँदैन । यसका अतिरिक्त जनशक्ति र अन्य कतिपय नदेखिने पूर्वाधारहरूको तयारी आवश्यक हुन्छ। वैश्विक सफल उदाहरणहरूले तथा हाम्रो अवस्था र आवश्यकताले आई-भोटिङमा धेरैको जोड भए तापनि व्यवस्थापकीय तयारीको जटिलता र आर्थिक व्यवस्थापन पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ । यस अध्ययनमा सूचना प्रविधि क्षमताको विस्तृत अध्ययन गरिएको छैन । सामान्य मूल्याङ्कनमा पनि अहिलेको अवस्थामा ठुलो सङ्ख्याको डायसपोरा भोटिङका लागि वर्तमान संरचनालाई स्तरीकरण गर्नुपर्ने नै देखिन्छ । केही मुलुकमा पाइलटिङका लागि छोटो तयारीमा मतदान

कार्य गर्न भने सामान्य सुधारसहित बाह्य कम्पनीबाट प्रणाली खरिद गरेर पनि कार्यान्वयन गर्न सकिने देखिन्छ ।

## ५.४ नेपालमा आई-भोटिङको परीक्षण

आई-भोटिङलाई परीक्षणसहित अभ्यासमा ल्याउन नेपालसामु आसन्न राष्ट्रिय सभाको निर्वाचन एक अवसरको रूपमा रहेको देखिन्छ । सानो सङ्ख्यामा (२०५६ जना) तर सचेत मतदाता/निर्वाचक मण्डल (प्रदेश सभाका सदस्य र पालिकाका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष) रहेकाले पनि व्यावहारिक, प्राविधिक तथा आर्थिक सबै दृष्टिमा यो अवसर उपयुक्त हुन्छ । हरेक दुई वर्षमा रिक्त हुने १९ सदस्यहरूमध्ये एकजना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित हुने भएकाले जम्मा १८ सदस्यहरूको चयनमा यस विधिको परीक्षण गर्दा यसमा प्रयोग हुने इन्टरनेट भोटिङ प्ल्याटफर्मको निर्माण Live AI Face-Matching and Liveness detection प्रविधिको अनुभव भएका नेपाली प्रविधि कम्पनीहरू (अनुसूची १०) बाट नै गर्न सकिने त्यस्ता कम्पनीहरूसँगको छलफलबाट जानकारी प्राप्त भएको छ । साथै, भोटिङ प्ल्याटफर्मबाहेक आई-भोटिङका लागि निर्वाचन आयोगले गर्ने तयारीहरू समेतमा प्राविधिक सहयोग गरी मतदानका सम्पूर्ण चरण र क्रियाकलापलाई डिजिटाइजेसन गर्ने सेवा पनि यी कम्पनीहरूले उपलब्ध गराउन सक्ने देखिन्छ । अथवा, यसका लागि निर्वाचन आयोगकै क्षमता अभिवृद्धि गर्न पनि सकिन्छ । उल्लिखित सङ्ख्याको मतदातालाई समावेश गरी सानो आकारमा आई-भोटिङ प्ल्याटफर्मको निर्माण, परीक्षण र प्रमाणीकरण गरेर नियमित अडिटसहित निर्वाचनमा त्यसको उपयोगसमेत गर्दा समग्रमा ६० देखि ७० लाख रुपैयाँसम्म लागत लग्न सक्ने अनुमान गरिएको छ (Bottle Inc. का प्रमुख कार्यकारी अधिकृत अबि खड्का छेत्रीसँगको अनौपचारिक कुराकानी, २०८२) । यसबाट तत्कालका लागि प्रतिभोट २ हजार ९०० देखि ३ हजार ४०० रुपैयाँसम्म खर्च आउने देखिए तापनि यस प्रविधिलाई पटक-पटक प्रयोग गर्न सकिने भएकाले दीर्घकालमा भने यो प्रविधि अत्यन्तै मितव्ययी हुन्छ । उपलब्ध समयावधिको सीमिततालाई मध्यनजर गर्दा उपयुक्त कम्पनीको छनोटमा मौजुदा खरिद कानुनलाई आवश्यक संशोधन गरी द्रुत-मार्ग (फास्ट-ट्र्याक) अवलम्बन गर्न तथा थप अध्ययन आवश्यक हुने देखिएमा निर्वाचन आयोग नेपाल, राष्ट्रिय साइबर सुरक्षा केन्द्र र नीति अनुसन्धान प्रतिष्ठानको त्रिपक्षीय संलग्नतामा विश्वविद्यालयसहितका अन्य सरोकारवाला निकाय र व्यक्तिहरू समेतको सहभागितामा सामूहिक छलफल गरेर अर्को द्रुत अध्ययन गर्न पनि सकिन्छ ।

## ५.५ सरोकारवाला र विज्ञहरूको धारणा तथा सुझावहरू

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलनार्थ प्रतिष्ठानले तत्कालीन सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने मुख्य राजनीतिक दलहरूसहित अन्य केही नयाँ (जम्मा २३) दलहरूलाई सङ्क्षिप्त सर्वेक्षण प्रश्नावली सम्प्रेषण गरी उनीहरूको आधिकारिक धारणा र सुझावहरू माग गरेको थियो । यसैगरी, निर्वाचनसँग सरोकार राख्ने सबैखाले विज्ञ तथा सरोकारवालाहरूको उपस्थितिमा एउटा सार्वजनिक नीति

संवाद गर्नुका साथै विभिन्न खालका सरोकारवालाहरूसँग फरक-फरक समूहमा आठ वटा केन्द्रित समूह छलफल तथा परामर्श बैठकहरू पनि गरेको थियो ।

उल्लिखित २३ राजनीतिक दलहरूमध्ये अध्ययनको अवधिमा जम्मा चारवटा राजनीतिक दलहरूबाट मात्र उनीहरूको आधिकारिक धारणा र सुझावहरू प्राप्त भयो भने नीति संवाद कार्यक्रममा थप केही राजनीतिक दलहरूको सहभागिता रहेको थियो । छिमेकी मुलुक भारतसहित नेपाली नागरिकहरू रहेका अन्य विदेशी मुलुकमा रहेका बालिग नेपाली नागरिकहरूलाई नेपालमा हुने निर्वाचनहरूमा मतदान गर्ने अवस्था सिर्जना गर्नका निम्ति उनीहरूलाई इन्टरनेट मार्फत तथा विदेशस्थित नेपाली दूतावासमा समेत विशेष व्यवस्था गरेर मतदानको सुविधा उपलब्ध गराउनुपर्ने कुरामा सर्वेक्षणमा सहभागी अधिकांश दलहरूको सैद्धान्तिक सहमति रहेको पाइए तापनि भारतमा रहेका नेपाली नागरिकता प्राप्त सबै व्यक्तिहरू असली नागरिक भएकोमा उनीहरूले आशङ्का व्यक्त गरेका छन् । त्यसैले, डायस्पोरा भोटिङको अवसर प्रदान गर्नुपूर्व नागरिकताको छानबिन गर्नुपर्ने उनीहरूको सुझाव थियो । एक राजनीतिक दलबाट भने अन्तर्निर्वाचनक्षेत्र र विदेशमा बस्ने नेपाली दुवैलाई बाह्य मतदानको अवसर दिन नहुने तर्क गर्दै मुलुकका हरेक क्षेत्रको सन्तुलित विकास र मुलुकमै रोजगारी सिर्जना गरी नेपालीहरूको आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइलाई नियन्त्रण गर्नुपर्ने सुझाव प्राप्त भएको छ । समग्रमा, मतदानको अवसर दिने सन्दर्भमा सबै राजनीतिक दलहरूमा सैद्धान्तिक सहमति रहेको देखिए तापनि हुलाकबाट मतपत्र पठाएर गरिने निर्वाचन खर्चिलो हुने, अनलाइन भोटिङका लागि नेपालको प्राविधिक दक्षता नपुग्ने, कूटनीतिक नियोगहरूबाट गरिने निर्वाचन नियोगहरूको कमजोर संस्थागत क्षमता र न्यून जनसहभागिताका कारण उपयुक्त नहुने र अन्तर्निर्वाचनक्षेत्रमा बस्ने नेपाली नागरिकहरूको सङ्ख्या ठुलो हुने हुँदा व्यवस्थापकीय समस्याका कारण उनीहरूलाई अहिलेकै अवस्थामा सहभागी गराउन सम्भव नहुनेजस्ता धारणा तथा सुझावहरू प्राप्त भएका छन् । यसैगरी, अनुसन्धानका क्रममा गरिएको सार्वजनिक नीति संवाद, केन्द्रित समूह छलफल तथा परामर्शहरूबाट प्राप्त पृष्ठपोषण तथा धारणाको सार-सङ्क्षेपको अविश्लेषित स्वरूप यहाँ प्रस्तुत गरिएको छ ।

विदेशमा रहेका नेपालीहरूका लागि मतदानको अधिकार दिनेसम्बन्धी छलफलमा सार्वजनिक नीति संवादमा सहभागी संवैधानिक कानुनका विज्ञले नेपालको निर्वाचन प्रणाली मिश्रित प्रणाली हो भनेर संविधानमा नै उल्लेख भएकाले निर्वाचन भन्ने बित्तिकै दुवै निर्वाचन (प्रत्यक्ष र समानुपातिक) लाई बुझ्नु पर्ने धारणा राखेका छन् । तसर्थ, विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिंदा समानुपातिकमा मात्र पहुँच दिने निर्णय गर्न नमिल्ने विचार उनीबाट व्यक्त भएको थियो । अहिले देशभित्र पनि निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नागरिकहरूका लागि पनि मतदानको अधिकार दिनुपर्ने भएकाले व्यवस्थापकीय जटिलतालाई देखेर समानुपातिकमा मात्र दिने सम्भावना छ । जुन मानव अधिकार र संवैधानिक कानुनका रूपमा नमिल्ने देखिन्छ ।

बाह्य मतदानका विधिहरूका सम्बन्धमा निर्वाचन कार्यान्वयनसँग सम्बद्ध हुने सरकारी नियकायहरूबाट विदेशको हकमा मतदाता प्रत्यक्ष उपस्थित भएर मतदान गर्ने तथा हुलाकबाट मतदान गर्ने विधि नेपालको

विशिष्ठ स्थितिमा सहज नदेखिने कारणहरू उल्लेख भए । प्रत्यक्ष निर्वाचन गराउन विदेशस्थित राजदूतावास र कूटनीतिक नियोगको भौतिक अवस्था नै अपर्याप्त हुने तथा जनशक्ति अभाव हुन्छ भने अन्य देशमा नेपालको निर्वाचन सञ्चलनमा उक्त देशको कानुन अनुसारको शान्ति सुरक्षा व्यवस्था गर्न अग्रिम स्वीकृति लिन कूटनैतिक पहल हुनुपर्ने हुन्छ । यस्तो अवस्थामा छोटो समयमा कतिपय देशमा निर्वाचन सञ्चालन गर्न नसकिने अवस्था पनि हुने उनीहरूले बताए । अर्को पक्ष, शान्ति सुरक्षाका लागि आवश्यक सहयोग लिन र नेपालबाट कर्मचारीहरू खटाउन पनि अतिरिक्त खर्च लाग्ने र राजदूतावासमा नै स्थान अभाव र नेपालीहरूको निर्वाचनका समयमा नेपालमा गरिने अभ्यासहरूले सम्बन्धित देशमा सुरक्षा चुनौती हुने सम्भावनालाई मध्यनजर गरी निर्वाचन सञ्चालनमा अनुमति नहुन सक्नेतर्फ पनि जानकारी प्राप्त भयो ।

हुलाकबाट मतदानका लागि नेपालको अन्तर्राष्ट्रिय हुलाक सेवाको कार्यक्षेत्र साँघुरो भएको, अन्तर्राष्ट्रिय पार्सलहरूको शुल्क पनि बढी भएको, यति हुँदाहुदै पनि समयमा पार्सल पुग्ने र प्राप्त गर्ने अवधि औसत रूपमा धेरै समय लाग्ने देखिएबाट निर्वाचनजस्तो संवेदनशील विषयमा समयमा नै मतपत्रहरू पुग्ने र मतछाप भएपछि समयमा नै फर्कनेमा कठिनाइ हुनसक्ने अवस्था वताइयो । यी सबै अवस्थाका आधारमा धेरै सहभागीहरू र पूर्व निर्वाचन आयुक्तहरूले समेत आफ्नो अनुभव र अवस्थाको विश्लेषण गर्दै सुरक्षित र विश्वसनीयका साथै व्यवस्थापनका लागि समेत डिजिटल निर्वाचन प्रणालीमा नै जानु उपयुक्त हुने सुझावहरू प्राप्त भए ।

अहिले सूचना प्रविधिमा आइरहेका नयाँ नयाँ प्रविधिहरू डिजिटल निर्वाचन प्रणाली बनाउन बढी सुरक्षित, सरल, प्रयोगकर्तामैत्री, विश्वसनीय र भरपर्दो भइरहेको उदाहरणहरू विभिन्न देशको अभ्यासका आधारमा र नेपालमा नै रहेका कम्पनीहरूले गरिरहेको अभ्यासलाई समेत प्रमाणको रूपमा प्रस्तुत गर्दै डिजिटल मतदानमा जान सकिने सम्भावना धेरै प्रस्तुत भए । अहिले आइरहेको ब्लकचेन प्रविधि र बहुमोडेल सुरक्षाजस्ता अद्यावधिक प्रणालीहरूको प्रयोगबाट आफ्नै देशमा प्रणाली विकास गर्न पनि सकिने र आगामी निर्वाचनका लागि भने सुरुबाट स्थानीय प्रणाली विकास भन्दा पनि विदेश र स्वदेशमा प्रचलित विश्वसनीय प्रणालीहरूलाई किनेर नेपालको राष्ट्रिय डेटाबेस प्रणालीमा सञ्चालनमा ल्याउन सकिने सुझावहरू सूचना प्रविधि विज्ञहरूबाट प्राप्त भएको थियो । साथै, उहाँहरूले बाह्य मतदानको प्रश्न संवैधानिक अधिकारसँग र भावनात्मक रूपले सही हुँदाहुँदै पनि प्रविधिको प्रयोग जटिल विषय भएकाले स-साना समस्याले पनि जटिल रूप लिन सक्ने र निर्वाचन स्वयम् अर्को राष्ट्रिय मुद्दाको विषय हुने हुँदा मतदानको सुरक्षा र विश्वसनीयता सम्बन्धमा प्रयोग गरिने डिजिटल प्रणालीको राम्रो परीक्षण प्रयोग र आम नियन्त्रणको मोडेलबाट सुरक्षा विश्लेषण गरी सबै पक्षहरू सबल पारेर प्राविधिक, कर्मचारी, जनप्रतिनिधि र नागरिक समाजको प्रतिनिधिसहितको अडिट टिमबाट प्रमाणीकरण गरेपश्चात् मात्र कार्यान्वयमा लैजान सुझाव प्राप्त भएको थियो ।

समग्रमा यस छलफलमा उपस्थित सबैको धारणा तथा सुझावको मूल आशय बाह्य मतदानलाई तत्कालै कार्यान्वयनमा ल्याउनु पर्ने; यसका लागि मौजुदा कानुन संशोधन गरेर कानुनी रूपमा मताधिकार सुरक्षित गरिहाल्नु पर्ने, अस्थायी नामदर्ता खोलेर यस्ता मतदाताको नामावली सङ्कलन गरी वास्तविक आकार

पहिचान गर्नुपर्ने, मतदानको मिश्रीत प्रणाली नै नेपालको वर्तमान अवस्थामा उपयुक्त हुने भएकाले बहुविधि अपनाएर मतदानको अवसर प्रदान गर्ने, यसरी मताधिकार दिँदा मुलुकभित्र अन्तर्निर्वाचन क्षेत्रमा रहेका तथा विदेशमा बसेका सबैलाई प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको निर्वाचनमा मत जाहेर गर्न पाउने गरी व्यवस्था गर्नुपर्ने तथा सुरक्षा पहुँच र खर्च व्यवस्थापनका दृष्टिले यथासम्भव डिजिटल मतदान प्रणालीलाई सुरु गर्दै त्यसको सबलीकरणतर्फ लैजानुपर्ने नीति संवादको निचोड तथा सुझाव रहेको थियो ।

यसैगरी, केन्द्रित समूह छलफल, परामर्श बैठक तथा अन्तरक्रियाहरूमा सहभागी निकायहरू तथा तिनका पदाधिकारीहरूको धारणा, सुझाव र पृष्ठपोषणलाई दृष्टिगत गर्दा निर्वाचन आयोगले नेपाल सरकारले निर्वाचन कार्यतालिकालाई प्रभावित नगरी आवश्यक कानुन, स्रोत-साधन, जनशक्ति र सुरक्षा व्यवस्था उपलब्ध गराएमा निर्वाचन आयोग अन्तर्निर्वाचन क्षेत्र र विदेश दुवैमा बस्ने नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्न सकारात्मक र सक्षम रहेको बताएको थियो । परराष्ट्र मन्त्रालयले राजदूतावास र अन्य कूटनीतिक नियोगहरूमा प्रत्यक्ष उपस्थित भएर मतदान गर्ने कुरा राम्रो सुनिए तापनि संस्थागत सक्षमता, मानव संसाधन र सुरक्षा व्यवस्था लगायतका जटिलताका कारण व्यावहारिक र सम्भव नहुने बताएको थियो । कतिपय मुलुकमा यसरी मतदान गर्न त्यहाँको व्यवस्था अनुसार नसकिने, मिल्ने ठाउँमा पनि भौगोलिक विशालताका कारण मतदाता मतदान गर्न नआउने, मतदानपछि मतपत्रको सुरक्षा गर्न चुनौती हुने जस्ता जटिलताहरू रहेको जानकारी गराइएको थियो ।

हुलाक सेवा विभाग र गोश्वारा हुलाक कार्यालयले हुलाक सेवाको प्रयोग गरी गरिने मतदान सम्भव भएको बताएका छन् । यद्यपि यसका लागि समग्रमा एक महिनाको समय उपलब्ध हुनुपर्ने तथा मतदाता दर्ता गर्दा सम्पर्क-सुत्रसहितको पूर्ण र प्रस्ट ठेगाना हुनुपर्ने बताइएको थियो । तर, मौजुदा अवस्थामा द्रुत डाँक सेवाबाट २७ देश तथा पुलिन्दा सेवाबाट थप १० देश गरी ३७ देशमा मात्र यो काम सम्भव हुने जानकारी प्राप्त भयो । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तत्काल पहल गरी विश्वव्यापी हवाई सञ्जाल भएका ठुला एयरलाइन्सहरूसँग सम्झौता गर्ने हो भने विश्वका अधिकांश गन्तव्यमा हुलाकबाट मतपत्र पठाएर मतदान गर्न सकिने सम्बद्ध निकायको धारणा रह्यो । यसमा दुई-तीनवटा विधिको प्रयोग गर्न सकिने तर जुन विधिबाट मतपत्र पठाए पनि त्यस्तो खर्च नेपाल सरकारले ब्यहोरेमा यो कार्य प्रभावकारी हुन सक्ने पृष्ठपोषण पनि प्राप्त भयो ।

गृह मन्त्रालय, प्रधानमन्त्री कार्यालय र सूचना प्रविधि तथा सञ्चार मन्त्रालयबाट बाह्य मतदानको प्रक्रिया अघि बढेमा आवश्यक सबैखाले सहयोग र सहजीकरण प्राप्त हुने जानकारी गराइए तापनि यस्तो काम सुरक्षित र प्रभावकारी हुनुपर्नेमा जिज्ञाशा राखिएको थियो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट विद्यमान कानुनी अड्चन फुकाउन मौजुदा निर्वाचन कानुनहरूलाई अध्यादेश मार्फत संशोधन गर्न सकिने जानकारी प्राप्त भए तापनि सर्वप्रथम यसका लागि आम सहमति र सरकारी प्रतिबद्धता आवश्यक हुने राय प्राप्त भयो ।

यसका अतिरिक्त कतिपय राजनीनिक व्यक्तित्वहरूको बाह्य मतदानका सम्बन्धमा संशय पनि विद्यमान रहेको देखिन्छ । यसको सम्बोधनका लागि नेपाल सरकारको तर्फबाट मतदानका लागि निर्धारण गरिने

विधिका सम्बन्धमा सुरक्षा गोपनीयता, मतको उचित प्रयोग, मतदाता सुरक्षाको चासोजस्ता सबै विषयलाई सम्बोधन गर्ने गरी छलफल सञ्चालन र प्रयोग गरिने विधिका सम्बन्धमा सर्वस्वीकार्यताको अवस्था सिर्जना गर्नुपर्ने हुन्छ । त्यसैले, नेपाल सरकारको तर्फबाट यस पक्षमा पनि विशेष ध्यान दिनुपर्ने र आवश्यक स्रोत-साधनको सुनिश्चितता तथा पारदर्शिताका लागि थप पहल लिनुपर्ने देखिन्छ ।

# परिच्छेद ६

# अध्ययनको नतिजा, निष्कर्ष र सुझावहरू

## ६.१ अध्ययनको नतिजा

यस अध्ययनबाट प्राप्त मुख्य नतिजाहरू निम्नानुसार रहेका छन्:

(क) हाल विश्वको १५१ देशहरू (कुल राष्ट्रका ७० प्रतिशत) को संविधानले मतदानको अधिकारलाई नागरिकको सार्वभौम राजनीतिक अधिकारको रूपमा स्वीकार गर्दै रोजगारी, शिक्षा तथा अन्य सरकारी सेवाको प्रयोजनका लागि विदेशमा रहेका आफ्ना सबै नागरिकलाई बाह्य मतदानका विभिन्न विधि मार्फत मतदानको अवसर उपलब्ध गराइरहेका छन्। निर्वाचनमा मतदानको अधिकार प्रदान गर्नु (कानुनी) र मतदान गर्ने अवसर उपलब्ध गराउनु (व्यवस्थापकीय) दुई फरक-फरक तर अन्तरसम्बन्धित विषयहरू भएकाले बाह्य मतदानको कोणबाट हेर्दा नेपालले हालसम्म आफ्ना यस्ता नागरिकहरूका लागि उपयुक्त कानुनी व्यवस्था नै गर्न नसकेको हुँदा ठूलो सङ्ख्यामा नेपाली नागरिकहरू निर्वाचनमा मतदानको अधिकार र अवसर दुवैबाट वञ्चित भइरहेको देखिन्छ।

(ख) मुलुकबाहिर रहेका नागरिकहरूका लागि मतदानको अवसर दिँदा कुनै देशले नियन्त्रणमुखी र कुनै देशले खुला अवधारणाका आधारमा सबै तहको निर्वाचनमा सबै किसिमका विधिहरूको प्रयोग गरी मतदान गर्ने अधिकार प्रदान गर्ने गरेको देखिन्छ। यसका साथै मतदाताको पहिचान र प्रत्यक्ष परीक्षणको परम्परागत तरिका र सूचना प्रविधिको प्रयोगद्वारा गरिने अप्रत्यक्ष परीक्षण दुवैलाई देशको विकासको अवस्था र नागरिकहरूको सचेतना अनुसार प्रयोग गरिरहेको अवस्था छ।

(ग) विभिन्न देशहरूले अहिलेसम्म नाम दर्ताका लागि विभिन्न सात किसिमका (मतदाताको प्रत्यक्ष उपस्थिति, हुलाकबाट, अनलाइन एपबाट, इमेलबाट, फ्याक्सबाट, वारेसबाट र निर्वाचनकै दिन प्रत्यक्ष दर्ता) र मतदानका लागि विभिन्न सात किसिमका विधिहरू (जस्तैः मतदाताको भौतिक उपस्थितिमा मतदान, हुलाकबाट मतदान, प्रतिनिधिद्वारा मतदान, डिजिटल मतदान (आई-भोटिङ), मोबाइल मतपेटिका, फ्याक्स र मिश्रित मतदान विधि) लाई अभ्यासमा ल्याएको देखिन्छ। त्यसमध्ये अधिकांशले प्रत्यक्ष उपस्थिति र हुलाकको प्रयोग गरेका छन्। देशको परिवेश र आवश्यकता अनुसार विधिहरूको छनोट गरिने हुँदा यसमा कुनै अन्तर्राष्ट्रिय प्रोटोकल तथा निश्चित मापदण्डहरू भने अभ्यासमा छैनन्। साथै, अभ्यासमा रहेका यस्ता सबै विधिहरूका आ-आफ्ना सबल पक्ष र सीमाहरू छन्। त्यसमध्ये कम जटिलता भएका विधिहरूलाई देशको अवस्था, आवश्यकता तथा प्रविधिको विकास र प्रयोगका आधारमा छनोट गरी अभ्यास गर्ने गरिएको पाइयो।

(घ) विश्वमा संसदीय निर्वाचन, राष्ट्रपतिको निर्वाचन, जनमत सङ्ग्रह, प्रान्तीय निर्वाचन, क्षेत्रीय सङ्गठनको निर्वाचन (जस्तैः युरोपियन/सेन्ट्रल अमेरिकन युनियन) जस्ता सबै खालका निर्वाचनमा

बाह्य मतदानको अभ्यास भएको देखिन्छ। यसरी प्रयोग हुँदा एकल विधिलाई ४३ देशले र एकैसाथ दुई विधिहरूलाई ४६ देशले, तीन विधिहरूलाई ४१ देशले, चार विधिहरूलाई १८ देशले र पाँच विधिहरूलाई दुई देशले प्रयोग गरेको पाइएकाले एकलभन्दा मिश्रित विधिको प्रयोग बढी भएको बुझिन्छ।

(ङ) नमुना तथ्याङ्कको आधारमा हेर्दा हालसम्मको अभ्यासमा बाह्य मतदानका लागि मतदाताहरूको नामदर्ता दर उक्त मुलुकको जम्मा मतदाताको अनुपातमा औसत २.३३ प्रतिशत (न्यूनतम ०.०८ देखि अधिकतम १४.२ प्रतिशतसम्म) मात्र हुने गरेको अध्ययनबाट देखिन्छ। साथै, यसरी नामदर्ता गरेकाहरूमध्ये पनि औसतमा १.४२ प्रतिशत मात्र (न्यूनतम ०.०५ प्रतिशतदेखि अधिकतम ७.५ प्रतिशतसम्म मात्र) मतदान हुने गरेको देखिन्छ।

(च) बाह्य मतदानका सिलसिलामा मतदाताहरूले मुख्य गरी मतदान केन्द्रसम्मको दुरी टाढा भएको, मतदान केन्द्रमा लामो लाइन भएको, हुलाकबाट समयमै (चाँडै) मतपत्र प्राप्त नभएको, मतदाता दर्तामा समस्या भएको तथा अनलाइन मतदान गर्न नपाएको जस्ता समस्याहरू भोग्नुपरेको देखिन्छ।

(छ) अनलाइन मतदान (आई-भोटिङ) को अभ्यास गरेका देशहरूमध्ये केही मुलुकले आफैं त्यस्तो प्रणाली विकास गरेको तथा अधिकांश देशहरूले अनुभवी र स्थापित कम्पनीहरूबाट प्रणाली खरिद गरी उपयोग गरेको अध्ययनमा पाइएको छ। आई-भोटिङ पद्धति दीर्घकालीन रूपमा सर्वसुलभ, मितव्ययी/किफायती, पहुँचयोग्य, चुस्त, पारदर्शी, सहभागितामूलक, सुरक्षित र प्रभावकारी हुने भएकाले विभिन्न मुलुकहरूले यसको कार्यान्वयन गर्दा निर्वाचन सुरक्षाका लागि उपयुक्त विज्ञहरूको अध्ययन समूह परिचालन गरी सुरुदेखि नै प्रणालीको अनुगमन र अडिटको कार्य गर्ने गरेको पाइन्छ।

(ज) नेपालको सन्दर्भमा विनाविभेद सबै नागरिकहरूलाई मताधिकार दिन नेपालको संविधानले बाटो खुला गरेको तथा यसको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट दुई पटकसम्म निर्देशनात्मक आदेश समेत आएको सन्दर्भमा पनि यसको कार्यान्वयनमा आवश्यक कानुनी व्यवस्था र व्यवस्थापकीय प्रबन्ध गर्न राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताको अभावमा नेपालले बाह्य मतदानलाई कार्यान्वयन गर्न नसकेको अवस्था विद्यमान छ।

(झ) नेपालमा विगतका चुनावी अभ्यासमा भएका अवाञ्छित घटनाहरू फोटोसहितको मतदाता नामावली र मतदाता परिचयपत्र प्रयोगमा ल्याउन थालेपछि केही न्यूनीकरण भए तापनि मतदातालाई अनेक त्रास देखाई मतदानमा अवरोध गर्ने, मतपत्र लुट्ने, बुथमा हमला गर्ने, बुथमा आफ्नो हैकम चलाई मत छाप गर्ने, निर्वाचनपछि मतपेटिका बाटोमा लुट्ने प्रयास हुने जस्ता घटनाहरू अझै अस्तित्वमै रहेको देखिन्छ। जब निर्वाचनमा उम्मेदवारहरूविचमा कडा प्रतिस्पर्धा हुने अवस्था हुन्छ, शक्ति प्रयोगको अभ्यास र विभिन्न प्रलोभनको तयारी हुने गरेको विगतको अनुभव पनि छ। यस परिप्रेक्ष्यमा सबैखाले अनुचित गतिविधिलाई नियन्त्रण गरी स्वच्छ, निष्पक्ष, स्वतन्त्र र पारदर्शी निर्वाचन गर्न गराउन निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग र वहुदिवसीय निर्वाचनको सञ्चालन नेपालका लागि उपयुक्त विधि हुने अन्तर्राष्ट्रिय अनुभवबाट पनि देखिएको छ।

(ञ) नेपालको परिप्रेक्ष्यमा बाह्य मतदानलाई कार्यान्वयन गर्न प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान सबैभन्दा उपयुक्त विधि देखिए तापनि नेपालको हुलाक सेवाको कुशलता, प्रभावकारिता र सुरक्षाको अवस्था अध्ययन गर्दा यही अवस्थामा निर्धारित समयमा गुणस्तरीय सेवा प्रदान गर्न सहज देखिँदैन । यद्यपि, यसको कार्यान्वयनमा हुलाक सेवाका सम्बद्ध निकायहरूको सक्रियता र दृढता सकारात्मक देखिएको छ । तर, नेपालमै निर्वाचन क्षेत्रबाहिर रहेकाहरूको हकमा भने हुलाक सेवाको कमजोर आन्तरिक सञ्जाल तथा मतपत्रको सुरक्षासम्बन्धी सवालले अन्तर्निर्वाचन क्षेत्रका मतदातालाई मतदानका लागि हुलाकबाट गरिने मतदान प्रभावकारी, सुरक्षित र गोप्य नहुने देखिएको छ । यसका साथै, विदेशस्थित नेपालका कूटनीतिक नियोगहरूको कमजोर संस्थागत तथा मानवीय क्षमता र बृहत्तर भौगोलिक क्षेत्रका कारण मतदाताहरूको प्रत्यक्ष उपस्थितिमा मतदान गर्न अपवादबाहेक सम्भव देखिँदैन भने नेपालको तत्कालीन कमजोर आईटी पूर्वाधार तथा त्यसको सबलीकरणका लागि आवश्यक समयको अभावले आई-भोटिङ पनि तत्कालै सम्भव हुने देखिँदैन । यद्यपि, आई-भोटिङ नै यसको दीर्घकालीन, प्रभावकारी र मितव्ययी विधि हुने देखिन्छ ।

(ट) नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका तथा विदेशका विभिन्न मुलुकमा रहेका नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्न हाल अभ्यासमा रहेका कुनै एकल विधिले मात्रै सहभागितामा समानता कायम गर्न नसकिने देखिन्छ । निर्वाचनमा नागरिकहरूको सहभागितालाई प्रयोगात्मक रूपमा जनघनत्व धेरै भएका र व्यवस्थापकीय दृष्टिले सहज देखिएका केही मुलुक तथा क्षेत्रहरूमा मात्र प्रयोग गर्दा पनि कानुनी रूपमा नै अवसरको उपयोगमा असमान व्यवहार हुने अवस्था आउँछ । त्यसैले, नेपालमा यसको कार्यान्वयन गर्दा यो दुवै परिस्थितिलाई मध्यनजर गर्दै आवश्यकता र अवस्था हेरी मिश्रित विधिको प्रयोग र क्रमशः सबैलाई समेट्ने मोडेल उपयुक्त हुने पाइएको छ । यद्यपि, वर्तमान सन्दर्भमा निर्वाचन आयोगसहित निर्वाचनमा संलग्न हुने हुलाक, कूटनीतिक नियोग लगायतका संस्थाहरूको संस्थागत क्षमता र मानव संसाधनसहित समग्र निर्वाचन खर्च, मतदाताको पहुँच र सहभागितामा सङ्ख्यात्मक वृद्धि, मतको गोपनीयता, पारदर्शिता, निर्वाचन सुरक्षा, सार्वजनिक स्वीकारोक्ति र निष्पक्षता लगायत आधारमा हेर्दा नेपालको अहिलेको अवस्थामा बाह्य मतदानका लागि प्रविधिको सहयोगमा हुलाक मार्फत गरिने मतदान र ब्लकचेन टेक्नोलोजी तथा मल्टिपल फ्याक्टर सुरक्षाजस्ता प्रविधि जडित आई-भोटिङ प्रणाली/प्लेटफर्मले बाह्य मतदानलाई सहजीकरण गर्न सक्ने देखिन्छ ।

(ठ) नेपालमा निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, कारागारमा रहेका कैदीबन्दी, वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिक आदिका लागि समानुपातिक प्रणालीको निर्वाचनमा मतदानको अवसर हाल पनि कार्यान्वयनमा रहेको सन्दर्भलाई विश्लेषण गर्दा यसैलाई विस्तार गरी सम्बन्धित मतदान क्षेत्रभन्दा बाहिर रहेका राज्यकोषबाट तलब बुझ्ने सबै कर्मचारी र सुरक्षाकर्मीहरूलाई समानुपातिक निर्वाचनका लागि छुट्टै अस्थायी मतदाता नामावली तयार गरी मतदानको अवसर सहजै उपलब्ध गराउन सकिने देखिन्छ । यद्यपि, नेपालले निर्वाचनमा मिश्रित प्रणालीको अवलम्बन गरेको सन्दर्भमा

यस विधिबाट आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवार छनोट गर्न नमिल्ने हुँदा यसलाई अवसरको पूर्ण सुनिश्चितताको रूपमा लिन भने नसकिने देखिन्छ ।

## ६.२ अध्ययनको निष्कर्ष

जनताको राजनीतिक सहभागिता सुनिश्चित गर्दै शासनलाई वैधानिकता र वैधता प्रदान गरी उत्तरदायी र जबाफदेही सरकार निर्माण गर्ने उद्देश्यले हुने निर्वाचन लोकतन्त्रको मूल आधार हो । त्यसैले, निर्वाचनमा हुने मतदानमा सहभागिता हुने हक नागरिकको राजनीतिक अधिकार मात्र नभएर मानव अधिकारकै विषय हुन्छ । रोजगारी, पेसा-व्यवसाय र अध्ययनको सिलसिलामा कुल मतदाताको एक चौथाइभन्दा बढी बालिग नेपालीहरू विदेश र अन्तर्निर्वाचन क्षेत्रमा रहेको सन्दर्भमा कानुनी अड्चनका कारण नेपालले हालसम्म पनि यस्ता नागरिकलाई उनीहरूको बसोबास रहेकै स्थानबाट मतदानमा सहभागी गराउन सकेको छैन । यद्यपि, विश्वका १ सय ५१ देशहरू (कुल राष्ट्रका ७० प्रतिशत) ले बाह्य मतदान मार्फत आफ्ना नागरिकहरूलाई यस्तो अवसर प्रदान गरिसकेका (गरिरहेका) छन् । त्यसैले, मौजुदा निर्वाचन कानुनमा संशोधन गरी सूचना प्रविधिको अधिकतम् उपयोग गरेर यस्ता नागरिकहरूको मतदानको अधिकार र अवसरलाई नेपालले पनि सुनिश्चित गर्नैपर्ने हुन्छ ।

नेपालको संविधानको धारा ८४ (५) ले १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई सङ्घीय कानुन बमोजिम प्रतिनिधि सभाको निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्रदान गरेको छ । यसबाट संविधानले जनताको मताधिकारलाई कुनै निश्चित मतदान केन्द्रमा उपस्थित भएर मात्र मतदान गर्नुपर्ने गरी सीमित नगरेको प्रस्ट देखिन्छ । सर्वोच्च अदालतले समेत नेपालको संविधानलाई व्याख्या गर्दै विदेशमा बस्ने नेपालीहरूका लागि मतदानको व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशनात्मक आदेश गरिसकेको सन्दर्भमा निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश वा विदेशमा) बस्ने बालिग नेपाली नागरिकहरूलाई उनीहरू बसेकै स्थानबाट आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवार (प्रत्यक्ष) तथा राजनीतिक दल (समानुपातिक) लाई मतदान गर्न संविधानले कुनै पनि बाधा-व्यवधान गर्ने देखिँदैन । मौजुदा निर्वाचन कानुनहरूमा भने निर्वाचन र मताधिकारको प्रयोग सम्बन्धमा गरिएका विभिन्न व्यवस्थाहरूमध्ये केही व्यवस्थाहरू नेपालको संविधानको मर्म र भावनाको तुलनामा तथा मुलुकमा विकसित पछिल्लो राजनीतिक परिवेशको दृष्टिमा सङ्कुचित र सङ्कीर्ण हुन पुग्दा तिनले निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश वा विदेशमा) बस्ने बालिग नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न अप्ठ्यारो पुऱ्याएको प्रस्टै देखिन्छ । हाल नेपालमा कुल मतदाताको एक चौथाइभन्दा बढी मतदाता यसरी निर्वाचन क्षेत्र बाहिर रही निर्वाचनमा मतदानको अवसरबाट वञ्चित भइरहेको हुँदा उल्लिखित दुवै किसिमको बाह्य मतदानको व्यवस्था कार्यान्वयनमा ल्याएर नेपाली नागरिकहरूको राजनीतिक अधिकारलाई अवसरको रूपमा सुनिश्चित गर्नुपर्ने अवस्था अहिले टड्कारो बनेको छ । नेपालमा सम्पन्न पछिल्ला तीन आम निर्वाचनमा भएको मतदाताको घट्दो सहभागिताले (२०७० मा ७८.३४ प्रतिशत, २०७४ मा ६८.६७ प्रतिशत र २०७९ मा ६१.६३ प्रतिशत) मुलुकमा बाह्य मतदानको कार्यान्वयनलाई अझ अपरिहार्य बनाएको देखिन्छ ।

लोकतान्त्रिक व्यवस्थामा मताधिकार नागरिकको अहरणीय राजनीतिक अधिकार हुनका साथै यो मानव अधिकारको विषयसमेत भएकाले नेपालको संविधानले नागरिकहरूलाई मतदानको अधिकार उपलब्ध गराउन आवश्यक व्यवस्था गरेको देखिन्छ । यद्यपि, विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि उनीहरूको अस्थायी बसोबास रहेकै स्थानबाट मतदानको अवसर उपलब्ध गराउन उपयुक्त कानुनी व्यवस्था नहुँदा कुल मतदाताको एक-चौथाइभन्दा बढी बालिग नेपाली नागरिकहरू आजसम्म निर्वाचनको अवसरबाट वञ्चित भइरहेका छन् । त्यसैले, मौजुदा निर्वाचन कानुनमा संशोधन गरी सूचना प्रविधिको अधिकतम् उपयोग गरेर नागरिकहरूको मतदानको अधिकार र अवसरलाई सुनिश्चित गर्नैपर्ने हुन्छ ।

निर्वाचनमा सहभागी भई मतदान गर्न तथा निर्वाचित हुन पाउनु हरेक नेपालीहरूको संविधान प्रदत्त हक मात्र नभई यो अन्तर्राष्ट्रिय मानव अधिकारको विषयसमेत भएकाले हरेक नागरिकहरूलाई विनाकुनै विभेद यस अधिकारको उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गर्नु राज्यको कर्तव्य हो। नेपालमा पेसा-व्यवसाय; सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको नोकरी; अध्ययन-अनुसन्धान; तथा अन्य व्यावसायिक प्रयोजनमा ठुलो सङ्ख्यामा बालिग नेपाली नागरिकहरू आफ्नो/सम्बद्ध निर्वाचन क्षेत्रभन्दा बाहिर रहेको (बसेको) हालको अवस्थामा यस्ता नागरिकहरूलाई उनीहरू रहेको (बसेको) निर्वाचन क्षेत्रबाटै मतदानमा सहभागी हुन पाउने सम्बन्धमा मौजुदा निर्वाचन कानुनहरूमा कुनै पनि विधि, प्रक्रिया तथा व्यवस्था नभएकाले हालसम्म यसलाई कार्यान्वयन गर्न सकिएको छैन । नेपालको संविधानले विदेशमा रहेकासहित नेपालमै अन्तर्निर्वाचन क्षेत्रमा बसेका नेपाली नागरिकलाई निर्वाचनमा मतदानको अधिकार दिन बन्देज नगरेको सन्दर्भमा बाह्य मतदानको सुनिश्चितताका लागि सर्वोच्च अदालतको विभिन्न आदेशहरूले यससम्बन्धी संवैधानिक व्यवस्थालाई थप व्याख्या समेत गरिसकेको हुँदा नेपाल सरकार र निर्वाचन आयोगको प्रतिबद्धता तथा अग्रसरता, आवश्यक पूर्वाधारको विकास र राजनीतिक सहमतिका आधारमा यसलाई तत्काल कार्यान्वयनमा लैजान सकिने देखिन्छ । त्यसैले, हाल यसको कार्यान्वयनमा विभिन्न खालका नीतिगत, प्राविधिक र व्यवस्थापकीय समस्याहरू देखिए तापनि तिनको यथोचित सम्बोधन गरेर यस्ता नागरिकहरूलाई मतदानमा सहभागी गराउन सकिने भएकाले निर्वाचनक्षेत्र बाहिर (स्वदेश वा विदेशमा) रहेका नेपाली नागरिकहरूलाई उनीहरूको बसोबास रहेकै स्थानबाट मतदान गर्न सक्ने गरी अधिकार र अवसर प्रदान गर्नका लागि नेपाल सरकारले तत्काल कानुनी, प्राविधिक र व्यवस्थापकीय तयारी एकसाथ अघि बढाउनुपर्ने हुन्छ ।

वैश्विक अभ्यासलाई हेर्दा यस मतदान केन्द्रमा मतदाता आफै उपस्थित भएर गरिने (प्रत्यक्ष) मतदान विधि नै अधिक प्रयोगमा रहेको तथा दोस्रोमा हुलाक मार्फत मतपत्र प्राप्त गरी मतदान गरेर मतपत्र फिर्ता गर्ने विधि रहेको सन्दर्भमा यी दुवै विधिको प्रयोगमा सबै पक्षको विश्वसनीययता र स्वीकार्यता रहेको समेत पाइएकाले (आई-भोटिङका लागि नीति-नियम र पूर्वाधारको व्यवस्था गरेर मजबुत आई-भोटिङ प्लेटफर्म तयार गरी क्रमशः कार्यान्वयनमा जानुपर्ने हुँदा) तत्कालका लागि मतदाताको प्रत्यक्ष उपस्थितिमा गरिने मतदान र हुलाक मार्फत गरिने मतदान विधिलाई प्राथमिकताका साथ प्रयोगमा ल्याएर निकट भविष्यमा

क्रमशः अनलाइन प्रणालीमा जानु उपयुक्त हुन्छ । यसलाई कार्यान्वयन गर्न परीक्षण प्रयोग (पाइलटिङ) गरेर त्यसको नतिजाको आधारमा गर्ने भन्ने विषय नेपालको संवैधानिक व्यवस्था, सर्वोच्च अदालतको आदेश तथा मानवअधिकारको दृष्टिकोणबाट उपयुक्त देखिँदैन । यद्यपि, नेपालको हकमा यो पहिलो प्रयोग भएकाले नागरिकहरूको मतदानसम्बन्धी अधिकारको सुरक्षित र मर्यादित उपयोगका लागि आवश्यक व्यवस्थाहरूलाई औचित्यपूर्ण तबरले कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

त्यसैले, मौजुदा मिश्रित प्रणालीको निर्वाचनमा मतदानका लागि सम्भाव्य आई-भोटिङ, प्रविधिको समर्थनमा हुलाकबाट गरिने मतदान, कूटनीतिक नियोगसहित तोकिएका मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित भएर गरिने प्रत्यक्ष मतदान वा यी तीनवटै विधिहरूको मिश्रित विधिलाई त्यसको प्रभावकारिता, सार्वजनिक स्वीकारोक्ति, गोपनीयता, विश्वसनीयता, पारदर्शिता तथा मतदाताहरूको पहुँच र सहभागिताको सुनिश्चिततासहित निर्वाचनसम्बन्धी आधारभूत मूल्य-मान्यताका आधारमा कार्यान्वयन गर्दै आम मतदाताहरूमा मतदानको अवसर विस्तार गर्नका लागि क्रमशः सुरक्षित गर्ने उद्देश्यले पहिलो चरणमा मतदाता धेरै भएका, कूटनीतिक नियोगहरू भएका तथा खुला राजनीतिक व्यवस्था भएका मुलुकहरूसहित नेपालको अन्तर्निर्वाचन क्षेत्रमा अभ्यास गर्दै परिष्कृत गर्न उपयुक्त देखिन्छ । यसरी कार्यान्वयन गर्दा निर्वाचनसम्बन्धी ऐनबाट नै नागरिकहरूको मतदानको संवैधानिक अधिकारको कार्यान्वयनलाई योजनाबद्ध रूपमा व्यवस्थापन तथा कार्यान्वयनको सुनिश्चितता गरी क्रमशः सबैलाई समावेश गर्दै जाने कानुनी व्यवस्था गरेर हाललाई मतदाताको घनत्व बढी भएको, नेपाली राजदूतावास र कन्सुलर कार्यालयहरू भएको, विदेशी सरकारको स्वीकृति र सहयोग सहजै प्राप्त हुन सक्ने क्षेत्रमा कार्यान्वयनमा ल्याउन पनि सकिन्छ । यसरी कार्यान्वयन गर्दा नागरिक अधिकार हनन भएको र चुनावी प्रक्रिया त्रुटिपूर्ण भएको मानिने हुँदा यस्ता विषयहरूको सम्बोधन हुने गरी अहिले नै सबै कुरा प्रस्टसँग कानुनमा व्यवस्थित गरी विवादको अवस्था नआउने/नहुने गरी पूर्ण कार्ययोजनासहित कार्यान्वयनमा लैजानु पर्दछ । त्यसैले, निर्वाचनका लागि प्रयोग गरिने मतदान विधिको कार्यान्वयनमा सबै राजनीतिक दल तथा आम मतदाताहरूको विश्वास सुनिश्चित गर्नु, शान्ति-सुरक्षाको व्यवस्था कायम गर्नु र निर्वाचनको व्यवस्थापनका लागि चाहिने भौतिक, आर्थिक, मानवीय र अन्तर्राष्ट्रिय सहकार्यको व्यवस्था गर्नु नेपाल सरकारको पहिलो दायित्व तथा जिम्मेवारी हुने देखिन्छ ।

## ६.३ अध्ययनका सिफारिसहरू

यस अध्ययनबाट मौजुदा अवस्थामा सुधारका लागि प्राथमिकता क्रमानुसार देहायका सिफारिसहरू गरिएको छः

### (क) राजनीतिक सहमति कायम र मौजुदा कानुनको संशोधन सम्बन्धमा

१) निर्वाचनका प्रमुख पात्र राजनीतिक दल र मतदाताहरू भएकाले कुनै पनि निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न सर्वप्रथम राजनीतिक दलहरूका बिचमा निर्वाचनका लागि प्रतिबद्धता र मतदान विधिबारे आम सहमति हुनका साथै मतदानका लागि अपनाइएको विधि र तरिका

सम्बन्धमा मतदाताहरूलाई सुसूचित गर्न आवश्यक हुन्छ । त्यसैले, बाह्य मतदानका सन्दर्भमा अपनाउन लागिएको मतदान विधि र तरिका सम्बन्धमा नेपाल सरकार र निर्वाचन आयोगको पहलमा न्यूनतम राजनीतिक सहमति तथा विधिगत प्रस्टता कायम गरेर मात्र बाह्य मतदानका लागि कानुनको संशोधन र अन्य व्यवस्थापकीय प्रबन्ध गर्न सिफारिस गरिन्छ ।

२) नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अधिकार र अवसर उपलब्ध गराउन सर्वप्रथम मौजुदा निर्वाचन कानुनका देहाय अनुसारको दफा तथा नियमहरूमा संशोधन गर्न सिफारिस गरिन्छ (कानुन संशोधनको विस्तृत प्रस्ताव यसै प्रतिवेदनको अनुसूची-१ मा समावेश गरिएको छ) ।

**तालिका ७: बाह्य मतदानका लागि संशोधन गर्नुपर्ने मौजुदा ऐन तथा नियमहरू**

| संशोधन गर्नुपर्ने ऐन तथा नियमहरू | संशोधन गर्नुपर्ने ऐनका दफाहरू तथा नियमावलीका नियमहरू |
|---|---|
| मतदाता नामावली ऐन, २०७३ | दफा ४, २३ र ३० |
| निर्वाचन आयोग ऐन, २०७३ | दफा ३ र १९ |
| प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ | दफा ८, ३४, ३७, ३८, ३९, ५१ र ६० |
| मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ | नियम १० |
| प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ | नियम २०, २१ र २८ |

यसका अतिरिक्त निर्वाचन कसुर तथा सजाय ऐनसहित व्यक्तिगत तथ्याङ्क (पर्सनल डेटा) सुरक्षा, साइबर सुरक्षा र साइबर अपराधसम्बन्धी विद्यमान कानुन, नियम तथा निर्देशिकामा गरिएको व्यवस्थाहरू बाह्य मतदानका सन्दर्भमा अपर्याप्त भएमा यस्तो मतदानसम्बन्धी कार्यको व्यवस्थाका लागि सम्बन्धित त्यस्ता कानुन, नियम, निर्देशिका र कार्यविधिहरूमा संशोधन तथा अद्यावधिक आवश्यक पर्न सक्दछ ।

**(ख) मतदाता नामावली सङ्कलन तथा व्यवस्थापन सम्बन्धमा**

१) मतदाता नामावलीलाई स्थायी मतदाता नामावली र अस्थायी मतदाता नामावलीको रूपमा दुई किसिममा बर्गीकरण गरी अस्थायी मतदातासूचीमा सूचीकृत मतदाताहरूलाई पनि मतदानको आवश्यक विधि र प्रक्रिया पूरा गरेर स्थायी मतदातासरह प्रत्यक्ष र समानुपातिक दुवै प्रकारका निर्वाचनमा विना कुनै विभेद र वर्गीकरण मतदान गर्ने समान अवसर प्रदान गर्नुपर्दछ। मतदातासूचीमा नामदर्ताका लागि मतदाता स्वयम् सक्रिय हुने प्रणालीलाई प्राथमिकता दिई अनलाइन र प्रत्यक्ष उपस्थित भएर दर्ता गर्ने परम्परागत विधि दुवैलाई अपनाउनका साथै राष्ट्रिय परिचयपत्रको अभिलेखलाई सिधै मतदाता नामावलीसँग आबद्ध गर्ने व्यवस्था गर्नुपर्छ ।

२) अस्थायी मतदाता नामावली सङ्कलनका सन्दर्भमा स्वदेशको हकमा स्थायी मतदाता नामावलीमा मतदाता सूचीकृत भइसकेपछि अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्ने प्रयोजनार्थ अस्थायी मतदातासूचीमा सूचीकृत (स्थानान्तर) हुन तथा विदेशको हकमा सोझै अस्थायी मतदाता नामावलीमा सूचीकृत हुन कम्तीमा एक महिनाको समयावधि उपलब्ध गराई अवसर प्रदान गर्नुपर्दछ । साथै, यस्तो दर्ता प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाउन आयोगको वेबसाइटमा आधारित अनलाइन प्रणालीलाई अवलम्बन गर्नु उपयुक्त हुन्छ । यस प्रक्रियामा सही मतदाताको पहिचान, प्रमाणीकरण र गोपनीयताको संरक्षणका लागि सेलफोन वा इमेल ओटीपी, अनुहारको अध्ययन (फेस रिडीङ), जन्ममिति, नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र नम्बर र सोही नम्बर प्रयोग भएको प्रमाणपत्र वा परिचयपत्रको स्क्यान कपी अपलोड गर्ने गरी चार तहको पहिचान प्रमाणीकरण विधिलाई अवलम्बन गर्नु वाञ्छनीय हुन्छ । यसका अतिरिक्त नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा (निर्वाचन क्षेत्रभन्दा बाहिर) रहेका नेपाली नागरिकहरूले हाल अस्थायी बसोबास रहेको जिल्लास्थित जिल्ला निर्वाचन कार्यालयमा भौतिक रूपमै उपस्थित भएर अस्थायी मतदाताको रूपमा नाम दर्ता गर्न सक्ने विकल्पलाई पनि खुला राख्नु पर्दछ ।

३) निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र विश्वसनीयता कायम गर्नका लागि अस्थायी मतदातासूची रूजु र प्रमाणीकरण भई आयोगबाट अन्तिम मतदातासूची सार्वजनिक भएपछि जुन निर्वाचनका लागि यस्तो मतदातासूची तयार भएको हो, सो निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुँदासम्म मात्र यस्तो सूचीलाई मान्यता प्रदान गरेर सक्रिय बनाई यस अवधिभर त्यस्ता मतदाताहरूको स्थायी मतदातासूचीलाई डिजिटल माध्यमबाट निष्क्रिय गरिनु पर्दछ । यसको अर्थ अस्थायी मतदातासूची तयार भएपछि उक्त मतदातासूचीमा सूचीकृत मतदाताहरूको नाम स्थायी मतदातासूचीबाट हटाउने भन्ने हो । यसरी काम गर्दा निर्वाचन परिणाम घोषणा भइसकेपछि भने अस्थायी मतदातासूची खारेज गरी निष्क्रिय गरिएको निजहरूको स्थायी मतदातासूचीलाई पुनः सक्रिय अवस्थामा लैजानु पर्दछ । यसबाट जहाँ नामदर्ता छ, त्यहीं मात्र मतदान हुने हुँदा एउटै व्यक्तिको नाममा दोहोरो मतदान हुन सक्ने खतराको निराकरण हुन्छ ।

४) विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदान गर्ने प्रयोजनार्थ मतादातासूचीमा समावेश गर्दा निजहरूको पहिचान प्रमाणीकरण गर्न मान्य अवधिसहितको राहदानीका अतिरिक्त पूर्ण विवरण र सम्पर्कसुत्रसहितको ठेगाना र उक्त स्थानमा बसेको प्रमाणित गर्ने कुनै एउटा प्रमाण (जस्तैः परिचयपत्र, भिसा, सामान खरिद तथा सेवा शुल्क भुक्तानीको बिल, बैंक खाता आदि) समावेश गर्ने व्यवस्था गर्नुपर्छ । यसरी सूचीकृत भएकाहरूलाई निर्वाचनमा सहभागी गराउँदा फोटोसहितको मतदाता नामावली तथा परिचयपत्र उपलब्ध गराउनका लागि राष्ट्रिय परिचयपत्र वा मान्य अवधिसहितको नेपाली राहदानीलाई नै मूल आधार बनाई प्रि-रजिस्ट्रेसन गराउनु पर्दछ । यसका अतिरिक्त, विदेशमा बस्ने नेपालीहरूको मतदाता नामावली सङ्कलन गर्दा आयोगको वेबसाइट, नागरिक एप वा यस्तै अन्य कुनै डिजिटल प्लेटफर्मको माध्यमबाट निजहरूको राहदानी वा राष्ट्रिय

परिचयपत्रको डेटाबेसलाई एकीकरण गरी बायोमेट्रिक प्रमाणीकरण गर्न सकिने सम्भावनाको पनि उपयोग गर्न सकिन्छ ।

**(ग) नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर (अन्तर्निर्वाचन क्षेत्रमा) बस्ने नागरिकहरू र निर्वाचन प्रक्रियामा सहभागी कर्मचारीहरूका लागि मतदानको व्यवस्था सम्बन्धमा**

१) नेपालमा निर्वाचन क्षेत्रभन्दा बाहिर बसोबास रही मतदानका लागि आफ्नो सम्बन्धित क्षेत्रमा जान नसक्ने अस्थायी मतदातासूचीमा सूचीकृत नेपाली नागरिकहरूलाई मतदानका लागि हरेक पालिकाहरूको मुकाममा कम्तीमा पनि एउटा विशिष्टीकृत मतदान केन्द्र (७५३) निर्धारण गरी मतदाताहरूको भौतिक उपस्थितिमै मतदान गराउने व्यवस्था गर्नु पर्दछ । सङ्घीय राजधानीसहित अस्थायी मतदाता सङ्ख्या धेरै हुनसक्ने मुलुकका ठुला सहरहरूमा थप केन्द्र, उपकेन्द्र तथा बुथहरूको व्यवस्था गर्न पनि सकिन्छ । यस्ता मतदान केन्द्रहरूमा अस्थायी मतदाताहरूका लागि समानुपातिक र प्रत्यक्ष दुवै प्रणालीको निर्वाचनमा मतदानको व्यवस्था गरी फरक-फरक दुईवटा मतपेटिकामा मतपत्र सुरक्षित गरेर प्रत्यक्षतर्फ निज मतदाताको स्थायी निर्वाचन क्षेत्रको उम्मेदवारलाई तथा समानुपातिकतर्फ निजले रोजेको राजनीतिक दललाई मतदान गर्ने अवसर उपलब्ध गराउनु पर्दछ । यसरी सम्पन्न भएको मतदानको मतगणना कार्य पनि मतदान सम्पन्न भएको सम्बन्धित जिल्लामा अलग्गै गणना गरेर त्यसको मतपरिणाम मात्र आयोग मार्फत सम्बन्धित जिल्लाको निर्वाचन क्षेत्रमा पठाउने नीतिगत व्यवस्था गर्नुपर्छ ।

यस प्रक्रियामा व्यवस्थापकीय समस्या बढ्ने र निर्वाचनको परिणाम घोषणामा केही बढी समय लाग्ने समस्या हुने भए तापनि मुलुकभित्रै तर अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अवसर उपलब्ध गराउन यो सबैभन्दा व्यावहारिक विकल्प (आई-भोटिङ बाहेकको) हो । व्यवस्थापकीय सहजताका लागि यस्तो मतदान केन्द्र हरेक निर्वाचन क्षेत्रमा एक/एकवटा (१६५) वा हरेक जिल्लामा एउटा (७७) राखेर पनि मतदान गराउन चाहिँ सकिन्छ । यद्यपि, निर्वाचनको दिन सार्वजनिक यातायात सञ्चालन नहुने अवस्थामा प्रस्तावित दोस्रो वा तेस्रो विकल्प अपनाउँदा यातायात असुविधाका कारण मतदाताहरू प्रभावित भई निर्वाचन सहभागिता न्यून हुने खतरा भने कायमै रहन्छ ।

२) निर्वाचन प्रक्रियामा सहभागी (खटिएका) सुरक्षाकर्मीहरू (निर्वाचन प्रहरीसमेत), निजामती कर्मचारी, शिक्षकसहितका सबै कर्मचारीहरूलाई आफू खटिएकै निर्वाचन केन्द्र/बुथबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको मतदान प्रक्रियामा सहभागी गराउने गत निर्वाचनको अभ्यासलाई परिष्कृत, सरल र सहज बनाउन ऐनमै (मतदाता नियमावली ऐन, २०७३ को दफा ३०) व्यवस्थित गरी मतदानका लागि तोकिएका कागजातहरूका अतिरिक्त निजहरूको पेसागत परिचयपत्रका आधारमा समेत मतदानमा सहभागी हुन पाउने लचिलो व्यवस्था गरेर त्यसलाई स्थायित्व प्रदान गर्नुपर्दछ । मतपत्रको व्यवस्थापनका दृष्टिले यस्ता कर्मचारीहरूलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा मतदानको अवसर प्रदान गर्न भने सम्भव नहुने देखिन्छ ।

## (घ) विदेशमा बस्ने नेपाली नागरिकहरूका लागि मतदानको व्यवस्था सम्बन्धमा

१) अन्तर्राष्ट्रिय अभ्यासहरू र तिनको सिकाइबाट निर्वाचनमा सूचना प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदान (IT assisted/supported postal voting) विधिलाई प्रयोग गरेर विदेशमा बसेका नेपाली नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्न सकिने देखिन्छ। यस सुझावलाई अध्ययनले पहिलो नीति विकल्पको रूपमा सिफारिस गरेको छ । यद्यपि, नेपालको तत्कालीन सन्दर्भमा यसका नीतिगत, व्यवस्थापकीय, आर्थिक, प्राविधिक तथा सुरक्षा संवेदनशील सीमितता, समस्या र चुनौतीहरू धेरै छन्। त्यसैले, समानुपातिक निर्वाचन प्रणालीमा अस्थायी मतदानको अभ्यासबाट यसलाई सुरु गरी त्यसबाट प्राप्त अनुभव तथा सिकाइ समेतका आधारमा यसमा सुधारका लागि नेपाली मौलिकतामा थप अध्ययन गरेर मात्र यस सिफारिसलाई पूर्ण स्वरूपमा (प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचनमा) लागु गर्नु वाञ्छनीय हुन्छ। किनकि, नेपालले अपनाएको निर्वाचन प्रणाली नै मिश्रित प्रणाली भएकाले एउटा विधिलाई कार्यान्वयन गरेर अर्कोलाई बन्देज गर्न नीतिगत रूपले मिल्दैन। यसका लागि अग्रिम मतदानको व्यवस्था गर्नुपर्ने भएकाले २०८२ साल फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको हकमा कम्तीमा पनि ३० दिनको समयावधि राखेर निर्वाचन हुने मिति (दिन) भन्दा कम्तीमा १५ दिनअघि हुलाकबाट सम्बन्धित मतदाताको ठेगानामा मतपत्र पठाउने व्यवस्था गर्नुपर्छ। साथै, उक्त मतपत्र निर्वाचन आयोगमा प्राप्त हुनका लागि निर्वाचनपछि थप १५ दिनको समयावधि प्रदान गर्नु उपयुक्त हुन्छ।

भविष्यमा हुने निर्वाचनका सन्दर्भमा भने निर्वाचन तालिकालाई व्यवस्थित गर्दा निर्वाचन हुने दिनभित्रै हुलाकबाट मतपत्र प्राप्त हुने गरी समय व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । यसरी हुने मतदानमा नेपालबाट मतपत्र पठाउँदा हवाईपत्र वा द्रुत डाँकको रूपमा मतपत्र र एउटा अतिरिक्त खाम पठाउने, हुलाक टिकट नचाहिने तथा मतपत्र आदानप्रदान गर्दा लाग्ने दोहोरो हुलाक खर्च नेपाल सरकारले ब्यहोर्ने नीतिगत व्यवस्था गर्नु पर्दछ। यो सबैभन्दा मितव्ययी र प्रभावकारी तरिका हो। यसको विकल्पमा मतपत्र पठाउँदा लाग्ने खर्च नेपाल सरकारले ब्यहोरेर मतपत्र फिर्ता गर्दा लाग्ने खर्चलाई अन्तर्राष्ट्रिय हुलाक संघ सँगको कूटनीतिक पहलमा सम्बन्धित देशको हुलाकले खर्च ब्यहोरी मतपत्र भएको पार्सल नेपाल पठाइदिने र त्यसबापतको खर्च नेपाल सरकारले अन्तर्राष्ट्रिय हुलाक संघ मार्फत पछि शोधभर्ना गर्ने व्यवस्था गर्न पनि सकिन्छ। तेस्रो विकल्पको रूपमा हुलाकबाट मतपत्र पठाउँदा लाग्ने खर्च नेपाल सरकारले ब्यहोरी विदेशबाट उक्त मतपत्र नेपाल (निर्वाचन आयोग) मा पठाउँदा लाग्ने खर्च प्रेषक (मतदाता) स्वयमले ब्यहोर्ने व्यवस्था गर्न पनि सकिन्छ तर हुलाक खर्च मतदाताले ब्यहोर्ने व्यवस्थामा खर्च र व्यवस्थापकीय प्रबन्धका कारण मतपत्र फिर्ता नआउने जोखिम बढी हुन्छ।

२) उपयुक्त कानुनी व्यवस्थाको अभावमा निर्वाचनमा मतदान गर्न वञ्चित भइरहेका निर्वाचन क्षेत्रभन्दा बाहिर (स्वदेश तथा विदेशमा) बस्ने लाखौं नेपाली नागरिकहरूको निर्वाचन सहभागिता सुनिश्चित गर्दै बढ्दो निर्वाचन खर्च र व्यवस्थापकीय जटिलतालाई न्यूनीकरण गर्न दीर्घकालमा

अनलाइन प्रणाली (आई-भोटिङ) नै सर्वसुलभ, मितव्ययी/किफायती, पहुँचयोग्य, चुस्त, पारदर्शी, सहभागितामूलक, सुरक्षित र प्रभावकारी हुने देखिन्छ। यद्यपि, यसका लागि तयारी गर्न आवश्यक समय, खर्च, मानव संसाधन, प्राविधिक क्षमता आदिका हिसाबले यस सिफारिसलाई २०८२ फागुन २१ गतेको निर्वाचनको सन्दर्भमा दोस्रो प्राथमिकतामा राखी सिफारिस गरिएको छ। यसका लागि प्रविधिका क्षेत्रमा विकास भइरहेका नवीनतम र सुरक्षित साधनहरू (जस्तैः ब्लकचेन टेक्नोलोजी र मल्टिपल फ्याक्टर बायोमेट्रिक प्रमाणीकरणसहितको एन्ड-टु-एन्ड भेरिफायबल मतदान, शून्य-ज्ञान प्रमाण, होमोमोर्फिक कूटलेखन र सार्वजनिक बुलेटिन बोर्ड आदि) को प्रयोगसहित आई-भोटिङको पद्धति सञ्चालन गरेका संसारका स्थापित र अनुभवी आइटी कम्पनीहरूमध्येबाट खुला प्रतिस्पर्धाका आधारमा उपयुक्त कम्पनी छनोट गरेर अनुभवी र स्थापित विदेशी कम्पनीको प्लेटफर्मलाई नेपालको आधिकारिक सर्भरबाट सञ्चालन गरी निर्वाचन कार्य व्यवस्थित गर्नु बढी प्रभावकारी हुने प्रारम्भिक अध्ययनबाट देखिन्छ।

ठुलो सङ्ख्याको डायस्पोरा भोटिङका लागि नेपालको डेटासेन्टरले मात्र थेग्न नसक्ने हुँदा अन्तर्राष्ट्रिय क्लाउड सर्भर र सुरक्षाका प्रबन्धहरूको सहयोग लिन आवश्यक हुन्छ। तत्कालका लागि अन्तर्राष्ट्रिय क्लाउड सर्भर वेसमा वा हाइब्रिड मोडमा सञ्चालन गर्न पनि सकिन्छ तर यसलाई प्राविधिक टोलीद्वारा वर्तमान क्षमता अध्ययन गरी आवश्यक पर्ने संरचनाको पूर्ण डिजाइनसहित कार्यान्वयनमा लैजानु पर्छ। छोटो समयमा व्यवस्थापनका यस्ता काममा समस्या/जटिलता पनि हुन सक्ने भएकाले यसको विकल्पमा नेपालले आफ्नै आई-भोटिङ प्रणाली निर्माण गरी क्रियाशील गराउन पनि सक्ने भएकाले विस्तृत कार्ययोजना निर्माण गरेर नेपालस्थित ठुला आइटी कम्पनीहरूमध्येबाट उपयुक्त र सक्षम कम्पनीलाई नेपालमै सर्भर रहने गरी उल्लिखित सबै सुरक्षा प्रबन्धसहितको आई-भोटिङ प्रणाली निर्माणको जिम्मा दिन पनि सकिन्छ। यस कार्यका लागि नेपाली कम्पनीहरू पूर्णतः सक्षम नभएको खण्डमा नेपालका कम्पनीले विदेशका कम्पनीसँग साझेदारी गरी संयुक्त उपक्रममा यस्तो प्लेटफर्म निर्माण गर्न सक्ने कानुनी तथा व्यवस्थापकीय प्रबन्ध गरिनु वाञ्छनीय हुन्छ। यसरी कार्य गर्दा हालको निर्वाचन समयको पावन्दीलाई मध्यनजर गरी मौजुदा सार्वजनिक खरिद कानुनमा आवश्यक संशोधन गरेर खरिद प्रक्रियालाई द्रुत भने गर्नुपर्ने हुन्छ।

साथै, सूचना प्रविधिको व्यवस्थापनमा निर्वाचन आयोगलाई सहयोग गर्न सूचना प्रविधि तथा सञ्चार मन्त्रालय, मन्त्रालय मातहतका अन्य निकायहरू र विश्वविद्यालयहरूसहितको एउटा आईटी कन्सोर्टियम नै बनाएर सहयोग गर्न पनि सकिन्छ। विदेशमा रहेका मतदाताका लागि आई-भोटिङ कार्यान्वयन गर्दा मान्य अवधिसहितको नेपाली राहदानीलाई मतदाता प्रमाणीकरणको मुख्य आधार बनाई मतदानका क्रममा आफू नेपाली नागरिक भएको स्वघोषणा गर्नुपर्ने अनिवार्य व्यवस्था गर्नुका साथै गैरमतदाताले मत हाल्न सक्ने जोखिमको सम्बोधन गर्न सकिन्छ; जुन पछि गलत सावित भएमा कानुनबमोजिम कारबाही हुने नीतिगत व्यवस्था गरेर कार्यान्वयन गर्नुपर्ने हुन्छ। यद्यपि, निर्वाचन आवधिक रूपमा मात्र हुने भएकाले नियमित कामको तुलनामा यस्तो

प्रणाली निर्माण खर्चिलो हुन पुग्ने तथा नेपालको डिजिटल साक्षरताको अवस्थाले यस्तो भोटिङको कार्यान्वयन अवस्था निर्धारण गर्ने हुँदा यसलाई अलग्गै नराखी नेपालको डिजिटल इकोसिस्टम नै यसलाई समावेश गरेर तयारीको योजना गर्नु उपयुक्त हुन्छ । यस व्यवस्थाले मतदाता नामावली सार्वजनिक हुँदा उनीहरूको अवस्था सम्बन्धित देशमा जानकारी हुने भएकाले द्वैध-नागरिकताको प्रबन्ध नभएका देशहरूमा बस्ने तर नेपाली नागरिकता नत्यागी विदेशी नागरिकता लिएकाहरूले आफू स्वयम् असुरक्षित हुने महसुस गरी गलत अभ्यास नगर्ने पनि देखिन्छ ।

३) निर्वाचन आयोग र परराष्ट्र मन्त्रालयको आपसी समन्वयमा विदेशस्थित केही नेपाली राजदूतावास र कूटनीतिक नियोगहरूमा मतदाता सङ्ख्याको आधारमा आवश्यकता अनुसार मतदान केन्द्र, उपकेन्द्र र बुथहरूको व्यवस्था गरी विदेशमा बस्ने नेपाली नागरिकहरू/मतदाताहरूको प्रत्यक्ष (भौतिक) उपस्थितिमा कूटनीतिक नियोगमा निर्वाचन गराएर त्यस्ता नेपालीहरूलाई मतदानको अवसर उपलब्ध गराउने व्यवस्था तत्कालै गर्न सकिने देखिन्छ । यद्यपि, निर्वाचनको व्यवस्थापकीय प्रबन्ध, निर्वाचन सुरक्षा र नेपाली कूटनीतिक नियोगहरूको कमजोर संस्थागत तथा मानव संसाधन क्षमताका हिसाबले यो सबैभन्दा न्यून प्राथमिकताको सिफारिस हो । विदेशमा बस्ने नेपाली नागरिकहरूको सङ्ख्या, उक्त देशको राजनीतिक तथा धार्मिक व्यवस्था (स्वतन्त्रता), भौगोलिक आकार, दूतावासको क्षमता आदिका कारण यस विधिमा सबै मतदातालाई समेट्न नसकिने हुँदा यो विभेदकारी र कम प्रभावकारी विधिको रूपमा रहन्छ । मतदानमा यस विधिलाई अपनाउने हो भने सर्वप्रथम विदेशमा बस्ने नेपाली नागरिकहरूलाई मतदातासूचीमा दर्ता र सोको प्रमाणीकरण गर्न कम्तीमा एक महिनाको समयावधि उपलब्ध गराई आयोगको वेबसाइटमा आधारित अनलाइन प्रणाली मार्फत सूचीकरण प्रक्रियालाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । साथै, त्यसपछि यसका लागि सम्भावित मुलुकहरू पहिचान गरेर कूटनीतिक समन्वय, आपसी समझदारी, सुरक्षा व्यवस्था र अन्य आर्थिक तथा व्यवस्थापकीय प्रबन्ध र मानव संसाधन व्यवस्थापन गरेर कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

४) हालसम्मको सफल अन्तर्राष्ट्रिय अभ्यास, अनुभव र सिकाइबाट विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउन नेपाल सरकारको निर्णयानुसार माथि उल्लेख गरिएका कुनै निश्चित तथा आवश्यकतानुसार सबै (हाइब्रिड) विधिको प्रयोग गर्न सकिने देखिन्छ । यद्यपि, हाल नेपालमा एकदिवसीय मतदानको अभ्यास मात्र प्रचलित रहेकाले यसका लागि मौजुदा कानुनी प्रावधानलाई संशोधन गरेर बाह्य मतदानलाई वहुदिवसीय बनाई सञ्चालन तथा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गर्नु पर्दछ ।

### (ङ) संस्थागत संरचना, हुलाक सेवाको क्षमता विकास र सञ्जालीकरण सम्बन्धमा

१) विदेशमा बस्ने नेपाली नागरिकहरूलाई निर्वाचनमा मतदानको अवसर उपलब्ध गराउन माथि प्रस्तावित जुनसुकै विधि/तरिकाको प्रयोग गरिए पनि नेपालको डायास्पोरा ठुलो तथा धेरै देशहरूमा विस्तारित भएको र यो कार्य नेपालको हकमा नवीन अभ्यास भएकाले कार्यान्वयनका क्रममा

धेरै समस्याहरू पक्कै पनि आउँछन् । त्यसैले, यस्ता समस्याहरूसँग जुधेर यस कार्यमा सफलता हासिल गर्नका लागि निर्वाचन आयोगको हालको संस्थागत क्षमता पर्याप्त हुने देखिँदैन । यस अवस्थाको सम्बोधनका लागि उपयुक्त सङ्ख्यामा निर्वाचन र आईटीका विज्ञहरूसमेत रहेको समर्पित प्रकृतिको एउटा "बाह्य मतदान महाशाखा" नै स्थापना गरी क्रियाशील गर्नु पर्दछ । साथै, माथि प्रस्ताव गरिएका कानुनको संशोधनबाट मात्र बाह्य मतदानको नीतिगत व्यवस्थापन पूर्ण नहुने भएकाले निर्वाचन आयोगले आवश्यक निर्देशिका तथा कार्यविधिहरू निर्माण गरी बाह्य मतदानलाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । यसका लागि फरक खालको निर्वाचन आचारसंहिता पनि आवश्यक पर्दछ भने प्रस्तावित बाह्य मतदान महाशाखाबाट सम्पादित हुने कामलाई आवश्यक मार्गदर्शन गर्न विज्ञहरूसहितको उच्चस्तरीय बाह्य मतदान निर्देशक समिति र बाह्य मतदान अनुगमन तथा परीक्षण समितिको व्यवस्था गरी कार्यान्वयन गर्नु पर्दछ ।

२) सूचना प्रविधिको सहयोगमा हुलाकबाट गरिने मतदानमा अनलाइन पद्धतिबाट मतदातासूचीमा मतदाता दर्ता हुने, मतदाताको ठेगानामा मतदान सामग्रीको पूर्ण पार्सल हुलाक मार्फत पठाउने र मतदानको प्रक्रियालाई रेकर्ड हुने गरी तयार गरिएको अनलाइन एप्लिकेसनबाट मतदाताले मतपत्रमा तोकिएबमोजिम छाप (चिन्ह) लगाई हुलाकबाटै मतपत्र फिर्ता हुने गर्दछ (नेपालका लागि प्रस्तावित विस्तृत निर्वाचन प्रक्रिया अनुसूची २ मा संलग्न छ) ।

३) बाह्य मतदानका लागि हुलाक मार्फत मतदाताहरूलाई पूर्व-मुद्रित कागजी मतपत्रहरू पठाउनु एउटा सहज छनोट भए तापनि नेपालको सन्दर्भमा हाल द्रुत डाँकसेवा (एक्सप्रेस मेल सर्भिस) २७ देशहरूमा र पुलिन्दा सेवा (पार्सल सर्भिस) थप १० देशहरूमा गरी कुल ३७ देशहरूमा मात्र नेपाल हुलाकको चुस्त सेवा उपलब्ध रहेकाले मुलुकबाहिरको भोटलाई हुलाक सेवा मार्फत आदान-प्रदान गर्नका लागि त्यति सहज देखिँदैन । त्यसैले, हुलाक सेवाको क्षमता विकास र सञ्जालीकरण मार्फत यस समस्याको समाधानका लागि सर्वप्रथम विश्वका अधिकांश गन्तव्यहरूमा नेपाल हुलाकको सेवा विस्तार गर्न टर्किस एयरलाइन्स (१३१ देशका ३५२ गन्तब्य), एयर अरेबिया (५० देशका २०६ गन्तब्य), कतार एयरलाइन्स (९० देशका १७० गन्तब्य) र फ्लाई दुबई (५८ देशका १३६ गन्तब्य) जस्ता व्यापक हवाई पहुँच र सञ्जाल भएका एयरलाइन्सहरूसँग तत्काल सम्झौता गरी सेवा विस्तार गर्नुपर्ने हुन्छ । नेपाल हुलाकको सेवा नपुगेका केही देशहरूमा निजी विमान सेवासँग सिधै सम्झौता गरेर वा निजी कुरियर कम्पनी मार्फत पनि यसलाई कार्यान्वयन गर्न सकिन्छ । नेपाल सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणबिचको समन्वयबाट सम्पादन हुने यस कामका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विशेष पहल गर्नुपर्छ । यसका अतिरिक्त मतपत्र आदानप्रदानका लागि गोश्वारा हुलाक कार्यालय, हुलाक सेवा विभाग र निर्वाचन आयोगबिच पनि त्रिपक्षीय सम्झौता हुन आवश्यक हुन्छ । साथै, कूटनीतिक पहलबाट विश्व हुलाक संघ (Universal Postal Union-UPU) सँग समन्वय गर्न सक्दा संघले सदस्य राष्ट्रहरूसँग अनुरोध गरिदिएको अवस्थामा मतपत्र आदान-प्रदानमा लाग्ने समयलाई छोटो बनाउन पनि सकिन्छ । यसका अतिरिक्त कामलाई छिटो-छरितो र प्रभावकारी बनाउन नेपाल सरकारले

विदेशस्थित नेपाली कूटनीतिक नियोग, मतदाता बसेको सम्बन्धित मुलुकको सरकार, मतदाताले काम गर्ने सम्बन्धित कम्पनी, गैरआवासीय नेपाली संघ, सम्बन्धित देशको हुलाक सेवा, विश्व हुलाक संघ, एसिया-प्यासिफिक हुलाक संघ आदिसँग आपसी समन्वय, पहल र अनुरोध गर्नु पर्दछ ।

**(च) अन्य व्यवस्थाहरू सम्बन्धमा**

१) नेपालमा माथि प्रस्तावित कुनै वा सबै किसिमका बाह्य मतदान विधिको कार्यान्वयनका लागि न्यूनतम पनि देहायबमोजिमका पक्षहरूलाई समेटेर विस्तृत प्रकारको बाह्य मतदान कार्यान्वयन कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

(अ) बाह्य मतदाताहरूको पहिचान, सूचीकरण र बसाइको निर्धारण,

(आ) मतदान केन्द्रहरूको स्थापना वा मतदान क्षेत्र निर्धारण ,

(इ) चुनावी सामग्रीहरूसहित मतदातालाई मतदानसम्बन्धी जानकारी दिने मतदाता शिक्षाका सामग्रीहरूको तयारी र प्रचारप्रसार,

(ई) बाह्य मतदानमा सहभागी हुने कर्मचारीको व्यवस्थापन,

(उ) बाह्य मतदानका लागि मिति (समयावधि) र मतदान समय निर्धारण (पूर्व मतदान तयारी समेत),

(ऊ) मातृदेश र प्रवास देशविचको कूटनीतिक तथा निर्वाचन सहकार्य साझेदारी सम्झौता,

(ए) निर्वाचन कार्यान्वयनसम्बन्धी संस्थाहरू र तिनीहरूसँगको सहकार्य,

(ऐ) आर्थिक, भौतिक, प्राविधिक, मानव संसाधन, अन्य स्रोतसाधनको व्यवस्थापन कार्ययोजना ।

२) सम्वत् २०८२ फागुन २१ गतेका लागि निर्धारित निर्वाचनमा अन्तर्निर्वाचन क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि मतदानको व्यवस्था गर्न विविध कारणले नसकिने अवस्था सिर्जना भएमा निर्वाचन हुने दिनसहित त्यसको अघि र पछि गरेर कम्तीमा पनि तीन दिन सार्वजनिक बिदा दिँदा सोको उपयोग गरी सरकारी तथा सार्वजनिक निकायमा काम गर्ने कर्मचारीहरू र गैरसरकारी तथा निजी क्षेत्रमा काम गर्ने सबैखाले कामदारहरूसहित आम नागरिकहरू आफ्नो नाम दर्ता रहेकै निर्वाचन क्षेत्रमा निर्धारित मतदान केन्द्र/बुथमा पुगी मतदान प्रक्रियामा सहभागी हुन सक्ने/पाउने अवस्था बन्ने देखिएकाले मन्त्रिपरिषद्को निर्णय मार्फत आवश्यक नीतिगत प्रबन्ध गरी निर्वाचन प्रयोजनार्थ कम्तीमा तीन दिन सार्वजनिक बिदा दिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

## ६.३.१ सम्वत् २०८२ फागुन २१ गतेका लागि निर्धारित आम निर्वाचनको सन्दर्भमा अध्ययनका सिफारिसहरूको कार्यान्वयनका लागि प्रस्तावित कार्ययोजना

यस अध्ययनबाट तत्कालका लागि नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा बस्ने नागरिकहरूलाई पालिकस्तरीय विशिष्टीकृत मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित भएर मतदान गर्ने व्यवस्था गर्न तथा विदेशमा रहेका

नेपाली नागरिकहरूलाई अनलाइन प्रणालीबाट अस्थायी मतदाता नामावलीमा नामदर्ता गराउन र सूचना प्रविधिको सहयोगमा हुलाकबाट मतपत्र पठाई मतदान गर्न सक्ने विधिको प्रयोगबाट मतदान अधिकार र अवसरलाई सुनिश्चित गर्न सकिने देखिन्छ । त्यसैले, यस प्रतिवेदनले उजागर गरेका तथा समेटेका अन्य विधिहरूका बारेमा कार्यान्वयन योजना बनाई आवश्यक अभ्यास/परीक्षण समेत गरेर भविष्यमा कार्यान्वयन गर्न तयारीका कार्यहरू निरन्तर जारी राख्न आवश्यक हुन्छ । व्यावहारिक सहजता, समान पहुँच, दीर्घकालीन आर्थिक मितव्ययिता, बाह्य तथा आन्तरिक मतदान दुवैका लागि उपयुक्तताका साथै निर्वाचनमा नवीनतम प्रविधिको प्रयोगको सन्दर्भमा आगामी दिनका लागि आई-भोटिङको व्यवस्थालाई यस प्रतिवेदनमा प्राथमिकीकरण गरिएको छ । यसका लागि आवश्यक तयारी गर्दै कम्तीमा पनि यस विधिको विभिन्न नमुनाहरूमा परीक्षण गर्नु हाललाई उपयुक्त हुनेछ भने यसको सिकाइबाट आगामी निर्वाचनमा विस्तारित रूपमा यसको प्रयोग गर्न सकिने देखिन्छ । नेपालमा अन्तर्निर्वाचन क्षेत्रका मतदाताहरूका सन्दर्भमा भने उनीहरू बसेकै निर्वाचन क्षेत्रभित्र तोकिएको मतदान केन्द्रमा प्रत्यक्ष उपस्थित भई मतदान गर्ने अवसर उपलब्ध गराउने पहिलो प्राथमिकता र दोस्रोमा यदि आई-भोटिङको प्रणाली विकास गरिने अवस्थामा केही चुनिएका स्थानमा यसको परीक्षण गरी प्रयोग गरिनुपर्छ । त्यसैले, विभिन्न विधिहरू (बहुविधि) को प्रयोग गरेर यस्ता नागरिकहरूका लागि नेपालको मतदान विधि सुनिश्चित गर्नुपर्ने भएकाले कानुनी रूपमा नै एकल वा मिश्रित विधिमा मतदान गर्न दिने व्यवस्था यसै पटकदेखि गर्नु उपयुक्त हुन्छ । यस परिप्रेक्ष्यमा आगामी निर्वाचनका लागि हाल मोटामोटी एक सय दिनको समय मात्र बाँकी रहेको हालको अवस्थामा देहायको कार्ययोजनालाई सम्पूर्ण सरोकारवाला निकायहरूबिच उच्च स्तरको समन्वय र समर्पण भावसहित प्रयत्न गरी सञ्चालन/कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ ।

**तालिका ८: अध्ययनका सिफारिसहरूको कार्यान्वयनका लागि प्रस्तावित तात्कालिक कार्ययोजना**

| क्र.स. | गर्नुपर्ने काम | मुख्य जिम्मेवार निकाय | सहायक निकायहरू | लाग्ने समय (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यादेश मार्फत मौजुदा निर्वाचन कानुनहरूको संशोधन | नेपाल सरकार | निर्वाचन आयोग, गृह मन्त्रालय, कानुन मन्त्रालय, प्रधानमन्त्री कार्यालय र राष्ट्रपति कार्यालय | एक हप्ता | |
| २ | मतदाता नामावलीको वर्गीकरण (स्थायी र अस्थायी मतदाता नामावली) | | | | अध्यादेश मार्फत |

| क्र. स. | गर्नुपर्ने काम | मुख्य जिम्मेवार निकाय | सहायक निकायहरू | लाग्ने समय (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|
| ३ | अस्थायी मतदातासूचीमा सूचीकृत हुन सम्बन्धित मतदाताहरूलाई आह्वान | निर्वाचन आयोग | नेपाल सरकार र जिल्ला निर्वाचन कार्यालयहरू | एक महिना | |
| ४ | अस्थायी मतदातासूची सार्वजनिक, स्थायी मतदातासूची निष्क्रिय | निर्वाचन आयोग | | दुई हप्ता | |
| ५ | निर्वाचन विदाको नीतिगत प्रबन्ध | नेपाल सरकार, मन्त्रिपरिषद् | प्रधानमन्त्री कार्यालय | एक दिन | |
| ६ | निर्वाचनमा खटिएका कर्मचारीहरूका लागि लचिलो मतदान व्यवस्था | नेपाल सरकार, निर्वाचन आयोग | गृह मन्त्रालय | सात दिन | अध्यादेश मार्फत |
| ७ | अस्थायी मतदाताका लागि विशिष्टीकृत मतदान केन्द्रको स्थापना, मतदान, मतगणना र मतपरिणाम व्यवस्थापन | निर्वाचन आयोग | राजनीतिक दलहरू | पन्ध्र दिन | |
| ८ | ब्लकचेन टेक्नोलोजीको प्रयोगसहित आई-भोटिङ पद्धतिको निर्माण/खरिद, परीक्षण, परिमार्जन र सञ्चालन | निर्वाचन आयोग | प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, सञ्चार मन्त्रालय, आईटी कन्सोर्टियम | तीन महिना | |

| क्र.स. | गर्नुपर्ने काम | मुख्य जिम्मेवार निकाय | सहायक निकायहरू | लाग्ने समय (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|
| ९ | प्रविधिको सहयोगमा गरिने हुलाकी मतदान (IT assisted/ supported postal voting) को तयारी तथा कार्यान्वयन | निर्वाचन आयोग, गोश्वारा हुलाक, हुलाक सेवा विभाग | प्रधानमन्त्री कार्यालय, पर्यटन मन्त्रालय, सञ्चार मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण, आईटी कन्सोर्टियम | दुई महिना | |
| १० | हवाई सञ्जाल विस्तारका लागि एयरलाइन्सहरूसँग सम्झौता तथा हुलाकबाट मतदान कार्यान्वयनका लागि गोश्वारा हुलाक कार्यालय, हुलाक सेवा विभाग र निर्वाचन आयोगबिच सम्झौता | नागरिक उड्डयन प्राधिकरण, सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार, विदेशस्थित नेपाली कूटनीतिक नियोग, मतदाता बसेको सम्बन्धित मुलुकको सरकार, मतदाताले काम गर्ने कम्पनी, गैर-आवासीय नेपाली संघ, विश्व हुलाक संघ, एसिया-प्यासिफिक हुलाक संघ | पन्ध्र दिन | |

| क्र. स. | गर्नुपर्ने काम | मुख्य जिम्मेवार निकाय | सहायक निकायहरू | लाग्ने समय (अनुमानित) | कैफियत |
|---|---|---|---|---|---|
| ११ | बाह्य मतदान कार्यान्वयन कार्ययोजनाको तयारी र कार्यान्वयन | निर्वाचन आयोग | नेपाल सरकार, परराष्ट्र मन्त्रालय | पन्ध्र दिन | |
